# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष १ अङ्क ३५ | २०७३ फागुन २३ गते सोमबार | Monday, March 6, 2017 | पृष्ठ ८ | मूल्य रु. १०।-


## देशैभर मनायो क्रान्तिकारी माओवादीले सहिद सप्ताह

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)ले जारी सांगठानिक अभियानन्तर्गत देशैभर विभिन्न कार्यक्रम गरी महान जनयुद्धका सहिदहरूको सम्झनामा फागुन १४ देखि २१ सम्म सहिद सप्ताह मनाएको छ । पार्टीको केन्द्रीय स्कूलिङ विभागले मिथिला राज्यस्तरीय प्रशिक्षण कार्यक्रमको आयोजना गऱ्यो भने सहिद सप्ताहको अन्तिम दिन पारेर पार्टी, नेवाः मोर्चा र क्रान्तिकारी पत्रकार महासंघको संयुक्त आयोजनामा हालै दिवंगत पत्रकार सानुकाजी महर्जनको सम्झनामा श्रद्धाञ्जली कार्यक्रम गरियो । थारुवानबाट प्राप्त जानकारी अनुसार बाँके जिल्लामा एक कार्यक्रम गरी सहिदहरूको सम्झना गरिएको ... बाँकी ७ पेजमा

# जनयुद्धकालीन मुद्दा फिर्ता लिन दबाब बढाउँदै अदालत पीडित



◆ वर्गदृष्टि संवाददाता

काठमाडौं । दशवर्षे जनयुद्धका क्रममा भएका घटनाहरूलाई सत्य निरूपण तथा मेलमिलाप आयोगमार्फत् नै समाधान गरिनुपर्ने भन्दै अदालत पीडित संघले दबाब दिएको छ । जनयुद्धकालीन मुद्दालाई पुरानै कानुन अनुसार कारबाही अघि बढाएर माओवादीका नेता कार्यकर्तालाई पक्राउ गर्ने, जेल हाल्नेलगायतका गतिविधि बढेपछि अदालत पीडित संघले जनयुद्धका पहलकर्ता समेत रहेका प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड', नेकपा (क्रान्तिकारी माओवादी)का अध्यक्ष मोहन वैद्य 'किरण' र डा.बाबुराम भट्टराईलाई प्रधानमन्त्री निवास बालुवाटारमा संयुक्त रूपमा भेटेर जनयुद्धकालीन मुद्दालाई सत्य निरूपण तथा मेलमिलाप आयोगमार्फत नै समाधान गर्न दबाब दिएका छन् भने नेत्रविक्रम चन्द'विप्लव'लाई पनि छुट्टै भेटेर एउटै व्यहोराको ध्यानाकर्षण पत्र बुझाएका छन् ।

जनयुद्धकालीन मुद्दामा अदालतले दोषी ठहर गरी पक्राउ आदेश जारी गरेपछि पीडितहरूले संगठित रूपमा दबाब दिंदै आएका छन् । पछिल्लो पटक उनीहरूले अदालत पीडित संघको तर्फबाट प्रधानमन्त्री निवास बालुवाटारमा जनयुद्धका क्रममा भएका घटनाहरूका विषयमा कुनै नेता पनि दह्रो रूपमा उभिन नसक्दा आफूहरूलाई जनयुद्धकालीन मुद्दामा दोषी करार गरिएको भन्दै बालुवाटारमा नै पुगेर ध्यानाकर्षण गराएका हुन् ।

बालुवाटारमा भएको भेटवार्ताका क्रममा प्रधानमन्त्री प्रचण्डले आफूले जनयुद्धकालीन मुद्दाहरूलाई फिर्ता लिन पहल गर्ने आश्वासन दिएका छन् । जनयुद्धकालीन मुद्दालाई समाधान गर्नका लागि बनेका दुईवटा विधेयक एउटा शान्ति मन्त्रालयमा र एउटा गृहमन्त्रालयमा पुगेर रोकिएका छन् । गृहमन्त्रालयमा राष्ट्रपतिले आम माफी दिनेसम्बन्धी विधेयक र शान्ति मन्त्रालयमा मुद्दा फिर्ता लिनेसम्बन्धी विधेयक रोकिएका छन् ।

प्रधानमन्त्री प्रचण्डले यी दुवै विधेयकहरूलाई अघि बढाउन दलहरूबीच सहमति जुटिसकेको दाबी गर्दै छिट्टै अघि बढाइने जानकारी दिएका छन् । यसअघि सहमति जुट्न नसक्दा मुद्दाहरू फिर्ता लिन नसकिएको दाबी गर्दै उनले अब यसलाई व्यवस्थित गरेर ... बाँकी ८ पेजमा

## दिवंगत पत्रकार सानुकाजीको श्रद्धाञ्जलीसभा सम्पन्न

काठमाडौ. । झिगु स्वनिगः प्रतिष्ठानका सदस्य तथा क्रान्तिकारी पत्रकार महासंघका केन्द्रीय सदस्य दिवंगत पत्रकार सानुकाजी महर्जनको शनिबार विहान काठमाडौंको सोह्रखुट्टेस्थित कुमारी क्लवमा श्रद्धाञ्जली सभा कार्यक्रमको आयोजना गरियो । श्रद्धाञ्जली सभामा दिवंगत पत्रकार महर्जनको फोटोमा नेकपा (क्रान्तिकारी माओवादी)का अध्यक्ष मोहन वैद्य' किरण'ले माल्यार्पण गर्दै श्रद्धाञ्जली मन्तव्य दिनुभयो र भन्नुभयो, "सानुकाजी महर्जनजस्ता होनाहार जो यो मुलुकमा जनताको शासन व्यवस्था स्थापित गराउन चाहन्थे, लाई हामीले अल्पायुमै गुमाउन पुग्यौं । नेपालमा नयाँ जनवादी क्रान्तिको अभियानमा हजारौं युवाहरूले बलिदान गरेका छन् । राष्ट्र र जनताको मुक्तिका निम्ति बाँच्ने र मर्ने मान्छेहरू महान् हुन्छन् । हामी बाँचेकाहरूले ती महान मान्छेहरूबाट पाठ सिकेर अगाडि बढ्न जरुरी छ ।' श्रद्धाञ्जलीसभामा बुद्धिजीवि डा.राममान श्रेष्ठ र क्रान्तिकारी पत्रकार महासंघका अध्यक्ष इन्द्र राउतले श्रद्धाञ्जली मन्तव्य राखेका थिए ।

झिगु स्वनिग दैनिकका सम्पादक अमीररत्न ताम्राकारले संचालन गरेको कार्यक्रमको अध्यक्षता पत्रकार गोपालदास श्रेष्ठले गरेका थिए । श्रद्धाञ्जली कार्यक्रममा नेकपा (क्रान्तिकारी माओवादी)का सचिवालय सदस्य तथा नेवा राज्य संयोजक दिनेश शर्मा'सागर', सचिवालय सदस्य तथा अखिल नेपाल आदिवासी जनजाति महासंघका अध्यक्ष कमल चौधरी, पार्टीका सचिवालय सदस्य तथा नेवाः राष्ट्रिय मुक्ति मोर्चाका अध्यक्ष पवनमान श्रेष्ठलगायत दिवंगत पत्रकार महर्जनका दाजुलगायत परिवारका सदस्यहरू र पार्टी, मोर्चा र जबसका नेता/कार्यकर्ताहरूको उल्लेख्य उपस्थिति रहेको थियो ।

## 'भारतले कसैलाई चुनाव गराउ, कसैलाई बहिस्कार गर भनिरहेको छ'

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)का अध्यक्ष मोहन वैद्य'किरण'ले अखिल नेपाल जनसाँस्कृतिक महासंघको राष्ट्रिय भेलालाई सम्बोधन गर्दै भारतले नेपालका राजनीतिक पार्टीहरू कसैलाई चुनाव गराउ र कसैलाई चुनाव बहिस्कार गर भनेर द्वैध नीति लिइरहेको दावी गरेका छन् । महासंघको शुक्रबार घट्टेकुलोस्थितइच्छुक साँस्कृतिक प्रतिष्ठानको सभाहलमा राष्ट्रिय भेलाको उद्घाटन गर्दै अध्यक्ष किरणले यस्तो दावी गरेका हुन् ।



अहिलेको राज्यसत्तामा नोकरशाही दलाल पुँजीवादको प्रभुत्व रहेको चर्चा गर्दै अध्यक्ष किरणले प्रतिक्रियावाद र संशोधनवाद/अवसरवादका विरुद्ध निर्ममतापूर्वक संघर्ष गर्नुपर्ने आवश्यकता औल्याए । कैयौं साथीहरू इमान्दार हुँदा हुँदै पनि भ्रममा परिरहेको उल्लेख गर्दै उनले ती साथीहरूलाई क्रान्तिकारी माओवादी आन्दोलनमा ल्याउन प्रतिक्रियावाद र संशोधनवाद/अवसरवादको व्यापक रूपमा भण्डाफोर गर्नुपर्ने विषयमा जोड दिए ।

कतिपय अवस्थमा प्रतिक्रियावाद र संशोधनवाद सँगसँगै जोडिएर आउने गरेको प्रशंग उल्लेख गर्दै अध्यक्ष किरणले प्रतिक्रियावादी र संशोधनवादीहरूले फिंजाएको भ्रमलाई चिरेर नयाँ जनवादी क्रान्ति सम्पन्न गर्ने दिशामा अघि बढ्नु पर्ने विषयमा जोड दिए ।

देशैभरिबाट महासंघका प्रतिनिधिहरूको उपस्थिति रहेको उक्त भेलाको अध्यक्षता ईश्वरचन्द्र ज्ञावालीले गरेका थिए भने कार्यक्रमको संचालन हिरामणि दुःखीले गरेका थिए । नेकपा (क्रान्तिकारी माओवादी)का सचिवालय सदस्य तथा पार्टीको नेवाः राज्य संयोजकदिनेश शर्मा'सागर', क्रान्तिकारी माओवादीका सचिवालय सदस्य तथा अखिल नेपाल जनजाति महासंघका केन्द्रीय अध्यक्ष कमल चौधरी, क्रान्तिकारी पत्रकार महासंघका अध्यक्ष इन्द्र राउत लगायतले शुभकामना मन्तव्य दिएको भेलालाई प्रा.डा. जगदिशचन्द्र भण्डारीले स्वागत गरेका थिए ।

## तमु मोर्चाको अध्यक्षमा कृष्ण गुरुङ

पोखरा । अखिल नेपाल तुम राष्ट्रिय मुक्ति मोर्चाको दोस्रो राष्ट्रिय भेलाले मोर्चाको अध्यक्षमा कृष्ण गुरुङ' आस्मान'लाई चयन गरेको छ । भेलाले उपाध्यक्षमा क्रमशः छवि घले, महान गुरुङलाई चयन गरेको छ भने सचिवमा पूर्ण गुरुङलाई छानेको छ । त्यसैगरी कोषाध्यक्षमा पार्वती गुरुङ चुनिएकी छन् भने सदस्यहरूमा टेकबहादुर गुरुङ, लिलबहादुर गुरुङलगायत ११ सदस्य रहेको केन्द्रीय समिति निर्माण गरेको छ ।

भेलामा नेकपा (क्रान्तिकारी माओवादी)का केन्द्रीय सचिवालय सदस्य श्रीनाथ अधिकारी'श्याम', सचिवालय सदस्य तथा अखिल नेपाल आदिवासी जनजाति महासंघका केन्द्रीय महासचिव नगेन्द राई, केन्द्रीय सदस्यद्वय रामजी थापा, नारायण अधिकारीलगायत नेताहरूको उपस्थिति रहेको थियो ।

मोर्चाको ... बाँकी ७ पेजमा

### जनसाँस्कृतिक महासंघको राष्ट्रिय भेला सम्पन्न

## अध्यक्षमा इश्वरचन्द्र ज्ञावाली, महासचिवमा हिरामणि दुःखी

काठमाडौं । शुक्रबारबाट सुरु भएको नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल नेपाल जनसाँस्कृतिक महासंघको राष्ट्रिय भेला सम्पन्न भएको छ । भेलाले इश्वरचन्द्र ज्ञावालीको अध्यक्षतामा ५१ सदस्यीयनयाँ कार्यसमिति चयन गरेको छ । शुक्रबारै बेलुका सम्पन्न भेलाले महासंघको उपाध्यक्षमा प्रा.डा. जगदिशचन्द्र भण्डारी र रोशन जनकपुरीलाई चयन गरेको छ भने महासचिवमा हिरामणि दुःखी छानिएका छन् । महासंघको सचिवमा क्रमशः मित्रलाल पंगेनी, मोदनाथ मरहट्टा, गौरी दाहाल चुनिएका छन् भने कोषाध्यक्षमा मनोहर लामिछाने छानिएका छन् ।

महासंघको केन्द्रीय सदस्यहरूमा क्रमशः प्रा.डा. ताराकान्त पाण्डे (काठमाडौं) प्रा.डा. नन्दीश अधिकारी (काठमाडौं), स्माली (काठमाडौं), राजबहादुर कुँवर (जुम्ला), आदर्श राई (ओखलढुंगा), असल पाख्रिन (काभ्रे), विजयराज आचार्य (ललितपुर), गोपाल वैद्य (बाँके), परशुराम कोइराला (स्याङ्जा), सुशिला थापा (कास्की), अनिल श्रेष्ठ (तनहुँ), खगेश्वर भण्डारी (दाङ), चित्रबहादुर थारु (कैलाली), रविकिरण निर्जीव (चितवन), इश्वरी ओझा (चितवन), प्रतिक लामा (काभ्रे), चन्द्रा थानी (सुर्खेत), उत्तरकुमार राई (खोटाङ), दुर्गा काफ्ले (कालिकोट), पेमा लामा (सुनसरी), पूर्णबहादुर अधिकारी (चितवन), अनिश योञ्जन (काभ्रे), जय दाहाल (काठमाडौं), रामचन्द्र हुमागाईं (काठमाडौं), श्रीकृष्ण सुलु (भक्तपुर), विवि राई (इलाम), अर्जुन ढकाल (तनहुँ), आशिस सुनुवार(काठमाडौं), विमला चन्द(कंचनपुर), विष्णु न्यौपाने(काठमाडौं), शुशिल राई (ओखलढुंगा), बसन्त उप्रती(काठमाडौं), चेतन गोतामे(स्याङ्जा)लगायत चुनिएका छन् । भेला लगत्तै बसेको नयाँ कार्यसमितिको बैठकले मित्रलाल पंगेनीको नेतृत्वमा ३१ सदस्यीय अखिल नेपाल लेखक संघ गठन गरेको छ भने असल पाख्रिनको नेतृत्वमा २५ सदस्य रहेको अखिल नेपाल जनकलाकार संघ निर्माण गरेको छ । त्यसैगरी बैठकले खगेश्वर भण्डारीको नेतृत्वमा अखिल नेपाल ललित कला संघ र असल पाख्रिनको नेतृत्वमा सामना साँस्कृतिक परिवारको पुनर्गठन गरेको छ ।

## स्थानीय तहको संख्या बढेको बढ्यै

◆ वर्गदृष्टि संवाददाता

काठमाडौं । स्थानीय निकायको निर्वाचनको मिति घोषणा गरिसकेको सरकारले स्थानीय निकायको संख्या भने वृद्धि गरेको छ । स्थानीय निकाय पुर्नसंरचना आयोगले दिएको प्रतिवेदनमा उल्लेख भएभन्दा २५ स्थानीय तह थप गरेर ७ सय ४४ स्थानीय निकाय बनाउने तयारी गरेको छ ।

स्थानीय तह निर्वाचनको मिति घोषणा गरेर स्थानीय तहको संख्यामा थपघट गर्न थालेका कारण सीमांकन, नामांकनलगायतका विषयमा अन्यौलता छाएको छ । स्थानीय विकासमन्त्री हितराज पाण्डे नेतृत्वको कार्यदलले यसअघि १९ स्थानीय तह थप गरेर ७ सय ३८ बनाउने गरी प्रतिवेदन बुझाएपनि त्यसमा थप ६ स्थानीय तह थप गरेर ७ सय ४४ स्थानीय तह बनाउने तयारी भएको स्रोतको भनाई छ । आयोगले बुझाएको प्रतिवेदनलाई मन्त्रिपरिषदको बैठकले पास गरेर निर्वाचन आयोगमा पठाउने तयारी छ ।

पाण्डे नेतृत्वको कार्यदलले शुक्रबार नै १० जिल्लामा १९ स्थानीय तह थप्ने प्रस्ताव गरेको थियो । जस अनुसार प्रदेश नम्बर २ मा मात्र १७ वटा स्थानीय तह थपिएर देशभरमा कुल ७३८ स्थानीय तह बन्ने थियो ।

तर, सत्तारुढ माओवादी केन्द्र र नेपाली कांग्रेसबीच स्थानीय तहको संख्या ७४४ नै बनाउने समझदारी भएको छ । स्रोतका अनुसार प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' र कांग्रेस सभापति शेरबहादुर देउवाबीच मधेसमा ४ र पहाडमा स्थानीय तह थप गर्ने सहमति भएको हो ।

सरकारले गठन ... बाँकी ८ पेजमा

## वर्तमान राजनीतिक संकट र क्रान्तिकारीहरूको बाटो

देश संघीयतामा गएको तर सीमांकन नभै सकेको स्थितिमा कुन संरचनामा निर्वाचन हुने हो ? पुरानो संरचना अनुसार स्थानीय तहको वा संघीय व्यवस्था अनुसार स्थानीय निकायको निर्वाचन भन्ने प्रश्नमा स्पष्ट किटान नगरी प्रचण्डले कस्तो चुनाव गराउने हुन् ? शायद यी प्रश्नको जवाफ प्रचण्ड आफैलाई पनि थाहा छैन ।



● इन्द्रमोहन सिग्देल

नेपाल यतिबेला एउटा गंभीर राजनीतिक संकटको प्रक्रियाबाट गुज्रिरहेको छ । यो संसदीय व्यवस्थाको असफलता र राजनीतिक पार्टीहरूका आ-आफ्ना संकीर्ण समूहगत स्वार्थका कारण पैदा भएको संकट हो । यो संकटको समाधानका लागि राजनीतिक पार्टीहरूका बीचमा मूख्यतः दुईथरी दृष्टिकोण अगाडी आएका छन् । एमाले लगायतका केही पार्टीहरूको एउटा धारले स्थानीय निर्वाचनलाई यस्तो अचुक हतियार हो भनेर प्रचार गरेको छ मानौं यसले देश र जनताले आजसम्म भोग्दै आएका जनतन्त्र, राष्ट्रिय स्वाधिनता र जनजीविकाका यावत समस्याहरूलाई फुमन्तर गरेर एकै पटकमा समाप्त पार्ने छ । उसको एउटा मात्र मन्त्र छ, त्यो हो स्थानीय निर्वाचन । पहिला निर्वाचन गरौं अनि अरु गर्दै जाउला, एमालेको सूत्र यहि हो । उसले आफुलाई राष्ट्रिय स्वाधिनताको कट्टर पक्षधर भएको नाटक गरेर उ एकसूत्रीय ढङ्गले निर्वाचनका पक्षमा उभिएको छ । एमालेले अहिलेसम्म यसमा टसमस गर्ने देखिंदैन । तात्कालिन नेपाली राजनीतिको यो एउटा पाटो हो ।

अर्कोतिर, आफुलाई मधेशवादी भन्न रुचाउने राजनीतिक पार्टीका नेताहरू र नयाँ शक्तिका बाबुराम भट्टराई समेतले संविधान संशोधनबाट मात्रै अहिलेको समस्या समाधान हुने प्रचार गर्दै आएका छन् । उनीहरू भन्छन् पहिला संविधान संशोधन गरौं, संघीयतालाई स्थापित गरौं अनि पछि निर्वाचन लगायत के के गर्नु पर्ने हो त्यो गर्दै जाउँला । आन्तरिक जनवाद अर्थात संघीयताका कट्टर पक्षपाती भएको दावी गर्ने यी पार्टीहरूको संघीयता नै सबै समस्या समाधान गर्ने एकमात्र उपाय हो भन्ने सुगा रटाई रहेको छ । त्यति मात्र होईन उनीहरूको अनुकुल संविधान संशोधन नभए उनीहरू आजका दिनसम्म सहमतिका लागि एक कदम पनि पछाडि हट्न तयार देखिएका छैनन् । यो नेपालको तात्कालिन राजनीतिको अर्को पाटो हो ।

कहिंकतै नभेटिने जस्तो गरी पूर्वपश्चिम लागेको देखिने यी दुई धारका बीचमा कांग्रेसको बैशाखी टेकेर सरकारको नेतृत्व गरेका प्रधानमन्त्री प्रचण्ड निर्वाचनको प्रक्रिया अगाडि बढाउने र संविधान संशोधनलाई पनि संगै लैजान प्रयास गर्ने भन्दैछन् । देश संघीयतामा गएको तर सिमाँकन नभै सकेको स्थितिमा कुन संरचनामा निर्वाचन हुने हो ? पुरानो संरचना अनुसार स्थानीय तहको वा संघीय व्यवस्था अनुसार स्थानीय निकायको निर्वाचन भन्ने प्रश्नमा स्पष्ट किटान नगरी प्रचण्डले कस्तो चुनाव गराउने हुन् ? शायद यी प्रश्नको जवाफ प्रचण्ड आफैलाई पनि थाहा छैन । तै पनि प्रचण्डले निर्वाचनको तयारी गर्न ओलीसंग र संविधान संशोधनलाई फलदायी बनाउने कुरा गर्न मधेशवादी पार्टीहरू संग दिनहुं बैठक बस्न छाडेका छैनन् । आउने बैशाख सम्म उनको दिनचर्या यस्तै-यस्तै हुने देखिन्छ । संविधान संशोधन गराउन प्रभूले जिम्मा लगाएको काम यतिबेला प्रचण्डलाई बाँदरको सिकार जस्तो भएको छ । यो नेपालको तात्कालिन राजनीतिको बाहिरी पक्ष अर्थात रूप पक्ष हो ।

आजसम्म नेपालमा करीव सात पटक नयाँ संविधान लेखिसकिएका छन्, थुप्रै पटक संशोधन भएका छन् र निर्वाचन त कति भए कति । तर, नेपाली जनताको जनतन्त्र, जनजीविका र नेपालको राष्ट्रिय स्वाधिनताको ... बाँकी ७ पेजमा

वर्गदृष्टि Bargadristi Weekly साप्ताहिक

## सम्पादकीय

# आठ मार्च र महिला मुक्ति आन्दोलन

यतिखेर मुलुक असाधारण परिस्थितिबाट गुज्रदो छ । युद्ध र आन्दोलनको तागतमा स्थापित 'लोकतान्त्रिक गणतन्त्र' यो देशका श्रमजीवि, शोषित उत्पीडित जनताको हुन सकेन । राज्यव्यवस्थामाथि दलाल पुँजीपतिवर्गको आधिपत्य कायम भएको छ । दोस्रो संविधानसभाबाट बनेको संविधानले जनताको होइन, दलाल पुँजीपतिवर्गको अधिकारको हितरक्षा गरेको छ । युद्ध र आन्दोलनबाट स्थापित वर्गीय, जातीय, क्षेत्रीय र लैङ्गिक मुद्दाहरू अहिले पनि ज्युँका त्युँ छन् । तर यी नै मुद्दा भजाएर मुठ्ठिभर मान्छेहरू दलाल पुँजीवादमा आधारित संसदीय राज्यव्यवस्थाको मतियार बन्न पुगेका छन् । राष्ट्रियता, जनतन्त्र र जनजीविकाका हिसाबले मुलुक निकै जर्जर र संकटपूर्ण स्थितितर्फ धकेलिएको छ । बढ्दो वैदेशिक हस्तक्षेप (मूलतः भारतीय हस्तक्षेप), प्रतिक्रियावादी व्यवस्थाभित्रका शक्तिबीचको बढ्दो अन्तरविरोध, संसदीय व्यवस्थाले श्रमजीवि जनतामाथि लादेको अन्याय, विभेद र उत्पीडनका विरुद्ध बढ्दो जनआक्रोश, राज्यका निकायहरूमा मौलाउदो संस्थागत भ्रष्टाचार, बढ्दो कमिसनखोरी, महंगी, कालोबजारी, बेरोजगारी, चरम लैंगिक विभेद, हिंसा र उत्पीडन आदि सबै कारणले यो देशका श्रमजीवि शोषित वर्ग समुदाय अधिकारका निम्ति फेरि एउटा ठूलो जनसंघर्षको तयारीमा जुट्नु परेको छ ।

राष्ट्रपति, प्रधानन्यायाधिश र सभामुख महिला भएको भनेर सबैतिर हल्ला फिंजाइदै गर्दा वर्तमान राज्यव्यवस्थामा महिलामाथिको विभेद, उत्पीडन र हिंसाले सीमा नाघेको छ । एकाध महिला संसदीय व्यवस्थामा आधारित राज्यको उच्च तहमा आसिन हुँदैमा समग्र महिला समुदायको मुक्ति हुँदैन भन्ने यो एउटा उदाहारण पनि हो । व्यक्ति व्यवस्था अनुसार चल्ने हुँदा व्यवस्था परिवर्तन नहुँदा र नगर्दासम्म महिला मुक्ति सम्भव छैन । तसर्थ, महिला मुक्तिका लागि अहिलेको प्रतिक्रियावादी तथा संसदीय व्यवस्थाको परिवर्तन गरी जनताको गणतन्त्रमा आधारित जनवादी राज्यव्यवस्था स्थापना गर्न जरुरी छ । त्यस्तो व्यवस्थामा समेत महिलाहरूलाई 'विशेष अधिकार'को व्यवस्था गरेर मात्र महिलामाथि भएको र हुने विभेद र उत्पीडनको अन्त्य गर्न सकिन्छ । यसर्थ, अबको क्रान्तिकारी महिला मुक्ति आन्दोलन यस दिशामा अगाडि बढ्न र बढाउन जरुरी छ ।

नेपाल बहुजातीय, बहुभाषिक, बहुसाँस्कृतिक, बहुधार्मिक समाज भएको मुलुक हो । लैगिक दृष्टिबाट हेर्दा यो मुलुक पुरुषप्रधान अधिनायकत्व भएको समाज हो । घरदेखि राज्यका सबै निकाय र सबै क्षेत्रमा पुरुषवादी सोंच प्रवल रूपमा हावी छ । महिलामाथिको विभेद, उत्पीडन र हिंसाका बहु रूप र कारण छन् । हिन्दु र मुस्लिम महिला समुदाय धार्मिक मान्यता अनुसार सबैभन्दा बढी उत्पीडनमा छन् । महिलालाई आजको आधुनिक र वैज्ञानिक युगमा पनि समाजले दोस्रो दर्जाको रूपमा हेर्ने गर्छ । अहिले पनि महिलाको जीवन 'आधुनिक दास'को रूपमा रहेको छ । जतिसुकै शिक्षित, राजनीतिक रूपमा सचेत र उच्च वर्गको महिला भएपनि महिला भएकै कारण उसले दासत्वपूर्ण जीवन बाँच्नु परेकै छ । अनपढ, अशिक्षित र गरिबीको रेखामुनि रहेका महिलाहरूमाथिका उत्पीडनको त बयान गरेर साध्यै छैन । यसबाट मुक्तिको विकल्प भनेको क्रान्ति, संघर्ष नै हो । नेपाली राज्यव्यवस्था र समाजमा आमूल परिवर्तनविना महिला मुक्ति सम्भव छैन ।

प्रत्येक वर्षको 'आठ मार्च'मा महिलाहरू कुनै मञ्च वा फोरममा जम्मा भएर विविध कार्यक्रम गर्छन् । महिला अधिकारका निम्ति भएका संघर्ष र बलिदानको स्मरण गर्छन् । 'आठ मार्च'लाई कतिपय महिला संगठन वा संस्थाहरूले भने कर्मकाण्डी संस्कार बनाउने गरेका छन् । वास्तवमा ' आठ मार्च' मनाउनुको अर्थ महिला मुक्ति आन्दोलनलाई अगाडि बढाउन उत्प्रेरणा लिनु हो, महिला मुक्ति आन्दोलनभित्र रहेका समस्याहरूको निर्मम समीक्षा गर्नु हो र अगाडि बढ्ने/बढाउने संकल्प गर्नु हो । आठ मार्चको यही क्रान्तिकारी स्पिरिटलाई समात्दै नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल नेपाल महिला संघ (क्रान्तिकारी) संगठनको राष्ट्रिय भेलामा जुटेको छ । उसले अहिलेसम्म भएका महिला मुक्ति आन्दोलनको समीक्षा गर्दै भावी दिशा पहिल्याउन सघन विमर्श चलाइरहेको छ ।

'पैतृक सम्पत्तिमा समान अधिकार, सामाजिक तथा राजनीतिक सत्तामा विशेष अधिकार'लाई संवैधानिक हैसियत दिलाउने र त्यसको प्रभावकारी कार्यान्वयन नगरेसम्म महिलाहरू पुरुष बराबर सम्मानित र प्रतिस्पर्धा गर्न योग्य हुन सक्दैनन् । त्यो अधिकार मागेर पाइदैन, लडेरै लिनुपर्दछ । महिला समुदाय एक्लै लडेर यो अधिकार पाउन गाह्रो छ । त्यसका लागि उ श्रमजीवि, शोषित-उत्पीडित वर्गसँगसँगै विद्यमान संसदीय व्यवस्था पल्टाउने संघर्ष/क्रान्तिको तयारीमा जुट्नुको विकल्प छैन । यस दिशातर्फ अनेमसंघ (क्रान्तिकारी)ले खड्गो र दह्रो रूपमा कदम अगाडि बढाओस्, हार्दिक शुभकामना !

परिवर्तनको सम्वाहक

मूलबाटो

सत्यतथ्य निष्पक्ष खबर तथा

विचारका लागि सधैं हेर्ने र पढ्ने गरौं ।

www.moolbato.com

# सच्चा क्रान्तिकारी को हो र को होइन ?



दिनेश शर्मा

युगौदेखि नेपालको राज्य सत्तामा बसेको सामन्ती राजतन्त्रको समाप्ती तथा वैदेशीक प्रतिक्रियावाद हाम्रो सन्दर्भमा आधारित विस्तारवादलाई परास्त गरी सर्वहारा वर्गको नेतृत्वमा नयाँ जनवादी राज्यसत्ता स्थापना गरेर समाजवाद हुँदै साम्यवादको लक्ष्य हासिल गर्न विश्वका सर्वहारावर्गसँग एकाकार भएर अगाडि बढ्ने उद्देश्य बोकेर कम्युनिष्ट पार्टीको स्थापना भएको आज ६७ वर्ष हुँदैछ । कम्युनिष्ट पार्टीको स्थापना भएको ६७ वर्ष भएता पनि पुँजीवादी दर्शनको प्रतिपादन तथा पुँजीवादी राज्य निर्माणका दृष्टिले यो अवधि त्यति लामो अवधि होइन । यो छोटो अवधिमा नेपालमा भएका वर्गसंघर्ष अत्यन्तै मननयोग्य रहँदै आएका छन् । स-साना वर्गसंघर्ष हुदैं आउने क्रमसँगै तत्कालीन नेकपा (माओवादी)ले सर्वहारावर्गको राज्यसत्ता स्थापना गरी छाड्ने दृढ अठोटका साथ २०५२ साल फागुन १ गते शुरु गरेको वर्गसंघर्षले वास्तवमा देशीय सामन्ती राजतन्त्रात्मक राज्यसत्ता मात्र होइन त्यसलाई भरमग्दुर टेवा दिदै आएको अमेरिकी साम्राज्यवाद होस् या भारतीय विस्तारवाद होस् दश वर्षको जनयुद्धले सबैको सात्तो उडाएकै थियो । जनयुद्धलाई समाप्त बनाउन प्रतिक्रियावादी वर्ग मात्र होइन मार्क्सवादको कम्युनिष्टको खोल ओढेर बसेका घोर संशोदनवादीहरूसमेत सम्पूर्ण तागत लगाएर भ्रम पार्नेदेखि दमनका निमित्त आधार तयार पार्नेसम्मका हर्कत नगरेका होइनन् । साम्राज्यवाद, विस्तारवाद र सामन्तवादका ठूला-ठूला दमनकारी हर्कतदेखि संशोधनवादी भ्रमको चिरफार गर्दै क्रान्तिलाई स्थापित गर्ने र अगाडि बढाउने काममा प्रतिक्रियावादी वर्गको राज्यसत्ताद्वारा अपहेलित, उत्पीडित मजदुर, किसान, महिला, दलित, आदिवासी जनजाति, मधेसी, मुस्लिमलगायत उत्पीडित क्षेत्रका जनताको त्याग, वीरता, बलिदानको असीम महत्व रहदै आएको थियो । जसले गर्दा दुश्मनका सबैखाले रणनीतिहरू आफैमा फिक्का सावित हुदै गएका थिए ।

गाँउमा भएका भरुवा बन्दुक बाटो बनाउने क्रममा प्रयोगका लागि लगिएको जालेटीनको भरमा उच्च मनोबलका साथ लडेका लडाइँ अथवा उच्च वर्गसंघर्षले छोटो अवधिमा नै एउटा कीर्तिमान कायम गरेको कुरालाई कुनै पनि क्रान्तिकारीहरूले बिर्सन हुँदैन । स्मरणशक्तिले प्रयोग गरेका सबैखाले आधुनिक हतियार अन्ततः भरुवा बन्दुकको भरमा जनमुक्ति सेनाले कब्जा गऱ्यो । स्मरणले आफ्नो वर्गीय सत्ता कायम राख्न अमेरिकी, भारत र बेल्जीयमबाट समेत हतियार झिकायो । तर ती सबै प्रकारका हतियार एक पछि अर्को गरी जनमुक्ति सेनाले कब्जा गर्दै गऱ्यो । यति सम्मकि जनमुक्ति सेनाले नाइट भिजन हेलिकप्टर होस् या युद्ध विमाननै किन नहोस् त्यसलाई रकेट लन्चर प्रयोग गरेर खसाल्न सक्ने ताकत बनाइसकेको थियो । त्यसैले स्मरणशक्ति या त सदरमुकाम या त राजधानीमा या त सेनाका ब्यारेक कैद हुँदै गएको अवस्था थियो । स्वयं सि.डि.यो. जनपद प्रहरी डि.एस.पी.हरू सुरक्षाको निमित्त सेनाको ब्यारेकमा गएर बस्न बाध्य थिए । यसबाट के स्पष्ट हुन्छ भने माओले भनेझैं 'यदि विचार सही छ भने पार्टी छैन भने पार्टी बन्छ, कार्यकर्ता छैन भने कार्यकर्ता बन्छ, हतियार छैन भने हतियार प्राप्त हुन्छ, सेना छैन भने सेना बन्छ, यदि विचार गलत भयो भने आफूसँग भएका सबै कुरा गुम्छन् ।' माओले भनेका कुरा वास्तवमा १० वर्षे जनयुद्धमा जस्ताको तस्तै लागु भएका थिए । किनकि तत्कालीन माओवादीले तय गरेको कार्यदिशा, नीति, योजना र कार्यक्रम सही थिए । वस्तुवादी थिए । तत्कालीन अवस्थामा सापेक्षित रूपमा नेतृत्व पनि इमान्दार नै थिए । कार्यकर्ताको त्याग, वीरता, बलिदान र उच्च साहस असीमित नै थियो । जसले गर्दा २४० वर्षदेखि जरा गाडेर बसेको सामन्ती राजतन्त्रको सत्ता अत्यत्तै कमजोर बन्दै गएको अवस्था थियो ।

यसरी क्रान्ति उत्कर्षमा पुग्दै गर्दा माओवादीको तत्कालिन मुख्य नेतृत्वमा रहेका प्रचण्ड, बाबुराममा वैचारिक विचलन पैदा हुनु र त्यति नै बेला किरण, गौरव भारतमा गिरफ्तार भएर जेल जीवन बिताउन बाध्य हुनुले चुनुवाङ बैठकमा क्रान्तिकारी विचारले हाऱ्यो । किरण, गौरवको जेल जीवनकै क्रममा चुनवाङ बैठकमा जनगणतन्त्रको ठाउँमा लोकतन्त्रको नारा उत्कर्षमा पुगेको क्रान्तिलाई बिसर्जन गर्ने निर्णयमा पुग्यो । उहाँहरूको गिरफ्तारी, चुनवाङ बैठकको आयोजना र लोकतन्त्रको नारा आउनुमा यसको तादम्यता कति हो ? यो अझै अनुत्तरित नै छ । यसको सही उत्तर दिन नसक्दा कैयौ भ्रमहरू जन्मेका छन् । जसले गर्दा सर्वहारावर्गले आफ्नो वर्गको मुक्तिको मार्ग देख्न नसकेको प्रतीत हुन्छ । त्यति मात्र होइन माओले भनेझैं विचार गलत भएपछि आफूसँग भएका सबै चिज गुम्छन् भन्ने कुरा पनि हाम्रो आफ्नै जीवनमा लागू भए । जनमुक्ति सेना विघटन भयो, रगतसँग साटिएका हतियार गुमे, आधारइलाका विघटन भए र जनताको आफ्नै स्थानीय सत्ता विघटन भए । नेपाली सर्वहारावर्गको यो हार चानचुने थिइन । जुन वर्गका विरुद्ध लड्नका खातिर आफ्ना छोराछोरीहरूलाई रातो टीका लगाए बिदाइ गरेका थिए, ती आज आफ्ना आँखा अगाडि छैनन् । जसले जनगणतन्त्र ल्याउनका निमित्त क्रान्तिको नेतृत्व गरेका थिए, तिनीहरू नै आज मालेमावादको खोल ओडेर अझ माओवादी पार्टीको साइनबोर्ड देखाएर तिनै दुश्मनहरूसँग हातेमालो गर्दै क्रान्तिको खिल्ली उडाइरहेको कुरा सहिद, बेपत्ता परिवार, घाइते अपाङ र समग्रमा सबै प्रकारका उत्पीडित जनता टुलुटुलु हेरिरहेका छन् । मालेमावादको मार्गदर्शक सिद्धान्त मान्छौ भनेर दस्तावेजमा लेख्नु मात्रले उनीहरू सच्चा कम्युनिष्ट ठहर्न सक्छन कि सक्दैनन् ? माओवादी पार्टी नामाकरण गर्नुले मात्र उनीहरू सही हुनसक्छन् कि सक्दैनन् ? त्यसको रूप र सारको कतिको मेल खाएको छ । यी यावत विषयवस्तुका बारेमा हामीले क्रान्तिकारी पार्टीलाई स्पष्ट पार्न अझै सकेका छैनौं ।

नेपालको सर्वहारा वर्गीय क्रान्तिले केवल नेपालमा मात्र होइन, विश्वका सर्वहारावर्गलाई उत्साहित बनाएको थियो । यतिसम्म कि भारतमा लडाइँ लडिरहेका भारतीय कम्युनिष्ट पार्टी (माओवादी)ले समेत नेपालको क्रान्तिबाट थुप्रै विषयवस्तुहरू सिक्दै थिए । यो स्तरमा विकास भएको क्रान्तिके घाँटी निमोठ्ने काम स्वयं क्रान्तिको नेतृत्व गरेका प्रचण्ड र बाबुरामहरूले गरे । तर विडम्बना के छ भने दशौं हजारम हान् सहिदका परिवारहरू, हजारौंहजार बेपत्ता योद्धाका परिवारहरू तथा हजारौंहजार घाइते योद्धाहरू तिनै गद्दारहरूको ममा छन् । बुर्जुवा वर्गको लोकतन्त्रलाई नै जनगणतन्त्र यही नै हो अब समाजवादमा जान्छौ भन्ने जस्ता भ्रमपूर्ण कुराहरू गर्दासमेत पत्याइरहेका छन् । क्रान्तिकारीहरूले यसलाई स्पष्ट पार्न सक्नु पर्दछ । दश वर्षको भीषण जनयुद्धले स्थापित गरेको मुख्य मान्यताका आधारमा खडा भएको माओवादी पार्टीको नाम भजाएर होस् या सहिद, बेपत्ता योद्धा तथा घाइते योद्धाहरूको त्याग, वीरता र बलिदानमाथि टेकेर होस् स्थापित बन्न पुगेका नेताहरू आज तिनी जनतालाई भ्रम दिएर विश्वमा बदनाम भइसकेको संसदीय व्यवस्थालाई लोकतान्त्रिक गणतन्त्रको कलेवरमा पुनः अर्को १०-२० वर्षमा आर्थिक क्रान्तिको हौवा फिजाए । हजारौं वर्षदेखि शोषित पीडित, उत्पीडित बन्दै आएका सर्वहारावर्गलाई शोषण उत्पीडन र दमन खप्न बाध्य पार्दै छन् । यसरी सर्वहारावर्गका वर्गदुश्मनको पहरेदार बनेका नयाँ संशोधनवादीहरूको काँधमा बन्दुक राखेर नजानिंदो तवरबाट वैचारिक, राजनीतिक, सामाजिक, सांस्कृति र आर्थिक दृष्टिले समाप्त बनाउने काम योजनाबद्ध तवरबाट हुँदैछ । प्रत्यक्ष रूपमा देखिएका केही उदाहरणहरू हामी हेर्न सक्तछौं ।

१. '२१औं शताब्दीको जनवाद' यो नाम वा यसको व्याख्या सबैभन्दा बढी बाबुराम भट्टराईले गर्दै आउनु भयो । अहिले पनि गर्दै हुनुहुन्छ । प्रचण्डले यसको प्रस्ताव तयार पारेर ल्याउनुभयो । तर आजसम्म त्यो प्रस्ताव न त हिजो एउटै पार्टी हुँदा होस् न त त्यसभन्दा पछिका दिनहरूमा पार्टीको कुनै पनि आधारिकारिक निकायमा छलफल गरेर निर्णय भएको छैन । तर पनि त्यो नीति माओवादी पार्टीको धारणा बन्न पुगेको छ । त्यो आफैमा विधिका हिसाबले मात्र होइन नीतिका हिसाबले पनि गलत छ । जुन प्रकारको सोच, विचार प्रचण्ड र बाबुरामहरूमा विकसित भयो त्यो आफैमा वैचारिक विचलनको सुरुआत थियो । त्यसैको परिणामस्वरूप सर्वहारावर्गले हार व्यहोर्न बाध्य भयो । दश वर्षको भीषण जनयुद्धबाट प्राप्त उपलब्धिहरू सबै गुमाउन बाध्य भयो ।

२. जनगणतन्त्रको ठाउँमा 'लोकतन्त्रान्त्रिक गणतन्त्र' 'संविधानसभा' बन्ने बेलामा प्रचण्डले गरेका १६ बुँदे सम्झौतामा 'संसदीय व्यवस्थालाई मान्ने प्रतिबद्धता' यी र यस्ता विषयहरू सर्वहारावर्गको मुक्ति र समानतालाई केन्द्रबिन्दुमा राखेर वर्गदुश्मनलाई कमजोर बनाउन वा युद्धकलाअनुरूप गरिएका निर्णयहरू थिएनन् र होइनन् पनि । यो त बरु एउटा उत्कर्षमा पुगेको क्रान्तिलाई एकैपटक रोकेर संसदीय व्यवस्थामा जान असजिलो हुने वा सर्वहारावर्गलाई सच्चा देशभक्त तप्कालाई झुक्याउन गाह्रो पर्ने भएकाले ल्याइएको नारा थियो । क्रमशः संशोधनवाद हुँदै प्रतिक्रियावादी बाटोमा ओरालो लाग्ने नीति थियो । प्रचण्ड र बाबुरामका हमा मात्र हेइन । विप्लवका हकमा पनि त्यही हो । नेपालको सर्वहारा वर्गीय आन्दोलनमा त्यस प्रकारका दृष्टान्त अरु पनि छन् । यस्तै २०२८ सालमा भएको झापा आन्दोलनको ओरालो २०३५ सालमा माले नाम गरेका पार्टी गठन हुँदासम्म एउटा कोर्ष पूरा गरिसकेको थियो । तर माले पार्टी संसदीय व्यवस्था मान्नेबारे पुँजीवादी पार्टी हो भनेर देखिनका लागि विश्वमा समाजवादी वा जनवादी सत्ता स्थापना भए । पुँजीवादी सत्तामा रूपान्तरण भएका १५ वटा देशका सत्तालाई समाजवाद देख्नु, माओविचारधारा छाड्नु, संसदीय बहुदलीय व्यवस्थालाई मान्नु, संवैधानिक राजतन्त्रलाई मान्नु बल प्रयोगको सिद्धान्तलाई छाड्न जस्ता मूलभूत निर्णयहरू बाहिर आएपछि मात्र क्रान्तिकारी पार्टी हाइन भन्ने धेरैलाई थाहा भयो । त्यतिबेलासम्म अवसरवादीहरूको एउटा तप्काले पार्टी भित्र र बाहिर एकप्रकारको पकड जनाइसकेको थियो । जसले गर्दा कम्युनिष्ट पार्टीको नाममा जनताको एउटा तप्कालाई क्रान्तिबाट, परिवर्तनबाट विमुख बनाउने काममा आजसम्म कति खतरनाक भूमिका खेलिरहेको छ भन्ने कुरा हामी सबैलाई थाहा नै छ । प्रचण्ड, बाबुराम र विप्लवहरू यतिबेला फरक नाम र नाराका आधारमा त्यही गर्दैछन् । आमूल परिवर्तनका पक्षधर सच्चा देशभक्तहरूले उनीहरूको सक्कली रूप व्यवहारतः थाहा पाइसक्दा तिनीहरू संशोधनवादका जबर्जस्त झुण्ड बनिसक्ने छन् । क्रान्तिको बाधकका रूपमा हिजो जसरी एमालेलगायत अन्य कतिपय कम्युनिष्ट नामधारी पार्टीहरू देखापरेका थिए । भोलिको क्रान्ति अगाडि बढाउने क्रममा एमालेसँगै प्रचण्ड, बाबुराम र विप्लवको झुण्ड पनि बाधका देखा पर्ने संकेतहरू देखिसकेका छन् ।

३. स्थानीय सत्ताको विघटन तथा आधारइलाका विघटनले वास्तवमा सर्वहारावर्गलाई अत्यन्तै निराश बनायो । दश वर्षको जनयुद्धका क्रममा आधारइलाकाबाट भागेकाहरू आज त्यही ठाउँमा गएर गाउँका किसानहरूलाई धम्क्याइरहेका छन् । त्यति मात्र होइन जनयुद्धका क्रममा भएका विविध प्रकारका कारबाहीका झुट्टा मुद्दा लगाएर गाउँमा बस्न नसक्ने अवस्थासमेत खडा गरिरहेका छन् ।

४. जनमुक्ति सेनाको समायोजनका नाममा गरिएको विघटन, हतियारको समर्पण, अयोग्य लडाकुका नाममा गरिएको अपमान, स्वेच्छिक अवकाशका नाममा गरिएको घरफिर्ता जस्ता विषयहरूले यतिबेला युवाहरूको ठूलो हिस्सामा अत्यन्तै नराम्रो असर पारेको छ । वैचारिक ढंगले यसलाई स्पष्ट पार्न नसक्दासम्म युवाहरूको ठूलो हिस्साको मन जित्न सकिंदैन ।

५. सहिद परिवार, बेपत्ता परिवार तथा घाइते अपाङ योद्धाहरूको व्यवस्थापन तथा उपचार अत्यन्तै जटिल छ । प्रचण्ड दुईपटक, बाबुराम एकपटक यो देशको प्रधानमन्त्री भए तर दश वर्ष युद्ध लड्ने क्रममा छातिमा गोली थापेर सहिद भएकाहरूलाई राष्ट्रिय सहिद घोषणा हुन सकेनन् । बेपत्ता योद्धाहरू आजसम्म कहाँछन् ? त्यसको उत्तर छैन । घाइते योद्धाहरू अहिले पनि छटपटाइरहेका छन्, तर उपचारसमेत पाउन सकेका छैनन् ।

६. जयनुद्धका क्रममा लगाइएका मुद्दाहरू आज एकपछि अर्को उल्टाएर जनयुद्धका योद्धाहरूलाई एकपछि अर्को गरी जेल पठाइदैछ । तर यतिबेला पनि प्रचण्डको सरकार छ ।

तसर्थ बाबुराम भट्टराईले मालेमावादले मार्गदर्शक सिद्धान्तलाई छाडेर खुलेआम बुर्जुवा पुँजीवादी सिद्धान्त अँगालिसकेका छन् । प्रचण्डले मालेमावादलाई मार्गदर्शक सिद्धान्त मान्ने र पार्टी नाम अहिले पनि माओवादी राख्ने जस्तो कार्य गरेर अझै पनि इमान्दार कार्यकर्ता र जनतालाई झुक्याउने कोसिस गर्दैछन् । यसको डटेर भण्डाफोर गर्न आवश्यक छ ।

## झर्रोटर्रो

कैलुब्राह

# झोकगीत : मिलुँ मिलुँ लाग्यो मलाई

**रचना तथा स्वर** : पुष्पकमल थापा
**सङ्गीत** : कैलुब्राह

पुष्प : मिलुँ मिलुँ लाग्यो मलाई
आफ्नै जस्तो त्यो तिम्रो दलैमा
कमल : लौ हुलौं हुलौं लाग्यो मलाई
पिरतीको रङ्गीन भेलैमा
पुष्प : राज तन्त्र, गण तन्त्र
दुबैमा छ.... तिम्रो गीत
कमल : गाई खाने भैंसी पुज्ने
गाई खाने भैंसी पुज्ने
जतातते तिम्रो प्रित
पुष्प : नजिक बसुँ बसुँ लाग्यो मलाई
सुभाष जस्तो हाम्रो मिलनमा
कमल : है जोडौं जोडौं लाग्यो मलाई
पिरतीको रङ्गीन खेलैमा
पुष्प : सिँहदरबार तिम्रो सुभाष
दिल्ली दरबार तिम्रै सुभाष
कमल : काममा छायो विचारमा छायो
काममा छायो विचारमा छायो
तातो तातो तिम्रो साथ
पुष्प : चुमुचुमु लाग्यो मलाई
आफ्नै जस्तो तिम्रो त्यो बदनमा
कमल : लौ गाँसौं गाँसौं लाग्यो मलाई
तिम्रो मेरो दुई दल एक भेषमा
पुष्प : तिम्रो विचार तिम्रो नजर
लाग्छ मलाई मेरो नै हो
कमल : मेरो विचार मात्र किन
मेरो नजर मात्रै किन
मेरो दल'नी तिम्रै हो
पुष्प : डुबुँ डुबुँ लाग्यो मलाई
भावनाको तिम्रो त्यो छातिमा
कमल : लौ हाँसौं हासौं लाग्यो मलाई
भाँग खाएको तिम्रो बुद्धी देख्दैमा
पुष्प : सहकार्य गरौं गरौं लाग्यो मलाई
आफ्नै जस्तो त्यो तिम्रो दलैमा
कमल : लौ हुलौं हुलौं लाग्यो मलाई
पिरतीको रङ्गीन भेलैमा

१८ फागुन २०७३
kailubraha73@gmail.com

*द्रष्टव्य : प्रस्तुत गीत फागुन ६ मा पञ्चप्रेतहरूको महाधिवेसन समारोहमा रिलिज गरिएको हो ।*

# नेपाली समाजको वर्ग–चरित्र : एक विश्लेषण



❑ सीताराम तामाङ ❑

**पृष्ठ ४को गतांकको बाँकी**

(ख) अर्ध/**नव–औपनिवेशिक अवस्था**

'सन् १८१४ १६ को वृटिश-इण्डियासितको लडाईमा नेपाल हारे पछि लादिएको सन् १८१६को सुगौली सन्धिबाट नेपाल वृटिश इण्डियाको पुरै- अर्ध उपनिवेश बनेको थियो, उसको प्रत्यक्ष उपवेश नभए पनि उपनिवेश सरहको नियन्त्रण रहन गएको थियो। खासगरी सन् १८४६मा कोतपर्वबाट जगबहादुर राणाले शासन कब्जा गरेपछि नेपाल हरहिसाबले वृटिश साम्राज्यको अर्ध- उपनिवेश बन्न गयो र वृटिश-इण्डियाद्धारा उत्पादित बस्तुको खुल्ला र निर्वाध प्रवेश हुने सुरक्षित बजार हुन गयो।

● सन १९४७ मा भारतले वृटिश औपनिवेशिक शासनबाट मुक्ति पाए पछि नेपालमा वृटिश - इण्डियाको स्थान नवस्वाधीन भारत सरकारले लियो र नेपालमाथि अर्ध-औपनिवेशिक नियन्त्रण कायम गऱ्यो। यो नियन्त्रणलाई अरु सुदृढ र चर्को बनाउन भारतले सन १९५० को जुलाई ३१ मा सैनिक गठबन्धन सहितको "नेपाल - भारत शान्ति र मैत्री सन्धि' नामक असमान सन्धि नेपालमाथि लाद्यो । यसरी नेपाल सैनिक राजनितिक र आर्थिक रूपले भारतिय विस्तारवादको अर्ध-उपनिवेशिक नियन्त्रणमा पार्न गयो। (प्रो. माणिक लाल श्रेष्ठ, २०३८ :९६)।

● वृटिश इण्डियाले राखी आएको 'गोर्खा पल्टन' नव-भारत सत्ताले पनि राख्न पाउने गरी " नेपाल वृटेन - भारत' त्रिपक्षीय सन्धि गरियो।

● सन १९६२ मा भारतले नेपालको दार्चुला जिल्लाको कालापानी क्षेत्रमा राखेको सैनिक चेकपोष्ट अध्यावधि कायमै छ।

● सन १९६५ मा राजा महेन्द्रले भारतसँग नेपाली सेनालाई आवश्यक हातहतियार र तालिम सुविधा भारतले मात्र उपलब्ध गराउने गोप्पे सन्धि गरेको।

● भारतले बिभिन्न मितिमा कोशी, गण्डकी, माहाकाली, कर्णाली, अरुण आदिमा थुप्रै असमान सन्धि, सम्झौता लादेर नेपालको प्राकृतिक स्रोत दोहन गर्दै आएकोछ। नेपालको सीमानाको विभिन्न स्थान मिच्नका साथै दक्षिण सीमानामा वाँधबाँधेर नेपालको भूभाग जलमग्न गराएको छ।

● नेपालमा भारतीय विस्तारवादको मात्र हस्तक्षेप नभएर अमेरिकी नेतृत्वमा पश्चिमा साम्राज्यवादी शक्तिहरूको पनि नव-औपनिवेश बनेकोछ। पुँजीवादी भूमण्डली करणको लबउदारवादी नीतिद्धारा नेपाल नवउपनिवेशिक मुलुक बनेको हो। साम्राज्यवादीहरूले विश्व बैंक, आइ.एम.एफ. एशियाली विकास बैंक, डब्लु टि.ओ र बहु राष्ट्रिय कम्पनिहरू मार्फत नेपालमा 'ढाचागत समायोजन कार्यक्रम (१९९०)' को नाममा औद्योगिक क्षेत्र र कर्पोरेट फार्मिङको नाममा कृषिको उत्पादनलाई धराशही बनाएका छन्।

**३) अर्ध–सामन्ती तथा अर्ध–औपनिवेशिक अवस्थामा क्रान्तिको माडेल**

अर्ध-सामन्ती तथा अर्ध-औपनिवेशिक शोषण, उत्पीडन र पराधीनताको मुख्य बोझ किसान वर्गले नै उठाउनु परेको छ। तसर्थ सामन्तवाद तथा साम्राज्यवादका विरुद्धको संघर्ष साँचो अर्थमा किसानहरूमाथि हुने अन्याय, अत्याचारको विरुद्धको संघर्ष हुन्छ र जनतंत्र तथा राष्टियताको संघर्ष मूलतः किसान आन्दोलन हुन्छ। हाम्रो देशको अर्थब्यवस्थाको स्वरूप मुलतः सामन्ती प्रकारको छ । यसलाई ठीक ढंगले भन्दा अर्ध-सामन्ती अवस्थामा( निम्न-पुँजीवादी)रहेको भनी माथि प्रष्टीकरण दिइसकेका छौं। यस प्रकारको अर्ध-सामन्ती अवस्थामा उत्पादनका विशेषता दुई प्रकारका हुन्छन्। त्यसलाई यसरी सुत्रबद्ध गर्न सकिन्छ :

S.F.=SSPP+SSCP.

Where, S.F.=Semi-feudalism (अर्ध-सामन्तीअवस्था)

S.S.P.P.=Small Scale Primary Production (सानुस्केलको प्राथमिक उत्पादन)

S.S. C.P. =Small Scale Commodity-Production (सानु स्केलको माल उत्पादन )

अघिल्लो सामन्तवादको आधारशीलाको (legacy) रूपमा र पछिलो सामन्ती अर्थतंत्रको विघटनको क्रम र पुँजीवादतर्फको संक्रमणको क्रममा (अवस्थामा) रहने उत्पादन हुन (Utsa Patnaik, 1979)।

**अर्ध/नवऔपनिवेशिक हस्तक्षेप**

विद्यमान अर्ध-सामन्ती उत्पादन पद्धतिलाई निषेध नगरिकन औद्योगिक पुँजीवादी प्रणलीमा जान सकिदैन। औद्योगिक पुँजीवादलई यसरी सुत्रबद्ध गर्न सकिन्छ :

I.C.=LSCP

जहाँ, I.C.=Industrial Capitalism (औद्योगिक पुँजीवाद वा पुँजीवादी अवस्था)

LSCP= Large Scale Commodity Production (बृहद स्केलको माल उत्पादन)

तर नेपालको विकाशको प्रवृत्ति औद्योगिक पुँजीवादतर्फ निर्देशित छैन, बरु दलाल र नोकरशाही पुँजीपति वर्गले(८) यसलाई विकृत रूप दिएकोछ। (६) सामन्तवादी तत्वहरू यसका सहयोगी छन। यही नै नेपालको विकासको औद्योगिक विकासका लागि मुख्य चुनौति हो।

**४) राजनीतिक सापटीलाई परिवर्तनको आधार मान्ने गलत चिन्तन:**

अहिलेको विश्वमा पुँजीवादी प्रणालीले नेतृत्व गरेको मुलुकहरूको राजनीतिक, न्यायिक र सास्कृतिक चरित्रहरूले पनि प्राक-पुर्जीवादी वा विकासशील मुलुकहरूमा प्रभाव पारेको हुन्छ जस्तो कि बुर्जुवा संसदवादी रानीतिक परिपाटी, बालीग मताधिकारमा आधारित निर्वाचन प्रणाली, स्वतन्त्र न्यायप्रणाली, सम्पत्तिमाथि व्यक्तिगत स्वामित्व, वाक तथा प्रकाशन स्वतन्त्रता, आदि । भारतबाट अंग्रेज शासन त गयो तर भारतीय नेताहरूसँग आफ्नो कुनै प्रजातान्त्रिक भनिने शासनप्रणाली थिएन । त्यसैले ब्रिटेनमा चलेकै वेष्ट मिनिष्टरियल शासन प्रणाली आयात गऱ्यो र त्यसैलाई भारतको प्रजातान्त्रिक व्यवस्था भनि स्वीकार गऱ्यो। भारतको अनुशरण गरेर नेपालले पनि ब्रिटिश संसदीय मोडेल नै अपनायो। तर भारतकै समर्थनमा राजा महेन्द्रले ब्रिटिश संसदीय प्रजातन्त्रलाई २०१७ सालमा धराशायी बनाए। भारतका विस्तारवादी शासकले महेन्द्रको पञ्चायती प्रजातन्त्रलाई समर्थन गरेको कारण ३० बर्षसम्म चल्यो । संसदीय निर्वाचन प्रणाली वाहेक पञ्चायतको संविधानमा सबै कुरा थियो जसलाई नव मार्क्सवादीहरूबाट पुँजीवादका आधारहरू भनिएका छन् । पुँजीवादी राज्यले जस्तै प्राथमिकता र जोड दिएर पञ्चायतले अनेकौं कानुन, नीति र कार्यक्रम बनाएको थियो । तर २०४६ सालमा पञ्चायत गयो र राजतन्त्रात्मक बुर्जुवा संसदीय प्रजातन्त्र पुन स्थापना भयो। फेरी २०४७ मा शासन प्रणाली ब्रिटिश मोडेल नै अपनायो। यो साम्राज्यवादी (पुँजीवादी) प्रजातान्त्रिक भनिएको मोडेल नेपाल जस्तो प्राक पुँजीवादी मुलुकका लागि सुहाउदो थियो कि थिएन ? यही मोडेलले वेलायतले समृद्धि हासिल गरेकोछ र त्यहाँको बुर्जुवा प्रजातन्त्र ५ सय बर्षदेखि सफलता पूर्वक चलिआएको छ तर संसारकै उत्तम संविधान भनिएको नेपालको २०४७को संविधान १५ बर्षमै पूर्णतः असफल भयो, किन ? किन पुँजीवादी (!) राजतन्त्र हामीले फ्याक्नु परेको थियो ? साम्राज्यवादको चंगुलबाट मुक्त भएका पूर्वका प्राक-पुँजीवादी देशहरूमा साम्राज्यवादी मुलुकहरूबाटै थोपरिएको बुर्जुवा राज्य प्रणाली अन्तरबस्तुरहित ढाँचागत रूप मात्र हुनु स्वभाविकै थियो। त्यस्तो बाहिरबाट थोपरिएको राजनीतिक प्रणाली पुँजीवादी हुदैमा आर्थिक प्रणाली पनि स्वतः पुँजीवादी हुन्छ भन्ने नव मार्क्सवादी बुद्धिजीवीहरूले २००७ साल अघिबाटै नेपालको अर्थतन्त्रमा पुँजीवादको अद्धभूदय भएको जीकिर गरेका छन्।

माओले एक पटक भनेका थिए कि चीनको सामन्ती समाजभित्र व्यापारी माल अर्थव्यवस्थाको विकास भएको थियो। त्यसैले त्यस्मा पुँजीवादको वीउ निहीत थियो। विदेशी पुँजीवादको असर नपरेको भए पनि चीन आफै विस्तार विस्तार पुँजीवादी समाजमा विकसित हुने थियो। विदेशी पुँजीवादको घुसपैठले यो प्रकृयालाई तेज बनायो तर विकृतरूपमा (सं.र. ग्रन्थ-२, पृ. ५४३-५४४)। रुसमा सम्पन्न भएको महान समाजवादी अक्टुवर क्रान्तिले उपनिवेशबाट स्वतन्त्र हुनलाई बाटो देखायो तर सबै मुलुकले अक्टुबर क्रान्तिको बाटो समाउन सकेन। त्यसमध्ये भारत पनि एउटा थियो। भारतले ब्रिटिश उपनिवेशबाट स्वतन्त्र भए पनि साम्राज्यवादकै दलाल र नोकरशाही पुँजीपति वर्ग तथा सामन्ती तत्वहरूको पकडमा ब्रिटिश मोडेलकै शासन प्रणाली अपनायो जुन भारतको आफ्नै पनको शासन प्रणाली थिएन । नेपालमा पनि २००७ साल पछि विदेशी दलाल र नोकरशाही पुँजीपति र दलाल सामन्ती तत्वहरूले भारतकै मोडेलको शासन प्रणाली अपनाए जुन नेपालको मौलिक शासन पद्दति थिएन। राजनीतिमा सापटी ल्याइएको त्यो आध्येय अर्थात उपरी मोडेललाई आर्थिक आधारमा पुँजीवाद आएकोले राजनीतिमा पुँजीवाद लागु भएको दावी गर्ने नव मार्क्सवादी दल र व्यक्तिहरूको ठम्याइ छ, जुन गलत छ।

**५)अन्तर्विरोधको प्रश्न**

नेपालको विद्यमान राज्यसत्ताको चरित्रको विषयमा पनि छलफल हुन आवश्यक छ। त्यसले नेपाली समाजमा विद्यमान प्रधान अन्तर्विरोधको पनि निर्क्यौल गर्नेछ । नेपालमा २४० वर्ष पुरानो राजतन्त्रको २०६५ सालमा अन्त्य भएपश्चात् नेपाली समाजको प्रधान अन्तर्विरोधमा परिवर्तन आएको तथ्यलाई ध्यानमा राख्नु आवश्यक छ।

● नेपालमा राजतन्त्र रहँदासम्म दलाल र नोकरशाही पुँजीपति वर्गले राजतन्त्रसँग साँठगाँठ गरी त्यसैको अधिनस्थ भएर काम गरेको थियो।

● राजतन्त्र ढलेपछि दलाल-नोकरशाही पुँजीपतिवर्ग हावी भएको छ र सामन्तवाद कमजोर भएको छ। दलाल-नोकरशाही पुँजीपति वर्गसँग साँठगाँठ गरी त्यसैको अधिनस्थ भएर सामन्त वर्गले काम गरेको छ र गर्नेछ।

● नेपालको राज्यसत्तामा दलाल-नोकरशाही पुँजीपति वर्ग हावी हुनुको असर राजनीतिक शक्तिहरूको भूमिकामा गम्भीर रूपमा देखापरेको छ।

● एमालेले सन् २००६ मा राजतन्त्रको अन्त्यपश्चात् यहाँ सामन्तवाद विघटित भई नेपाली समाज पुँजीवादी समाजमा रूपान्तरित भएको र नेपाललाई 'अर्धउपनिवेश' शब्दले सम्बोधन गर्न उपयुक्त नहुने विश्लेषण गरेको छ।

● एनेकपा (माओवादी)ले अहिले पनि नेपाल हिजोकै जस्तो ' अर्धसामन्ती र अर्धऔपनिवेशिक अवस्थामा नै छ' भन्नेहरूलाई यान्त्रिक र मनोगतवादीको पगरी गुथिदिएको छ।

राजतन्त्रको अन्त्यपश्चात् नेपाली समाजको मुख्य अन्तर्विरोधमा आएको परिवर्तन अर्थात् दलाल-नोकरशाही पुँजीपति वर्ग र पराजित सामन्त वर्गको बदलिएको भूमिकाले मुख्य अन्तर्विरोधको चरित्रमा पनि फरक पार्छ । राजतन्त्रको अन्त्यपश्चात्को अवस्थामा दलाल-नोकरशाही पुँजीपति वर्ग र सामन्त वर्गको राज्यसत्ता तथा आम शोषित-उत्पीडित जनताबीचको अन्तर्विरोध नेपाली समाजको मुख्य अन्तर्विरोध हुन आएको छ।

● एमाले र एमाओवादीले अख्तियार गरेको हालको विश्लेषणले क्रान्तिको नभएर दलाल-नोकरशाही पुँजीपति वर्गको सेवा गरेको छ । सन् १९५० अघिको सामन्तवादमा समय र विकासको अवस्थाअनुसार निकै परिवर्तनहरू भएका छन् तर अझै पनि पुँजीवादमा फड्को मार्नसकेको अवस्था होइन । नेपाली समाज अझै पनि आर्थिक, सामाजिक र राजनीतिक हिसाबले अर्धसामन्ती अवस्थाभन्दा बाहिर छैन। अर्धसामन्ती भन्नुको अर्थ सामन्ती र पुँजीवादी दुवै उत्पादन प्रणाली एकैसाथ रहेको अवस्था हो । सामन्तवादको आधारशिलाको रूपमा रहेको सानो (प्राथमिक) उत्पादन र सामन्ती व्यवस्था भङ्ग भएपछिको पुँजीवादतर्फको संक्रमणको रूपमा सानु माल-उत्पादन एकैसाथ रहनु नै अर्धसामन्ती अवस्था हो।

● विद्यमान अर्धसामन्ती उत्पादन-सम्बन्धलाई निषेध नगरी औद्योगिक पुँजीवादी (State Industrial Capitalism) प्रणालीमा जान सकिँदैन। तर, नेपालको विद्यमान विकासको गति औद्योगिक पुँजीवादतर्फ निर्देशित छैन बरु दलाल-नोकरशाही पुँजीपति वर्गले यसलाई विकृत रूप दिएको छ।

● हाम्रो देशको विशेषताको आधारमा हुने अर्धसामन्ती अवस्थाको पुँजीवाद फरक किसिमको अर्थात निम्न-पुँजीवादी चरित्रको हो । साम्राज्यवाद (र विस्तारवाद) ले आफ्नो दलालको भूमिका खेल्नको लागि जन्माएको दलाल तथा नोकरशाही पुँजीपति वर्ग र पराजित सामन्ती वर्ग नेपालमा राजकीय औद्योगिक पुँजीवाद (State Industrial Capitalism)को विकासको मुख्य बाधक हो। नयाँ जनवादी क्रान्ति त्यसैका विरुद्ध लक्षित छ।

(१) जोसेफ स्तालिन (१९५०:१२८), सो.सं.क. पा. को इतिहास (बो.), मास्कोः फरेन ल्याङ्ग्वेज पब्लिसिङ हाउस।

(२) मार्क्स-एंगेल्स (१९७५:३५०), र.सं. खण्ड-१९, मास्कोः प्रगति प्रकासन । सामाजिक-आर्थिक संरचनाको प्रवर्गको विषयसूचिलाई निम्नुसार समेटन सकिन्छ : उत्पादक शक्तिहरू- उत्पादन सम्बन्धहरू-राजनीतिक उपरिसंरचना - सामाजिक चेतनाको रूपहरू।

(३) भूमण्डलीकृत साम्राज्यवादसँग सामन्तवादको साँठगाँठले दलाल र नोकरशाही पुँजीको वर्चस्व बढिरहेकोछ। सामन्त र जमिनदारले किसानको अधिकार खोसेर आफ्नो पुँजीलाई कृषि (उत्पादन) र उद्योगको सट्टा अनुत्पादक घर- घडेरी र सेवा क्षेत्रमा -शिक्षा, स्वास्थ्य, यातायात, वित्तीय कारोवार, आदि) लगानी गरेका छन्। यसले प्रकारान्तरले सामन्तवाद र साम्म्राज्यवाद एवं दलाल पुँजीलाई बलियो बनाएको छ- उच्चस्तरीय भूमिसुधार आयोगको प्रतिवेदन २०६८:२०)। पुँजीवादी विकासले कृषिलाई औद्योगिक करण गर्ने भएकोले त्यसमा रोजगारिको संख्याकम हुन्छ र भारि उद्योगहरूमा पनि आधुनिक टेक्नोलोजीको विकासले रोजगारिमा केही कटौती हुने गर्दछ। तर पनि कृषि उद्योग र अन्य उद्योगहरूको रोजगारिले मुलुकको ग्राहस्थ्य उत्पादनमा (GDP) अत्यधिक योगदान पुऱ्याउछ। सेवा क्षेत्रमा ठूलो संख्यामा रोजगारि देखिएपनि त्यो जनताको करबाट (Tax) सञ्चालीत हुन्छ । त्यसले (GDP) मा योगदान गर्दैन (गरे पनि थोरै प्रतिशत) (ता.नं. १२)। तर नेपालमा सेवा क्षेत्रले न्मए मा ५४.४ प्रतिशत योगदान गरेका देखिन्छ जो अर्थशात्रिय हिसाबले हेर्दा हासो लाग्दो छ।

(४) केही लेखकले मनी रेन्ट (पैसा शुल्क) मा कृषि रोजगारी भएकोले पुँजीवाद भएको ठानेका छन् । तर मार्क्सको भनाई छ 'जसरी उत्पादनका साधन तथा जीवन निर्वाहका साधन आफैमा पुँजी हुदैन त्यसरी नै मुद्रा र माल पनि आफैमा पुँजी हुदैन। तिनलाई रूपान्तरण गरिनु पर्दछ। पुँजीवाद त्यस बखत मात्र अस्थित्वमा रहन्छ जब की बजारमा आफ्नो श्रम शक्ति ब्रिक्रयकर्ता (मुक्त श्रमिक) सँग उत्पादनका साधनका मालिकको भेट हुन्छ ... । उत्पादनको साधनका मालिक अरुको श्रम किनेर आफ्नो धनको मूल्य बृद्धिगर्न चाहन्छ भने स्वतन्त्र मजदुर अर्थात आफ्नो श्रम शक्तिको बिक्रेता पुँजीवादी उत्पादनमा सरिक हुन चाहन्छ (पुँजी, खण्ड १ पृ. ७५०)

**ता.नं. १**

**सन् १९५०–२०११ सम्मको भूजोतको आधारमा किसानपरिवार र क्षेत्रफल विवरण**

| जोतको आकार (हे.) | किसान परिवार (प्र.) | | | जमिनको क्षेत्रफल (प्र.) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | १९५० | १९७१ | १९९१ | २०११ | १९५० | १९७१ | १९९१ | २०११ |
| भूमहिन | १.४३ | ०.८० | १.१७ | २.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ०.१ हे. - ०.५ हे. | ४५.३ | ४२.७ | ४३.० | ४६.७ | ४.९ | १३.८ | १४.५ | १८.७ |
| ०.५ हे. - १.० हे. | १८.२ | २५.० | २६.३ | २५.४ | ५.१ | १२.१ | १६.० | २३.४ |
| १.० हे. - ३.० हे. | १९.५ | २३.२ | २५.८ | १८.७ | १८.५ | ३१.२ | ४३.२ | ४१.९ |
| ३.० हे. - ५.० हे. | ०७.१ | ०४.० | ०३.३ | ०१.२ | १२.० | १४.३ | १२.६ | ८.७ |
| ५.० हे. - १०.० हे. | ५.८ | २.१ | १.२ | ०.३ | २१.० | १५.५ | ८.१ | ४.७ |
| १०.० - माथि | ४.१ | १.० | ०.४ | ०.१ | ३८.५ | १३.१ | ५.८ | २.६ |
| जम्मा | १००.० | १००.० | १००.० | १००.० | १००.० | १००.० | १००.० | १००.० |

Sources: (a) M.A. Zaman (1973:6),Evaluation of Land Reform in Nepal, HMG Publication
(b) CBS, Nepal: Statistical Books Different Publications

**ता.नं .२**

(**गार्हस्थ्य उत्पादन संरचना** / २०७२–०७३)

| श्रमशक्ति (प्रतिशत) | | योगदान (प्रतिशत) | |
|---|---|---|---|
| कृषिमा | ६६.६ | कृषिको | ३१.६ (कृषिव्यावसायको १०५) |
| उद्योगमा | १४.१ | उद्योगको | १४.० |
| सेवामा | १९.३ | सेवाको | ५४.४ |
| जम्मा | १००.० | जम्मा | १००.० |

श्रोतः आर्थिक सर्वेक्षण २०७३/७४, ने.रा. बैंकको प्रकाशन

**ता.नं.३**

**कृषि विकास मन्त्रालय, सिहदरबार –२०१४**
**कृषि विकास रणनीति** (२०१०–२०३०) **रणनीतक लक्ष**

| विषय | सूचक | वर्तमान अवस्था (२०१०) | लक्ष (२०३०) |
|---|---|---|---|
| शसन | कृषि - वृद्धि | ५ प्रतिशत वार्षिक | |
| उत्पादकत्व | भू- उत्पादकत्व | $ १८०४/हे. | $ ४७८७/हे. |
| | श्रम-उत्पादकत्व | $७९४/कृषि मजदुर | $ १८३३/कृषि मजदुर |
| ब्यवसायीकरण | बजारका लागि अतिरिक्त कृषि ब्यवसाय जीडीपी | कृषि उत्पादनको ५० प्रतिशत भन्दा थोरै जीडीपीको १० प्रतिशत | कृषि उत्पादनको ८० प्रतिशत भन्दा धेरै कृषि व्यवसायीको १० प्रतिशत |
| प्रतिस्पर्धी | कृषि खाद्य निर्यात | $ २४८ मि. | $२००० मि. |

**ता.नं.४**

**जोतको स्थिति**

| | सन् १९७१ | | सन् २०१० | |
|---|---|---|---|---|
| जोत | परिवार % | क्षेत्रफल % | परिरवार % | क्षेत्रफल % |
| भूस्वामी जोताहा | ८१.० | ७३.७ | ८४.० | ७८.६ |
| मोही जोताहा | ४.४ | ६.४ | ४.१ | ४.४ |
| भूस्वामी तथा मोही जोताहा | १४.६ | १९.९ | ११.९ | १७.० |

श्रोतः के. त. वि/राष्ट्रिय कृषि गणना (२०२८ वि.सं.) NL.SS. (2011)

**ता. नं. ५**

**सन् १९५०–२०१०/११ सम्मका उद्योग र मजदुरको स्थिति**

| बर्ष | १९५० | १९६६ | १९७२ | १९५१/८२ | १९९१/९२ | २०००/०१ | २०१०/११ |
|---|---|---|---|---|---|---|---|
| उद्योग(संख्या) | ४० | १२६० | २४३४ | ३५२८ | ४२७१ | ४२९६ | ४५५२ |
| मजदुर(संख्या) | - | १४३९७ | ४७३६८ | ८८६१६ | २६७७३४ | ३९४५४१ | ४१२८१३ |

Sources : CBS, Nepal : Differeut Publications

**ता. नं. ६**

**गृहस्थहरूलाई कर्जा दिने व्यक्ति/एजेन्सीहरू** (**प्रतिशत**)

| विवरण | १९७१/७२ | १९९२/९३ | २००३/०४ | २०१०/११. |
|---|---|---|---|---|
| ब्याङकहरू | १८.० | १८.० | १५.४ | २१.० |
| साहुमहाजन | ४९.० | ४६.० | ३०.१ | २६.० |
| नातागोताहरू | ३३.० | ३६.० | ५४.५ | ५३.० |

Sources : NRB, Rural credit survey, 1992,1994
CBS, Nepal; Nepal living Standard Survey 2010/11.

वर्गदृष्टि Bargadristi Weekly साप्ताहिक

# महागुठीको अरबौं सम्पत्ति हत्याउने यस्तो छ चलखेल

◆ श्याम कार्की

काठमाडौं । ८५ वर्ष पुरानो नेपालकै सबैभन्दा प्रतिष्ठित मानिएको सामाजिक संस्था नेपाल चर्खा प्रचारक गान्धी-तुलसी स्मारक महागुठीको सम्पत्ति हडप्ने उद्देश्यका साथ ठूलो चलखेल भइरहेको छ । प्रधानमन्त्री पुष्पकमल दाहाल, गृहमन्त्री विमलेन्द्र निधिको आडमा उक्त महागुठीको सम्पत्ति कम्पनीको नाममा लगेर हड्प्ने खेल भइरहेको महागुठीकै गुठियारहरूले बताएका छन् ।

सम्पत्ति हडप्न चलखेल गर्नेहरूमा गुठीका पूर्वअध्यक्ष, सदस्य, राजनीतिक दलका नेताहरू, सरकारका कर्मचारी समेतको मिलेमतो रहेको छ । नेपालस्थित भारतीय राजदूतावासको अनुदान तथा सहयोगमा सञ्चालन हुँदै आएको महागुठीको साधारणसभाबाट चुनिएका पदाधिकारीलाई अवैधानिक तवरले काठमाडौंका सिडिओ रामकृष्ण सुवेदीले विघटन गरेर विवादमा परेका छन् ।




साधारणसभाबाट चुनिएका पदाधिकारी तथा सदस्यहरूलाई जानकारी नै नदिई कमिटी विघटन गरेर नयाँ तदर्थ कमिटी बनाई महागुठीको चलअचल सम्पत्ति हडप्ने योजना स्वरूप ठूलो चलखेल भएको सम्बद्ध पक्षहरूको भनाई छ । समाज कल्याण परिषदले महागुठीको बारे प्रतिवेदन नै तयार पारिसकेको अवस्था तथा अख्तियार लगायत विभिन्न ठाउँमा महागुठीको विषयमा उजुरी परेको अवस्थामा सिडिओले एकलौटी ढंगले छलफल नै नगरी साधारणसभाबाट निर्वाचित कमिटी विघटन गरेर महागुठीको सदस्य समेत नरहेका मान्छे ल्याएर संस्थाको महासचिव बनाएपछि महागुठीको सम्पत्ति हडप्ने प्रयास रहेको स्पष्टसंग खुल्न आएको छ ।

**यसरी विघटन भयो वैधानिक कमिटी**

२०७२ साल असोज २३ गते महागुठीको साधारणसभा भई कात्तिक २८ गते जिल्ला प्रशासन कार्यालयमा नयाँ कार्यसमितिबारे जानकारी दिइएकोमा जिल्ला प्रकाशका काठमाडौंले २०७२ पुस ३ गते संस्थाका अध्यक्ष उर्मिला गर्ग उपाध्यक्ष, अध्यक्ष रहेको कार्यसमितिलाई मान्यता दिइएको थियो । तर, जिल्ला प्रशासन कार्यालय काठमाडौंले सोही कमिटीलाई २०७३ भदौ २० गते कार्यसमितिलाई कुनै खबर र कुनै छलफल नै नगरी कमिटी विघटन गरेको प्रमाणहरू प्राप्त भएका छन् । जिल्ला प्रशासनका काठमाडौंले नेपाल चर्खा प्रचारक गान्धी तुलसी स्मारक महागुठीको नाममा निर्णय कार्यान्वयन गर्ने सम्बन्धित शीर्षकमा लेखेको पत्रमा एक तदर्थ समिति गठन गरेको उल्लेख छ । जसमा करुण अमात्य श्रेष्ठ, अरुण शर्मा, सूर्यप्रसाद ढकाल, शान्ता शर्मा, पुष्पलाला भट्टराई, अनिल थापा मगर, रजनी भुजु, देवबहादुर कार्की र भोला चापागाई रहेका छन् । उनीहरूमध्ये धेरै गुठीको साधारण सदस्य समेत छैनन् भने मनलाग्दी बाहिरिया मान्छे राखिएको पाइएको छ ।

संस्था दर्ता ऐन २०३४ को दफा ११ बमोजिम निर्णय गरिएको भन्दै जिप्रकाले तदर्थ समितिको निर्णय अनुसार दैनिक प्रशासन तथा आर्थिक प्रशासन सञ्चालन गर्ने समेत जिम्मेवारी तोकेको छ । यस्तै उक्त समितिलाई प्रचलित कानून तथा संस्थाको विधान अनुसार, ६ महिनाभित्र सबै पक्षलाई समेटी विधानसम्मत कार्य समितिको निर्वाचन गर्न जिम्मा समेत दिएको छ । जिल्ला प्रशासनकाले तदर्थ समिति गठन गरेकोबारे साधारणसभाबाट निर्वाचित पदाधिकारी तथा सदस्यहरू भने आश्चर्यमा परेको बताएका छन् । उनीहरूले कमिटी विघटन गरिएकोबारे बुझ्न जाँदा सिडिओ कार्यालयले लुकाएको तर बाहिरबाट भने विघटन गरेको थाहा पाएको समेत गुनासो गरेका छन् ।

२०७२ सालमा उर्मिला गर्ग उपाध्यायको अध्यक्षतामा १५ सदस्यीय कार्यसमिति चयन गरिएको थियो । सो समितिमा महासचिव रहेकी गोमा गौतमले संस्थाको हित विपरीत काम गरेको भन्दै अध्यक्षले विधान बमोजिम स्पष्टिकरण सोधेका थिए । स्पष्टिकरण नदिएपछि उनलाई अध्यक्षले पदबाट हटाएका थिए । त्यसमा गुठीको सम्पत्ति हडप्न खोज्नेहरूले गोमा लगायतलाई प्रयोग गरेर गुठीमा भाँडभैलो मच्चाउने प्रयास गरेको आरोप छ ।

**कार्यसमितिलाई खबर नै नगरी कमिटी खारेज**

संस्था दर्ता ऐन २०३४ को दफा ११ मा सरकारले आवश्यक निर्देशन दिन सक्ने उल्लेख छ । काठमाडौंका सिडिओ सुवेदीले भने यसै धारालाई टेकेर कानूनभन्दा पनि माथि उठेर महागुठीको विधान विपरीत हुने गरी साधारणसभाबाट चुनिएको कमिटीसंग छलफल समेत नगरी कमिटी विघटन गरिदिएका हुन् । विवादको कारण देखाउँदै सिडिओ कार्यालयले आवश्यक निर्देशन दिनसक्ने भएतापनि साधारणसभाबाट चुनिएको कमिटीलाई विघटन गर्ने अधिकार नहुँदानहुँदै पनि विघटन गरेको हो । विघटन गर्नैपर्ने अवस्था भएमा पूर्व अध्यक्ष तथा संस्थाको विवादरहित गुठियारालाई संयोजक बनाउनुपर्नेमा त्यो पनि गरिएको छैन । अर्कोतर्फ आवश्यक छलफल तथा परामर्श गर्नुपर्नेमा सिडिओ कार्यालयले त्यो पनि नगरी एकलौटी निर्णय गरेको पाइएको छ ।

नयाँ तदर्थ कमिटीमा साधारणसबाट चुनिएका तीनजना कार्यसमितिका व्यक्तिहरू पुष्पलाल भट्टराई, रजनी भुजु र मञ्जु शर्मालाई भने तोकिएको छ । तर, उनीहरूलाई समेत सिडिओ कार्यालयले तदर्थ समितिमा राख्न पूर्व कुनै परामर्श तथा छलफल नगरेको बताइन्छ । राजनीतिक दबाबमा परेर सिडिओ कार्यालयले महागुठीको अस्तित्व नै धरापमा पार्ने गरी निर्णय गरेको साधारणसभाबाट निवार्चित कार्यसमिति सदस्यहरूले बताएका छन् । तदर्थ समितिका संयोजक सूर्यप्रसाद ढकाल तोकिएका छन् । उनले आफू माओवादी भएको भन्दै हिंड्ने गरेका छन् तर उनी गुठीको साधारण सदस्य समेत नरहेको बताइन्छ ।

स्रोतका अनुसार, प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डका भाई नारायण दाहालमार्फत प्रचण्ड र गृहमन्त्री विमलेन्द्र निधिलाई समेत प्रभावमा पारेर सिडिओमार्फत यस्तो निर्णय गर्न बाध्य पारिएको चर्चा छ । यो विषयमा काठमाडौंका सिडिओ रामकृष्ण सुवेदीले सबैसंग छलफल गरेरै निर्णय गरिएको भन्दै त्यस विषयमा निर्णय लिन सहायक सिडिओलाई जिम्मेवारी दिएको प्रतिक्रिया दिए ।

**पटक-पटक सम्पत्ति हडप्ने खेल**

गान्धी-तुलसी स्मारक महागुठीमा धेरै अघिदेखि नै महागुठीको सामान कहिले कम्पनीको नाममा लिएर त कहिले अनेक बहाना बनाएर व्यक्तिको नाममा लिएर हडप्ने खेल हुँदै आएको छ । २०७० कै आसपासमा नै महागुठीमा संलग्न केही व्यक्तिको मिलेमलोमा लाखौंको अनियमितता भएको थियो । त्यतिबेला व्यक्तिगत स्वार्थका लागि महागुठीका विभिन्न परियोजनालाई डुबाएको तथा महागुठीकै कर्मचारीद्वारा अन्य कम्पनी खोलेर चल-अचल सम्पत्ति हिनामिना गरिएको थियो ।

करीब १५ वर्ष अगाडि काठमाडौंको सतुंगलमा स्थापना भएको ढाका विइभ झन्डै १० वर्षदेखि बन्द अवस्थामा छ । त्यसलाई विधानविपरीत महागुठीको गुठियार बनाइएकी रिता थापा अध्यक्ष रहँदा मजदूर आन्दोलनका कारण देखाउँदै ढाका विइभ बन्द भएको थियो । उक्त ढाका विइभ परियोजनालाई महासचिव महालक्ष्मी श्रेष्ठलगायत अन्य सदस्यहरूको असहमतिका बाबजुद थापा नै अध्यक्ष रहेको महागुठी क्राफ्ट विथ कन्साइन्स कम्पनीलाई एक करोड २७ लाख रूपैयाँमा बिक्री गरिएको थियो । विभिन्न दातृ निकायबाट प्राप्त सहयोगमा एक रोपनी क्षेत्रफलको जग्गा र त्यसभित्र रहेको भवन बिक्री गरिएको थियो ।

महागुठीको विधानको दफा ५ (झ) मा नगदी जिन्सी लिन-दिन परे साधारणसभाले पास गर्नुपर्ने प्रावधान भएपनि त्यसको उल्लंघन हुन पुगेको छ । केही व्यक्तिको मिलेमतोमा गैरकानूनी सम्झौता गरी महागुठीको सम्पत्ति हिनामिनाको प्रयास हुँदै आएको छ । २०६९ साल कात्तिकमा नै महागुठी अन्तर्गतको जग्गा हडप्ने तवरले कम्पनीको नामबाट एक सम्झौता पत्र तयार गरिएको थियो । त्यसमा महागुठीबाट सञ्चालित आय आर्जनसम्बन्धी पूर्वपरियोजनाका कार्यहरू दोस्रो पक्षबाट सञ्चालन गर्न दिइने, केन्द्रको नाममा रहेको स्थिर तथा चल सम्पत्ति तथा सोबाट सृजित दायित्व (कोषसंग सम्बन्धित) उक्त कम्पनीलाई हस्तान्तरण गर्ने भन्ने उल्लेख थियो । तर महासचिवश्रेष्ठले हस्ताक्षर गर्न नमान्दा त्यो योजना रोकिएको थियो ।

उक्त सम्झौता रोक्न विशेष पहल गर्ने तत्कालीन महासचिव श्रेष्ठलाई भने गुठियार बन्नबाट रोक लगाइयो भने सम्झौता गर्न विशेष पहल गर्ने उदयमोहन श्रेष्ठलाई गैरकानूनी ढंगबाट अध्यक्ष बनाइएको थियो । यता, रिता थापासमेत महागुठीको विधान विपरीत गैरकानूनी ढंगले गुठियार बनेकी थिइन् । अहिले पनि उदयमोहनश्रेष्ठ र रिता थापाकै कारण महागुठीमा लफडा हुने गरेको छ । सो सययमा विधानविपरीत अध्यक्ष नियुक्त भएका भनिएका उदय मोहन श्रेष्ठले करीब ६ वर्ष अगाडि अगार्निक फर्ममार्फत बकुल्ला खेतीका लागि भन्दै लिएको ६ रोपनी जग्गाको झन्डै एक लाख रुपियाँ नतिरेर अनियमितता गर्ने व्यक्ति रहेको बताइन्छ । गुठीको विधान विपरीत गुठियारमा नियुक्त भएकी रिता थापाले पनि महागुठी क्राफ्ट विथ कन्साइन्सको खाताको ८० लाख रुपियाँ अपचलन गरेको आरोप छ । त्यसो त महागुठीमा नै आवद्ध कर्मचारीको मिलेमतोमा २०६३ सालमा महागुठी नेपाल नामक कम्पनी खोलेर समेत संस्थाको चलअचल सम्पत्ति अपचलन गरेको समेत बताइएको छ ।

**अनियमितता भएकै हो : समाज कल्याण**

महागुठीको अनियमितताबारे छानबिन गर्न समाज कल्याण परिषद्ले एउटा समिति गठन गरेको थियो । उक्त समितिले महागुठीमा वर्षौंदेखि व्यापक अनियमितता हुँदै आएको तथ्यसहितको अध्ययन प्रतिवेदन तयार गरेको छ ।

छानबिन प्रतिवेदन तयार भएपछि समाज कल्याण परिषद्का तर्फबाट उपनिर्देशक प्रल्हाद पन्तले २०७३ साल ३१ असारमा महागुठीलाई अनियमिततासहितको प्रतिवेदनमाथि कुनै प्रतिक्रिया भए उपलब्ध गराउन भन्दै महागुठीलाई पत्राचार गरेका थिए ।

महागुठी सम्बन्धमा अनियमितता भएको विषयमा समाज कल्याण परिषद्ले काठमाडौं प्रशासनसहित विभिन्न सरकारी निकायमा पत्राचार गरिएको जनाएको छ भने २४ पृष्ठ लामो प्रतिवेदनमा महागुठीको संस्थाको सम्पत्ति अनधिकृत ढंगबाट महागुठी 'क्याफ्ट विथ कन्साइन्स' नामक कम्पनीको नाममा परिणत गर्न खोजिएको निष्कर्ष निकालिएको छ । संस्थामा सञ्चालित पुरानो परियोजना स्वीकृति नै नलिई संस्थाको बोर्ड, लोगो, सवारी साधन, भवन एवं सम्पत्ति कब्जा गरी कम्पनीबाट लुटिएको भन्दै प्रतिवेदनमा मुलुकी ऐन लुटपिटको महलबमोजिम दोषीलाई कानूनी कारबाही गर्न हकवालालाई निर्देशन दिने, परियोजना र कम्पनीको दोहोरो कार्यकारी निर्देशक बनेर सम्पत्ति हिनामिना गर्नसक्ने भएकाले सम्बन्धित निकायमा लेखि पठाउने लगायतका विषय समेटिएका छन् ।

त्यस्तै, संस्थाको सम्पत्ति हिनामिना गरेको पाइएकाले निर्णयमा संलग्न कार्यसमिति पदाधिकारीलाई कानूनबमोजिम कारबाहीका लागि सिफारिस गरिएको जनाइएको छ । संस्थाकी मुख्य गुठियार तथा महासचिव महालक्ष्मी श्रेष्ठले समाज कल्याणमन्त्री सीता खड्कासमक्ष दिएको उजुरीका आधारमा परिषद्ले छानबिन प्रक्रिया अघि बढाएको थियो ।

**महागुठीको नाममा अबौंको सम्पत्ति**

महागुठीको नाममा अर्बौंको चल अचल सम्पत्ति रहेको छ । महागुठीको काठमाडौंस्थित गोठाटार, काभ्रेको धुलिखेल, जनकपुर, महेन्द्रनगर, पाटनलगायतका स्थानमा करोडौं मूल्यबराबर सयौं रोपनी जग्गासहितको चल अचल सम्पत्ति छ ।

महागुठीको तथ्यांक अनुसार, काठमाडौं गोठाटारमा ५२ रोपनी १ आना, मोरङ अमरदहमा करीब २२ बिघा, धनुषा लक्ष्मीपुरमा ५० बिघा १४ कठ्ठा ३ धुर, ललितपुरको मानभवनमा १२ रोपनी ४ आना ३ दाम र काभ्रेको बनेपामा करीब ८ रोपनी जग्गा गुठीमा रहेको छ । यस्तै, ललितपुर लगनखेलमा करीब तीन आना जग्गासँगै तीनतले भवन पनि छ । करीब दुई करोड नगद र गोठाटारमा भारतीय राजदूतावास सहयोगमा बनेका भवन पनि छ ।

**महागुठीको सम्पत्ति कम्पनीमा लगेर हडप्ने दाउ**

महागुठीको चलअचल सम्पत्ति व्यक्तिको बनाउन विभिन्न चलखेल हुँदै आएका छन् । त्यसको खोजीमा सबैभन्दा सजिलोका लागि कम्पनी अन्तर्गत महागुठीको सम्पत्ति ल्याउने र कम्पनी अन्तर्गत भएपछि व्यक्तिको पोल्टामा पार्न सजिलो हुने भएकाले कम्पनीमा पार्न हदैसम्मको प्रयास भएको पाइएको हो । संघरऐन र गुठीको विधानअनुसार गुठी सञ्चालन हुन नसकेमा वा विघटन सम्पत्तिको सम्पूर्ण दायित्व सरकारमा सर्छ । तर, कम्पनी ऐनअनुसार कम्पनी खारेज भएमा त्यसको सम्पूर्ण दायित्व व्यक्तिमा वा सञ्चालक सर्ने प्रावधान छ । त्यसैले पनि महागुठीको सम्पत्ति कम्पनीमा पार्न उदयमोहन श्रेष्ठ, रिता थापालगायतका व्यक्तिहरू मरिहत्ते लगेर लागिरहेको जानकारहरू बताउँछन् । स्वर्गीय तुलसीमेहर श्रेष्ठले भारतको सावरमती आश्रममा महात्मा गान्धीसंग चर्खा धागो कात्ने र खद्दरको कपडा बुन्ने तालिम लिएका थिए ।

त्यसपछि उनले त्यसको प्रचारप्रसार नेपालमा पनि गर्न खोजेका थिए । त्यहीँ उद्देश्यबमोजिम गान्धी तुलसी स्मारक महागुठी गठन गरिएको थियो । महागुठीको उद्देश्य कपडा बुनाई सिलाइको प्रचारप्रसार, गरीब, अनाथ, रोगीहरूको हितमा काम गर्नेलगायतका छन् । तर, गुठीलाई कम्पनीमा परिणत गर्न खोजेकाप्रति अख्तियार दुरूपयोग अनुसन्धान आयोग, महिला बालिका तथा समाज कल्याण मन्त्रालय, समाज कल्याण परिषद्लगायत विभिन्न सरोकार निकायमा उजुरीसमेत परेको छ ।

## संक्षिप्त समाचार

### देजमो धनकुटा संयोजकमा मातृकाप्रसाद राई

धनकुटा । देशभक्त जनगणतान्त्रिक मोर्चाको जिल्ला भेलाले मातृकाप्रसाद राईलाई संयोजकमा निर्वाचित गरेको छ । नेकपा (क्रान्तिकारी माओवादी)का केन्द्रीय सचिवालय सदस्य तथा लिम्वुवान राज्य समिति ईन्चार्ज सिताराम तामाङ्गको प्रमुख आतिथ्यतामा भएको भेलाले ९ सदस्यीय देजमो धनकुटा गठन गरेको हो । देजमो धनकुटाका अन्य सदस्यहरूमा वविता कुंवर, सावित्रा वि.क., चन्द्र वि.क., तोर्ण वहादुर वि.क., होमकुमारी गजमेर, लोक वहादुर गुज्ररुङ्ग, युवराज कार्की र फत्त वहादुर कार्कीलगायत रहेका छन् । मोर्चाको बैठकले जिल्लाको पाख्रिवास नगरपालिका २७ फागुनमा र सिन्धुवा बजारमा फागुन २८ मा, जीतपुरमा फागुन ३० मा, छिन्ताङमा चैत्र २, धनकुटा नगरपालिकामा चैत्र ५ गते मोर्चाको भेला तथा प्रशिक्षण कार्यक्रम गर्ने समय तालिका पनि ठोस गरेको मोर्चाका संयोजक मातृका प्रसाद राईले जनाए ।

### क्रान्तिकारी युवा लिग भक्तपुरको मध्यनगर संयोजकमा दिपेश दगाल

भक्तपुर । नेकपा (क्रान्तिकारी माओवादी) निकट क्रान्तिकारी युवा लिगको एक भेलाले भक्तपुर मध्य नगरको संयोजकमा दिपेश दगाललाई निर्वाचित गरेको छ । क्रान्तिकारी माओवादीका केन्द्रीय सदस्य तथा भक्तपुरका सहइन्चार्ज फुर्नाम्गेल मोक्तानको प्रमुख उपस्थितिमा भएको भेलाते लिगको उपाध्यक्षमा हेम पराजुली, सचिवमा सुदिप मगर, सह-सचिवमा बिबेक मगर, कोषध्यक्षमा सचिनकार झा निर्वाचित भएका छन् भने सदस्यहरूमा दिपेस लामीछाने, अनिस डागी कृष्ण प्रधान, खगेन्द्र पौडेल, आशिस थापा, दिपेश घिमीरे, सुसन सापकोटा, सुमन सालवाल,

बिकाश राज भन्डारी, अनिल ठाकुर, मनोज लामा, सुन्दर श्रेष्ठ, राजेन्द्र तामाङ, निमा तामझ, प्रज्वल श्रेष्ठ, नतेश खड्का रहेका छन् ।

भेलामा अखिल नेपाल क्रान्तिकारी ट्रेड यूनियन महासंघका अध्यक्ष रामकुमार दोङ्ग, भक्तपुर पार्टी सदस्य तथा मध्य नगर सह-इन्चार्ज रमेश बोहोरालगायतको उपस्थिति थियो ।

### रहेनन् बहुप्रतिभाशाली व्यक्तिव्व राम शेखर नकर्मी

भक्तपुर । बहुप्रतिभाशाली व्यक्तिव्व राम शेखर नकर्मीको निधन भएको छ । वि.सं. १९९४ सालमा भक्तपुरको वडा नं. ६ विनाचु टोलमा जन्मिएका रामशेखर नकर्मी हास्य अभिनेता, लेखक तथा साहित्यकार, निर्देशक लगायतका क्षेत्रमा ख्यातीप्राप्त व्यक्ति हुनुहुन्थ्यो । उहाँको ८० वर्षको उमेरमा सोमबार निधन भएको हो । सोमबारै उहाँको अन्तिम दाहसंस्कार गरिएको छ । उहाँको अन्तिम श्रद्धाञ्जलीका लागि नेकपा (क्रान्तिकारी माओवादी)का कार्यालय सदस्य रामसिंह श्रीस, नेवाः राष्ट्रिय मुक्ति मोर्चाको केन्द्रीय अध्यक्ष पवनमान श्रेष्ठलगायत पार्टी र मोर्चाका नेता कार्यकर्ता, अभिनय तथा चलचित्र क्षेत्रका कलाकारहरूको उपस्थिति रहेको थियो । नेपाल भाषा चलचित्रका पिताको रूपमा चिरपरिचित नकर्मीलाई हास्यजोडी 'मह'को पनि गरु मानिन्छ ।

### क्रान्तिकारी माओवादीका नेता सुवेदीको छोरीको विवाहमा नेताहरूको जमघट

बुटबल । नेकपा (क्रान्तिकारी माओवादी) केन्द्रीय सचिवालय सदस्य प्रेमनाथ सुवेदीका छोरी प्रतिभा सुवेदी र केन्द्रीय सदस्य लक्ष्मीकान्त पौडेलका छोरा बाबुराम पौडेलकाबीच शनिबार जनवादी विवाह सम्पन्न भएको छ । सुवेदी र पौडेलकाबीच बुटवल-१४ ढबाहस्थित नेपाल छन्त्याल संघको सभाहलमा बिवाह सम्पन्न भएको हो । नवबिवाहित जोडीलाई बधाई दिदैं क्रान्तिकारी माओवादीका केन्द्रीय कार्यालयका सदस्य रामसिंह श्रीसले दाईजोबिहिन बिवाहले समाजमा जकडिएको दाइजोप्रथाको अन्त्य गर्ने विश्वास व्यक्त गरे । पार्टी र जनताको हितमा काम गर्न नवबिवाहित जोडीलाई श्रीसले आग्रह गरे । कार्यक्रममा पार्टी केन्द्रीय सचिवालय सदस्य चन्द्रहरी सुवेदी(अटल), केन्द्रीय सदस्य अशोक लम्साल अनुकुल, केन्द्रीय सल्लाहकार भुलबहादुर सुनारी, केन्द्रीय सदस्य समिर सिंह, नेकपा मसालका प्रवक्ता बिमल शर्मा, माओवादी केन्द्रका नेता डाचाराज वाग्ले, नयां शक्तिका नेता बामदेव क्षेत्री, वामपन्थी नेता युवराज पन्थी, तेजप्रसाद कडेल, विनबहादुर कुंवर, आरसीचापागाई, बिकास के.सी., कृष्णराज पौडेललगायतले नवबिवाहित जोडीलाई सफल दाम्पत्य जीवनको शुभकामना दिएका थिए । कार्यक्रम पार्टीका केन्द्रीय सदस्य तथा दुलहाका पिता लक्ष्मीकान्त पौडेलको अध्यक्षता, राजमोका नेता चिन्तामणी शर्माको सञ्चालनमा भएको कार्यक्रममा पार्टी केन्द्रीय सचिवालय सदस्य तथा दुलहीका पिता प्रेमनाथ सुवेदीको स्वागतमा सम्पन्न भएको थियो । विवाहमा नेताहरूको बाक्लो जमघट भएको थियो ।

# रिमप्रतिको अनुभव र माओवादी शक्तिहरूलाई एकजुट गर्न लड्नुपरेको लडाइँबारे

(यस दस्तावेजमा 'क्रान्तिकारी अन्तर्राष्ट्रियतावादी आन्दोलन' 'रिम' को निर्माणदेखि अहिलेसम्मको इतिहास, अनुभव, यसका समस्या र अब कसरी जाने भन्ने विषय को राम्रो लेखाजोखा गरिएको छ । 'रिम' निर्माणका क्रममा माओवादलाई त्यति महत्व नदिएको, सबैभन्दा पहिले माओवादलाई दस्ताबेजीकरण गर्ने पेरू कम्युनिस्ट पार्टीको भूमिकालाई उचित स्थान नदिइएको, गोन्जालो प्रकरणको जटिलतालाई ठम्याउन 'रिम' सक्षम नभएको, युरोपेली माओवादीहरूको भूमिकालाई बेवास्ता गरिएको, प्रचण्ड-बाबुरामसित सम्बन्ध विच्छेद गरिसकेपछि नेपालका क्रान्तिकारी माओवादीसितिको भूमिका समन्वयकारी हुन नसकेको, 'रिम' को मृत्यु गराउन आरसिपी, अमेरिका जिम्मेवार रहेको लगायत मालेमा र जनयुद्धको राजनीतिलाई केन्द्रमा राखेर अबको 'रिम' निर्माणमा फिलिपिन्स तथा भाकपा (माओवादी) को प्रधान भूमिका हुनुपर्ने विचार यस दस्तावेजमा प्रस्तुत गरिएको छ ।)

विश्वका विभिन्न भागमा रहेका माओवादी पार्टी तथा सङ्गठनहरूलाई एकत्रित पारेर एकजुट पार्न गरिने प्रयास, क्रान्तिकारी अन्तर्राष्ट्रियतावादी आन्दोलन (रिम)को दुई दशकभन्दा लामो अनुभवको ठोस र सारगर्भित समीक्षाबिना सफल हुनसक्तैन । यो आलेखलाई यस विषयमा हाम्रो कामको थालनीका रूपमा लिइनु पर्छ । यो आलेख माओइस्ट रोड जर्नलमा प्रकाशित हाम्रो आलेखको परिमार्जित रूप हो ।

केही महत्वपूर्ण वैचारिक तथा राजनीतिक कमजोरीका अतिरिक्त पनि रिमको १९८४ को स्थापना घोषणापत्र विश्वव्यापी रूपमा मार्क्सवादी-लेनिनवादी, माओ विचारधारा (त्यतिबेला विचारधारा भनिन्थ्यो) र चीनको रक्षाका लागि एउटा नयाँ अन्तर्राष्ट्रिय बनाउने निर्णयलाई समर्थन गर्न सही र पुग्दो थियो । रिमको स्थापना, चिनियाँ संशोधनवादीहरूबाट हाम्रो आन्दोलनलाई छुट्याउन र माओका अमूल्य योगदानहरूलाई होग्जावादी जडसूत्रवादी संशोधनवादबाट रक्षा गर्न एउटा महत्वपूर्ण कदम थियो ।

घोषणामा केही कमजोरीहरू थिए, जसमा खासगरेर सबैभन्दा प्रमुख कमजोरी अन्तर्राष्ट्रिय सर्वहारा वर्गको विचारधाराको विकासको तेस्रो चरणका रूपमा माओवादलाई मान्यता नदिनु र यसको विचारधारधारात्मक पक्षलाई मार्क्सवाद-लेनिनवाद-माओवादको रूपमा संश्लेषण नगर्नु थियो । आखिर एउटा लामो वैचारिक बहसछलफलपछि, त्यसमा पनि पेरू कम्युनिस्ट पार्टीका कमरेडहरूको जोडदार वैचारिक सङ्घर्षपछि सन् १९९३मा रिमद्वारा 'मार्क्सवाद-लेनिनवाद-माओवाद जिन्दावाद' को वक्तव्य जारी गरिएको थियो ।

हामीलाई लाग्छ बिस वर्षपछि पनि त्यो विचार त्यत्तिकै सान्दर्भिक छ । यसलाई अहिले पनि अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा क्रान्तिकारीहरू र विभिन्न किसिमका अवसरवादीहरू तथा संशोधनवादीहरूलाई छुट्याउने सही र न्यूनतम आधारका रूपमा लिन सकिन्छ ।

राजनीतिक तहमा सन् १९८४मा गरिएको घोषणापत्रमा साम्राज्यवादी मुलुकका कम्युनिस्ट पार्टी र सङ्गठनका कामका सम्बन्धमा ध्यान दिनैपर्ने कमीकमजोरी र केही अपुग कुराहरू थिए, जुन कमी पूरा गर्नु आवश्यक थियो । यो घोषणापत्र पहिले चिनियाँ कमरेडहरूले सन् १९६३ मा अघि सारेका '२५ बुँदै पत्र' भन्दा अघि जान सकेको देखिएन । खास गरेर यसले सन् १९६० र ७० को दशकमा युरोपमा भएका श्रमजीवीहरू तथा कम्युनिस्टहरूका आन्दोलनका साथै अस्तव्यस्तताको स्थितिको महत्वपूर्ण अनुभवको लेखाजोख गर्न सकेन ।

१९८४को घोषणामा रिमले विश्वक्रान्तिको भ्रूणकेन्द्रका रूपमा आफूलाई प्रस्तुत गरेको थियो र कम्युनिस्ट पार्टी नभएका ठाउँहरूमा पार्टीहरू निर्माणको जिम्मेवारी पनि लिएको थियो । घोषणपत्रमा ६ ओटा प्रतिबद्धता जाहेर गरिएका थिए : १) अन्तर्राष्ट्रिय पत्रिका प्रकाशन गर्ने, २) नयाँ मार्क्सवादी-लेनिनवादी पार्टीहरूलाई प्रशिक्षित पार्ने र विद्यमान पार्टीहरूलाई बलियो तुल्याउने, ३) संयुक्त र समन्वयात्मक अभियानहरू चलाउने, ४) अन्तर्राष्ट्रिय सम्मेलनले पारित गरेका नीतिहरूलाई व्यवहारमा लागू गर्ने, ५) क्षमताका आधारमा कम्युनिस्ट एकताको बढोत्तरीका लागि आर्थिक श्रोत जुटाउने र ६) कम्युनिस्टहरूबीच वैचारिक, राजननीतिक र सङ्गठनात्मक एकताको प्रक्रियालाई सर्वोपरि राखेर नेतृत्व प्रदान गर्नका लागि एउटा भ्रूणकेन्द्र बनाउने ।

गरिएका प्रतिबद्धताहरूमध्ये सबैभन्दा महत्वपूर्ण काम ए वर्ल्ड टु विन को प्रकाशनको सुरुवात थियो । अन्य प्रतिबद्धताहरूमा पनि केही सफलता हासिल गरिएका थिए तापनि, ती अब छैनन् । भारत, नेपाललगायत भारतीय उपमहाद्विपमा माओवादी पार्टीहरूको निर्माण गर्न रिमले सक्रिय भूमिका खेल्यो । रिमले भारतमा 'माओवादी कम्युनिस्ट सेन्टर' र भाकपा (माले) 'पिपुल्स वार' बीचको मारामार साम्य पार्न मद्दत गऱ्यो । यस सन्दर्भमा कम्पोसा (कोअर्डिनेसन कमिटी अफ दि मार्आइस्ट पार्टीज एन्ड अर्गनाइजेसन्स अफ साउथ एसिया) अन्तर्गतका पार्टीहरूबीच रिमले खेलेको भूमिका निकै फलदायी रह्यो ।

पेरू कम्युनिस्ट पार्टीका अध्यक्ष गोन्जालो १९९२ मा पक्राउ पर्दा उनको जीवनरक्षाका लागि रिमले चलाएको अभियान इतिहासमै सबैभन्दा राम्रो अभियान थियो । नेपालमा यस अभियानको निकै ठूलो प्रभाव परेको थियो, जहाँ अविमाइल गुजमानको रिहाइका लागि विशेष कार्यक्रमहरू चलाइएको थियो । यसबाट नेपालका कमरेडहरूलाई आफ्नो भूमिका विस्तार गर्न पनि राम्रो अवसर मिलेको थियो । फुजिमोरो शासनकालमा पेरू कम्युनिस्ट पार्टीमा चलेको दक्षिणपन्थी अवसरवाद विरुद्धको दुई लाइन सङ्घर्ष, जुन चिठी प्रकरणका रूपमा सन् १९९३ मा बाहिर आएको थियो, त्यसलाई सही किसिमले बुझ्न 'कोरिम' सक्षम नहुँदा, रिमले गोन्जालोको जीवनरक्षा अभियान परित्याग गऱ्यो, जसलाई थप विस्तारका साथ निरन्तरता दिनु जरुरी थियो ।

हाम्रो बुझाइमा रिमजस्तो सङ्गठन, त्यसमा पनि विश्वक्रान्तिको केन्द्रका रूपमा विकसित हुनथालेको सङ्गठनले वैचारिक नेतृत्व मात्र नगरी राजनीतिक आन्दोलनको नेतृत्वको उद्देश्य पनि राखिएको हुनुपर्थ्यो । अन्तर्राष्ट्रिय अभियानको माध्यमद्वारा हरेक देशका क्रान्तिकारीहरूबीच एकतामा वृद्धि गर्दै, एकअर्कालाई सहयोग प्रदान गर्न माओवादी शक्तिहरूबीच समन्वय गर्दै विभन्न मुलुकमा चलिरहेका जनआन्दोलन तथा जनयुद्धको समर्थनमा आम जनतालाई परिचालन लगायतका कामहरू गर्दै र एउटा अन्तर्राष्ट्रिय सङ्गठनका रूपमा राजनीतिक नेतृत्व गर्दै यो अगाडि आउनु आवश्यक थियो, त्यसो नहुँदा यसले कमजोर दिशा समात्नु स्वाभाविक थियो । रिममा यस्तै भयो ।

रिमसित सम्बद्ध पार्टी–पेरू, टर्की, नेपालसित सम्बद्ध पार्टीहरूको नेतृत्वमा चलेको जनयुद्धका सम्बन्धमा ए वर्ल्ड टु विन पत्रिकाले दिएको समाचार र रिपोर्टहरूले क्रान्तिलाई लोकप्रिय बनाउन निकै सघाउ पुऱ्यायो । तर प्रस्ट रूपमा भन्नुपर्दा रिम बैचारिक केन्द्र हुनुका रूपमा मात्र बुझियो । पेरू र नेपालको जनयुद्धको समर्थनको प्रधान स्वरूप पनि वैचारिक मात्र रह्यो, र यी सङ्घर्षहरूप्रति ऐक्यबद्धताका लागि गरिनुपर्ने ठोस आह्वान पनि पुग्दो मात्रामा हुनसकेको थिएन ।

कुनै पनि अन्तर्राष्ट्रिय संस्थामा प्रभावशाली नेतृत्वको सर्वोपरि महत्व रहन्छ । वैचारिक रूपमा जनयुद्धको नेतृत्व गर्ने सङ्गठनले नै नेतृत्वको अगुवाइ गर्नुआवश्यक हुन्थ्यो । तर रिममा त्यस्तो भएन । प्रारम्भिक चरणमा, जनयुद्धको अलिकति पनि अनुभव नभएका सङ्गठनहरू नै रिम निर्माणमा बढी सक्रिय भए ।

माओको मृत्यु र चीनमा देङ गुटको विजयपछि आर सिपी अमेरिकाले माओको क्रान्तिकारी विरासतको रक्षाका पक्षमा साथै मार्क्सवादी-लेनिनवादी विचारप्रति देखावटी विश्वास र शब्दाडम्बरभित्र लुकेको होक्जावादी दक्षिणपन्थी लाइनको विरुद्ध कदम चाल्यो । क्रान्तिकारी शक्तिहरूको नेतृत्व गर्न माओको विरासतलाई आधार बनाएकोमा आर सिपी, अमेरिका धन्यवादको पात्र छ । यसैकारण आरसिपी, अमेरिकाले अन्तर्राष्ट्रिय माओवादी आन्दोलनमा उच्च किसिमको परिचय प्राप्त गऱ्यो । यसले माओको पक्षधर चिनियाँ महान् सर्वहारा सांस्कृतिक क्रान्तिको रक्षा र कथित 'ग्याङ अफ फोर' को रक्षामा उभिएकाहरूलाई एकै ठाउँमा ल्याउन केन्द्रीय भूमिका खेल्यो । यस अर्थमा आरसिपी, अमेरिकाले रिमको नेतृत्व लिनु नियमसङ्गत र 'स्वाभाविक'

## (पिसिआर आरसिपीको दस्ताबेज)

थियो भन्न सकिन्छ ।

अन्त्यमा पेरू कम्युनिस्ट पार्टी (पार्टीडो कम्युनिस्टा डेल पेरू)सहभागी भए पनि रिम निर्माणमा उसको भूमिका त्यति सक्रिय थिएन । तर पेरूमा चलिरहेको जनयुद्धमाथि विश्वको ध्यान केन्द्रित भइरहेको थियो । यसले रिमको प्रभावलाई विस्तार गर्न सहयोग पुऱ्यायो । तर विभिन्न कारणले गर्दा पेरू कम्युनिस्ट पार्टीले रिमको संरचनाभित्र कहिल्यै पनि नेतृत्वको भूमिका खेलेन ।

मार्क्सवाद-लेनिनवाद र माओवादलाई क्रान्तिको विज्ञान मान्ने पहिलो पार्टी पेरू कम्युनिस्ट पार्टी थियो । मार्क्सवादपछि सर्वहारा क्रान्तिलाई अघि बढाउन मार्क्सवाद-लेनिनवादले महत्वपूर्ण भूमिका खेलेको थियो । तर त्यतिबेला, 'मार्क्सवाद-लेनिनवाद' लाई जसरी बुझिएको थियो र यसको प्रयोग भइरहेको थियो, अब यसलाई यसरी बुझेर मात्र पुग्दैन भन्ने निष्कर्षमा हामी पुग्यौं । केही सङ्गठनहरू, जो आफूलाई मार्क्सवादी-लेनिनवादी भन्थे, ती क्रान्तिकारी थिएनन्, कतिपय यसका नाममा संसद्वादको निकृष्ट रूप प्रयोग गरिरहेका थिए । आफ्नो आधिकारिक विचार मार्क्सवाद-लेनिनवाद भन्दै तिनीहरू आफूलाई कम्युनिस्ट पनि भन्थे, तर वास्तवमा तिनीहरू पुँजीवादी सत्ताको निर्माणमा लागेका थिए । माथि भनेझैँ, माओवादका लागि पेरूभेली कमरेडहरूलाई धन्यवाद दिनुपर्छ, अन्ततः रिमले पनि १९९३मा मार्क्सवाद-लेनिनवाद-माओवादलाई ग्रहण गऱ्यो ।

अध्यक्ष गोन्जालोको गिरफ्तारी पछि पेरू कम्युनिस्ट पार्टी निसहाय रूपमा देखापऱ्यो, र नेपालमा आरम्भ भएको जनयुद्धले फेरि रिमको विकासमा महत्वपूर्ण भूमिका खेल्यो । नेपाल कम्युनिस्ट पार्टी (माओवादी) ले पेरू कम्युनिस्ट पार्टी, यसले नेपालको वस्तुगत स्थिति, जहाँ अझै सामन्तवादी उत्पादन सम्बनध जब्बर रूपमा थियो, त्यहाँ मालेमाको सिर्जनात्मक प्रयोग गरेर जनयुद्ध आरम्भ गऱ्यो । १९०६ देखि २००५ सम्मको जनयुद्धमा, आरम्भका दिनमा यसले प्राप्त गरेको सफलताले विश्वका विभिन्न क्षेत्रका क्रान्तिकारी जनतामा क्रान्तिप्रति आकर्षण जगााउन एकदमै महत्वपूर्ण काम गऱ्यो । तर रिम फेरि यहाँ पनि चुक्यो, न त यसले नेपाली क्रान्तिको रक्षाका लागि व्यापक किसिमले दरिलो जनआन्दोलनको निर्माण गर्न प्रयास नै गऱ्यो ।

आज विश्वमा कतै पनि कुनै पनि समाजवादी क्याम्प छैन, जसबाट क्रान्तिकारी आन्दोलनहरू र जनयुद्धले ठूला साम्राज्यवादी शक्तिहरूसितको सङ्घर्षमा आडभरोसा प्राप्त गर्न सकून् । खास मुलुकमा विजयोन्मुख जनयुद्धले यदि दिगो किसिमले सर्वहाराको जनसत्ता स्थापित गर्न खोज्यो भने, साम्राज्यवादी सेनाको ठूलो चुनौतीको सामना नगरी अघि बढ्ने स्थिति छैन । नेपालका कमरेडहरू मुलुकको विभिन्न स्थानमा जनसत्ता स्थापित गर्न सफल भएका थिए र रणनीतिक सन्तुलनको चरणमा पुगेका थिए, तर प्रचण्ड-बाबुराम नेतृत्वको आत्मसमर्पणका कारण नेपालका कमरेडहरू सत्ता प्राप्तिको प्रश्न समाधान गर्दै क्रान्तिकारी केन्द्रीय सत्ता निर्माण गर्न सक्षम भएनन् ।

रिम र बाहिर रहेका अन्य क्रान्तिकारी शक्तिहरूले सक्रिय र ठोस सहयोग र समर्थन गरेको भए नेपाल कम्युनिस्ट पार्टी एकीकृत (माओवादी) भित्र रहेका क्रान्तिकारीहरू अवश्य पनि लाभान्वित हुन्थे । नेपाली क्रान्तिका विरुद्ध अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादद्वारा चालिएको निरन्तर षड्यन्त्र (कतिपय सन्दर्भमा प्रचण्ड-बाबुरामसित सहकार्य पनि) विरुद्ध व्यापक अभियानको आवश्यकता थियो । यसो हुन सकेन-अथवा प्रयासले व्यापक रूप लिन सकेन । आज नेपाल कम्युनिस्ट पार्टी-माओवादीभित्र अगाडि बढ्न नयाँ बाटो खोजिरहेका क्रान्तिकारीहरू र अन्य कम्युनिस्ट समूहहरूलाई सहयोगको आवश्यकता छ र यसले हाम्रो आन्दोलनलाई भरथेग नै गर्दछ ।

नेपालमा जो अहिले क्रान्तिकारी आन्दोलनलाई नयाँ किसिमले पुनर्गठित र सङ्गठित गरी अघि बढाउने प्रयासमा लागेका छन्, उनीहरूलाई गरिने सहयोग र समर्थनको सार्थकता र प्रभावकारिताले नेकपा (एमाओवादी) भित्रको गलत प्रवृत्तिको आलोचना गरेपछि नै पूर्णता पाउँछ र यो आवश्यक पनि छ । उनीहरूले सामना गरेका गारासाङ्ग्राहरूलाई समर्थन गर्ने आधार वैचारिक तथा राजनीतिक पक्षहरू नै हुन् र हुनुपर्छ । तर यस किसिमको सहयोग त्यस्ता पार्टी तथा सङ्गठनहरूबाट एकदमै कम प्राप्त हुन्छ, जोसित क्रान्तिकारी व्यवहारको कुनै अनुभव छैन र आआफना मुलुकमा तथाकथित 'क्रान्तिकारी वस्तुस्थिति' को सम्भावना देखापर्ला भनेर कुरेर बसिरहेका हुन्छन्, आखिर यस्तो चाहिँ कहिल्यै हुँदैन ।

विभिन्न माओवादी पार्टी तथा सङ्गठनहरूले क्रान्तिकारी जनयुद्धलाई समर्थन गर्ने कार्य जारी राख्नुपर्छ–जसरी पेरू र नेपालको जनयुद्ध १९८० देखि २१ औं शताब्दीको आरम्भसम्म विकशित भएको थियो–यस्तो सहयोगी शक्तिहज्ञको निर्माण जसले खास देशमा जनयुद्ध आरम्भ गर्नका लागि सहयोग प्रदान गरोस् । यति अन्यत्र पनि ठोस किसिमको क्रान्तिकारी विकास भएको भए नेपालको जनयुद्ध एक्लो पर्ने अवस्था कमै हुन्थ्यो, क्रान्तिकारी जनताको विजयको सम्भावना प्रबल हुन्थ्यो ।

समग्रमा रिममा इच्छाशक्तिको सर्वथा अभाव रह्यो र यसले आन्दोलनको सही राजनीतिक नेतृत्व लिन सकेन । हाम्रो विचारमा यो कमजोरी जनयुद्ध र यसको व्यावहारिक प्रयोगको सार्वभौम सिद्धान्तप्रतिको बुझाइमा रहेको दोषसित सम्बद्ध छ । र प्रस्टताका साथ, क्रान्तिकारी कम्युनिस्ट पार्टी, अमेरिका (आरसिपी, युएसए) जसले रिमको कमिटी (कोरिम) नेर्तत्व गर्थ्यो, रिमको अवसानका लागि मूलरूपमा उही जिम्मेवार छ ।

केही वर्षपछि आरसिपी, अमेरिकाले आफ्नो अध्यक्ष बब अभाकियनले अघि सारेको 'नयाँ संश्लेषण' लाई मार्क्सवाद-लेनिनवाद-माओवादको विकास भन्दै सबै माओवादी शक्तिहरूले यसलाई अँगाल्नुपर्छ भन्यो । तथाकथित संश्लेषणलाई स्वीकार गरेबिना कुनै पनि क्रान्तिकारी गतिविधि सम्भव छैन भन्ने अडानमा आरसिपी, अमेरिका पुग्यो । हामी माओवादी पार्टी अफगानीस्तानका कमरेडहरूको अभाकियनको 'न्यु सिन्थेसिस' 'उत्तर-मालेमा' हो भन्ने ठहरप्रति सहमत छौं, आखिर यो दक्षिणपन्थी अवसरवादबाहेक अरू केही होइन, जसले सर्वहारा अधिनायकत्वको परित्याग गर्छ र समग्र रूपमा निम्न बुर्जुवा दृष्टिकोण र पद्धतिमा आत्मसमर्पण गर्छ ।

आज रिमको अनुपस्थितिमा मालेमालाई आफ्नो देशको विशिष्ट परिस्थितिमा लागू गर्ने काममा लागेका माओवादी पार्टी तथा सङ्गठनहरूबीच यथाशीघ्र पुनर्गठित र सङ्गठित हुन आवश्यक छ । यसले सबैलाई वैचारिक तथा राजनीतिक बहसछलफलबाट लाभ लिने तथा एकताबद्ध हुने अवसर प्राप्त हुनेछ ।

हाम्रो पार्टी बहस छलफल चलाउने, माओवादी पार्टी तथा सङ्गठनहरूबीच सम्भव भएसम्म एकता कायम गर्ने तथा पुनर्गठनमार्फत एकतालाई बलियो बनाउने प्रक्रियाको समर्थन गर्छ । यस कार्यमा अन्तर्राष्ट्रिय प्रकाशन माओवादी बाटो ९ःबयष्कत च्यबम० पत्रिकाको पुर्नप्रकाशन, दुईपक्षीय संवादमा वृद्धि गर्ने, माओवादी पार्टी तथा सङ्गठनहरूको क्षेत्रीय तथा अन्तर्राष्ट्रिय बैठक राख्ने, भारतमा भाकपा (माओवादी)को नेतृत्वमा चलिरहेको जनयुद्धका विरुद्ध भारतीय प्रतिक्रियावादी सत्ताले चलाएको प्रतिक्रान्तिकारी युद्ध विरुद्ध हामीले चलाएको साझा अभियानजस्तै साझा मुद्दामा अन्तर्राष्ट्रिय अभियान चलाउने लगायतका विषयहरूलाई यसमा समाविष्ट गराउन सकिन्छ ।

अन्तर्राष्ट्रिय केन्द्रको पुनर्निर्माणको कार्य अत्यावश्यक देखिए पनि यसमा हामीले एकदमै हतारपतार गर्नुचाहिँ हुँदैन । सिद्धान्तहीन एकता र देखिनेगरी बोध हुने केन्द्रवादले हाम्रो आन्दोलनलाई कमजोर पार्ने काम मात्र गर्छ । कुनै पनि अन्तर्राष्ट्रिय (क्षेत्रीय पनि) प्रयासले यी कमजोरीहरूलाई सम्बोधन गर्नुपर्छ र खुला वैचारिक तथा राजनीतिक सङ्घर्षका लागि स्वीकृति दिनुपर्छ : अन्तर्राष्ट्रिय सर्वहाराको क्रान्तिकारी सङ्घर्षका लागि हामीले साझा बुझाइको मिलनबिन्दु खोज्न चाहेका हौं भने यसलाई आवश्यक सर्तका रूपमा लिनुपर्छ, यो हाम्रो उद्देश्यलाई सहयोग पुऱ्याउने खालको हुनुपर्छ ।

अन्त्यमा, हरेका देशमा माओवादी पार्टी निर्माण गर्न तथा अघि बढाउन एउटा अन्तर्राष्ट्रिय सङ्गठन अत्यावश्यक छ । यस्ता पार्टीहरूले आफनो देशको आन्तरिक वस्तुस्थिति, त्यसमा पनि समाजवाद र साम्यवाद (कम्युनिस्ट कार्यक्रमका लागि यी दुई केन्द्रीय तत्व हुन्) प्राप्तिका लागि आवश्यक पर्ने आफ्नो समाजको वर्गसम्बन्ध र क्रान्तिकारी रणनीतिको सही विश्लेषण गर्नु आवश्यक छ र अनि यो रणनीतिको व्यवहारमा लागू गर्नुपर्छ । आफ्नो हकमा, अन्तर्राष्ट्रिय सङ्गठनले हरेक देशका सङ्गठनहरूमाझ सम्बन्धको समन्वय गर्नेछ, साझा अभियान चलाउने छ र पार्टीहरूबीच कुनै प्रकारको मतभिन्नता भयो भने त्यसलाई समाधान गर्न सहयोग पुऱ्याउने छ । यसो गर्दा यसले केन्द्रीय नेतृत्वदायी संस्थाका रूपमा विचारको तहमा मात्र नभएर राजनीतिक तहमा पनि आफ्नो काम गर्ने क्षमताको अभिवृद्धि गर्नेछ र आफूलाई स्थापित गर्न पनि सफल हुनेछ ।

सम्भव भएसम्म एकताको आधार हरेक समूहको विशिष्टतालाई समेट्ने खालको हुनुपर्छ । यसो हुँदाहुँदै पनि अन्तर्राष्ट्रिय स्तरमा, राष्ट्रिय यथार्थहरू एकदमै फरक छन् भन्ने कुरा प्रस्ट छ । कतिपय मुलुकहरू किसानहरूको ठूलो सङ्ख्याको उपस्थितिसहित अझै पनि प्राक-पुँजीवादी उत्पादन सम्बन्धको गम्भीर कोपभाजनमा परेका छन् । राष्ट्रियताको मुद्दा हल नभएका कतिपय साम्राज्यवादी मुलुकहरू पनि छन् । कतिपय ठूलो भूगोल ओगटेका र कतिपय साना मुलुकहरू पनि छन् । कतिपय मुलुको मजबुत क्रान्तिकारी विरासत छ, कसैको छैन । यस्तैयस्तै ।

सङ्ठनात्मक तहमा यस्ता केही अप्ठ्याराहरू छन् । विश्वक्रान्तिको 'समाजवादी गृहभूमि' र उन्नत पुँजीवादी मुलुकहरूका सर्वहाराले नै विश्वक्रान्तिको नेतृत्व गर्छन् भन्ने धारणा नै केही मात्रामा तेस्रो अन्तर्राष्ट्रियको असफलताको परिणाम थियो । त्यो अवधारणा खासगरेर औपनिवेशिक मुलुकहरूका लागि चित्तबुझ्दो ... बाँकी ७ पेजमा

## सामाजिक सञ्जाल



तिम्रो दलालीको आवरण च्यातिने छ
जनअधिकारविहीन संविधान च्यातिने छ
जनताको आफ्नै सुनौलो व्यवस्था ल्याउन,
अझै एउटा आँधी त आउन बाँकी नै छ ।

*– विश्व प्रकाश चौलागाई*



पार्टी बनाउन सिद्धान्त र संगठन चाहिन्छ, मान्छु । तर विचार सही र संगठन बलियो छ भन्नेहरूले धोका दिएको अनि विचार सही छ भन्नेहरूले मुलुकको अवस्था बुझ्न नसकेर थला परेको पनि सत्य हो । त्यसैले कोही काम गर्ने आयो भने ठूला भनिनेहरू थला पर्ने अवस्थाको राम्रो विकास भएको छ । *– दिपेन्द्र कुँवर*



यो संसदीय व्यवस्था हो । संसदीय व्यवस्थामा जो सँग सत्ता, शक्ति, पैसा, छल, छाम, षड्यन्त्र छ, जसले जति त्यसको दुरूपयोग गर्न सक्छ, उसैको पक्षमा प्रायः चुनावी परिणाम आउँछ । यो अनौठो कुरा होइन । जितमा मात्तिनु र हारमा आत्तिनुको कुनै अर्थ छैन । यो चल्दै आएको कुरा हो, यो व्यवस्था रहुन्जेल चलिरहन्छ । वास्तविक जनमतको प्रतिनिधित्व संसदवादीहरूले गरेका हुँदैनन्, छैनन् ।*– इन्द्र राउत*

चुनाबी नतिजा आफ्नो पक्षमा ल्याउन 'उर्जाशिलता' को अभाब टार्न १०लाख भन्दा धेरै खर्च गरेर टि. यु .को नतिजा हातलागी भयो अघिल्लो स्व बि यु मा ।



अन्तर संसदिय राजनितिको सेरोफेरोमा प्रतिष्पर्धी रहेका तीन वा सो भन्दा धेरै दल सम्बद्ध संगठनहरूले प्राप्त बिजयको हिसाब लाई बुझ्न 'उर्जाशिलता'को अर्थराजनिती बुझ्न जरुरी हुन्छ ।

क्रान्तिकारी माओवादी सम्बद्ध बिध्यार्थी हरूको कमजोर उपस्थितिको कारण मुख्य कुरा यहि हो।

अरु चाहिँ सहायक मात्र ।

कोहि आत्तिनु र मात्तिनुको अर्थ छैन ।

*– ईश्वर तिमिल्सिना*



एमाले (बिशेष गरेर ओली प्रबृत्ती) गौरकाण्डको पुनरावृत्ति चाहन्छ। साम्प्रदायिक हिंसा गराएर बिखण्डनको लागी भारतिय काङ्ग्रेस (इन्दिरा गान्धीको) त्यो बेला देखिको योजना साकार पार्न चाहन्छ ।

यो देशलाई सिके राउतबाट भन्दा बढी खतरा ओलीबाट छ । एउटा जेलमा छ, अर्को भारतिय नम्बर प्लेटमा सरर !!

देशलाई माया गर्ने एमालेप्रेमी युवाहरू, सत्ता नपाएर पागल बनेको नेतृत्वलाई रोक, सम्भावित झडप निम्त्याउने काम नगर । *– ईश्वर अर्याल*



नाचघरको दृश्यले भन्थ्यो 'कुनै दिन नेकपा पनि छोडिन्छ' किनकी मुख्य कुरा नाम होइन काम हो !

*– खगेन्द्र छन्त्याल*



आफूले जित्ने भए चुनाव हुन दिने, हार्ने भए चुनाव भाँड्ने यो कुन तन्त्र अर्न्तगत पर्छ हँ ?

*– मनोज श्रेष्ठ*




हामी हरेक छोरीलाई आज यही भन्ने छौं
हरेक आमाबुबालाई यही भन्न लगाउने छौं ।
छोरी दानको सामान होइन, जसलाई तिमी दान देऊ
छोरी एक आदर्श हुन्, उनलाई जीवनसाथीसँग पठाऊ
छोरी जनावर होइन, जसलाई तिमी दान दिन्छौं
छोरी पनि तिम्रो सन्तान हुन्, कहिले उसलाई चिन्छौं ।

*– शोभा गजुरेल*



तीतो यथार्थ :

विद्यमान दलाल संसदीय राज्य व्यवस्थाको विकल्प नदेख्ने पार्टीहरूमा पैसा र पाखुरावालाहरूको हाई हाई स इमान्दार, त्यागी र निष्ठावानहरू गुमनाम ! चुनावताका पार्टीमा टिकटको टेन्डर आह्वान हुन्छ, बाजी मार्छ पैसा वालाले । चुनाव जितेपछि जनताको पक्षमा केही गर्न सक्दैन वा गर्दैन । अनि भन्छ- 'अर्को पटक टिकट पाएर फेरि चुनाव जितें भने धेरै काम गर्छु ।' तीनमुख्य दोष पात्रको होइन, राज्य प्रणालीको । *– थमनसिंह राई*



पत्रकार भन्ने पार्टीको कार्यर्कर्ताझैं स्वयंसेवकको कार्ड भिर्ने पत्रुकारबाट, पत्रकार महासंघ र नेपालको पत्रकारिताजगत्ले कहिले उन्मुक्ति पाउला ?

*– अल्टर कान्छो (O+ive)*

# मिथिला राज्यस्तरीय प्रशिक्षणबाट प्राप्त अनुभूति र शिक्षा

❑ हस्तबहादुर केसी

२०७३ फाल्गुन १४ गतेदेखि १७ गते सम्म नेकपा (क्रान्तिकारी माओवादी) मिथिला राज्यस्तरी कार्यकर्ता प्रशिक्षण कार्यक्रम सम्पन्न भयो । प्रशिक्षण कार्यक्रमको आयोजना नेकपा (क्रान्तिकारी माओवादी) मिथिला राज्य समन्वय समितिले गरेको थियो । कार्यक्रम सिराहा जिल्लाको गोलबजार स्थित उद्योग व्यापार वाणिज्य महासंघको हलमा आयोजना भएको थियो । यस प्रशिक्षणको उद्घाटन नेकपा (क्रान्तिकारी माओवादी) केन्द्रीय कार्यालय सदस्य तथा देजमो नेपालका अध्यक्ष सी.पी. गजुरेल 'गौरव' ले गर्नु भएको थियो । सहभागी संख्या ३६ जना रहेको थियो । यो आवसीय रूपमा संचालन गरिएको थियो । खाने, बस्ने, र प्रशिक्षण सबै कार्यक्रम उक्त भवनमै व्यवस्था मिलाइएको थियो ।

**प्रशिक्षणका विषयहरू :**

१) दर्शन, २) राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवादका समग्र विषयहरू समाविष्ट गरिएका थिए ।

**प्रशिक्षकहरू**

*- दर्शनको विषयमा हस्तबहादुर के.सी.*
*- राजनीतिक अर्थशास्त्रमा क. परि थापा*
*- वैज्ञानिक समाजका विषयमा क. सी.पी. गजुरेल गौरव*

क. परि थापाले केहि दर्शन अन्तर्गतका विषयहरू लिनु भएको थियो । कार्यक्रमको समग्र पाटोको विश्लेषण गर्दा निकै व्यवस्थित र सबैका लागि शिक्षाप्रद रहेको छ ।

उद्घाटन कार्यक्रमको उदघाटन प्रमुख अतिथि समेत रहनु भएका क. गौरवले गर्नु भएको थियो । प्रशिक्षण कार्यक्रमको उद्देश्यहरूबाट केन्द्रीय पार्टी स्कुल विभागका प्रमुख क. परि थापाले प्रकाश पार्नु भएको थियो र सभापतित्व मिथिला राज्य समन्वय समितिका संयोजक क. कृष्णदेव दनुवारले गर्नु भएको थियो भने कार्यक्रममा सहभागीहरूलाई सोही समितिका सह-संयोजक क. रोशन जनकपुरी 'लाल' ले गर्नु भएको थियो । कार्यक्रम संचालन केन्द्रीय पार्टी स्कुल विभागका सचिव क. हस्त बहादुर के.सी. ले गर्नु भएको थियो ।

मार्क्सवादका तीन संघटक अंग दर्शन, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजका आधारभूत सिद्धान्तहरूलाई समेटेर पार्टीले

१) प्रारम्भिक तह
२) विस्तृत तह,
३) विशिष्ट तह
४) अनुसन्धानात्मक तह

यस प्रकारले चार तहको कोष निर्धारण गरेर देशव्यापी रूपमा लागु गरिएको छ ।

*- प्रारम्भिक तहलाई जिल्ला स्तर*
*- विस्तृत तहलाई राज्यस्तर*
*- विशिष्ट तहकोलाई केन्द्रीय स्तरको*
*- अनुसन्धानात्मक तहलाई अलग्गै कोर्षको व्यवस्था गरेको छ ।*

मिथिला प्रशिक्षण राज्यस्तरको कोर्ष अन्तरगतको प्रशिक्षण भएकाले हामीले विस्तृत तहको कोर्षमा आधारित रहेर प्रशिक्षणका विषयहरू प्रस्तुत गरेका थियौं ।

पार्टी स्कुलिङलाई क्रान्तिकारी कम्युनिष्ट पार्टीहरूको नेता, कार्यकर्ताहरूको



वैचारिक, सैद्धान्तिक, दार्शनिक राजनीतिक आदि विषयहरूमा स्तर वृद्धि गर्ने, गराउने थलोको रूपमा हेरिन्छ । पार्टी नीति र निर्णयानुसार पार्टी नेता, कार्यकर्ताहरूलाई सुव्यवस्थित र वैज्ञानिक ढंगले प्रशिक्षित तुल्याउने कामको प्रारम्भ रुसमा लेनिनले गर्नु भएको थियो भने यसलाई साँच्चिकै व्यवहारिक रूप दिने काममा चीनमा क. माओले गर्नु भएको थियो । विश्वका अन्य क्रान्तिकारी कम्युनिष्ट पार्टीहरूले पनि व्यवस्थित खालले आफ्ना कार्यकर्ताहरूलाई स्कुलिङ गरेको पाइन्छ ।

जुनसुकै मुलुकमा भएपनि क्रान्तिको नेतृत्व गरि रहेको कम्युनिष्ट पार्टीका लागि लाल र निपुण दुवै गुणले युक्त कार्यकर्ताहरू मुख्य साधानको रूपमा लिइन्छ । त्यसो भएर पार्टी स्कुलिङलाई क्रान्तिकारी कम्युनिष्ट पार्टीका नेता, कार्यकर्ताहरूलाई दार्शनिक, वैचारिक, सैद्धान्तिक, राजनीतिक आदि विषयमा खार्ने एउटा वैज्ञानिक भट्टिको रूपमा लिइन्छ ।

पार्टी पनि छ, उसले लिएको नीति पनि सही छ, नेताहरू पनि छन्, इतिहासमा राम्रो छ तर कार्यकर्ताहरू भने मार्क्सवादका तीनवटै अंग दर्शन, राजनीतिक शास्त्र र वैज्ञानिक समाजवादका आधारभूत सिद्धान्त प्रति अनभिज्ञ छन्, पार्टीले उनीहरूलाई सुव्यवस्थित ढंगले स्कुलिङ गराएको छैन, उनीहरूसँग कुनै विश्व दृष्टिकोण पनि छैन, क्रान्तिकारी नैतिकता र सर्वहारावर्गीय आचारण र व्यवहार उनिहरूसँग छैन, देश, जनता र पाटीका लागि समर्पित नेता, कार्यकर्ताहरूको विशाल पंक्ति खडा गर्न सकिएको छैन भने त्यस प्रकारको क्रान्तिकारी भनिने कम्युनिष्ट पार्टीले देश र जनताको मुक्तिको नेतृत्व गर्न असम्भव हुन्छ । जो अहिले नेपालको समग्र भएको वादी आन्दोलनमा पैदा भएको छ । यस प्रकारको पार्टीले क्रान्तिको नेतृत्व गर्न पनि असंभव हुन्छ । क्रान्ति पुरा गर्ने कार्य त धैरै परको विषय हो र अति कठिन कार्यभार पनि हो । तर यो ऐतिहासिक कार्यभार एउटा समयमा क्रान्तिकारी कम्युनिष्ट पार्टीले मात्र पुरा गर्न सक्छ जोसित वैचारिक, सैद्धान्तिक, दार्शनिक, राजनीतिक आदि विषयले सुसज्जित भएका विशाल नेता, कार्यकर्ताहरूका विशाल पंक्ति खडा भएको हुन्छ ।

यिनै उद्देश्य र लक्ष्यहरू पुरा गर्ने महान नेपाली नयाँ जनवादी क्रान्तिको कार्यभार पुरा गर्ने उद्देश्यले गठित हाम्रो पार्टी नेकपा (क्रान्तिकारी माओवादी) ले केन्द्रीय स्तरमा, राज्य स्तरमा र जिल्ला स्तरमा गरि तीन तहको पार्टी स्कुल विभाग गठन गरेर हरेक तहमा स्कुलिङ गर्नका लागि निश्चित कोर्षको व्यवस्था गरेको छ ।

अहिले भर्खरै हामीले केन्द्रीय पार्टी स्कुल विभागको तर्फबाट मिथिला राज्यस्तरीय ४ दीवसीय स्कुलिङ गेरर फर्केका छौं । यो भन्दा पहिलो दुई दुई पटक नेवाः राज्य स्तरीय स्कुलिङ संचालन गरेका थियौं । केन्द्रीय पार्टी स्कुल विभागले एउटा प्रशिक्षण कक्षमा ३० जनादेखि ५० जना समावेश गराउन सकिने व्यवस्था गरेको छ । जिल्ला स्तरको कोर्षमा ५ दिनको समय, राज्य स्तरको कोर्षमा ७ दिनको अवधि निर्धारण गरिएको छ भने केन्द्रीय स्तरमा विषयका आधारमा केन्द्रले निर्धारण गरे बमोजिम गर्ने व्यवस्था छ ।

केन्द्रीय पार्टी स्कुल विभागले काठमाडौंमा स्थायी पार्टी स्कुलिङ संचालन गर्ने र घुम्ति स्कुलिङका लागि देशभरि र विदेश प्रवासमा समेत संचालन गर्न सक्ने व्यवस्था गरेको छ ।

हामीले अहिले मिथिला राज्यस्तरीय स्कुलिङ समयावधि ४ दिनको रहयो भने आवसीय स्कुलिङ संचालन गऱ्यौं । समय र छलफल गर्ने वातावरणको लागि आवसीय स्कुलिङ सबैभन्दा वैज्ञानिक लाग्यो ।

राज्यस्तरको स्कुलिङमा ५० जना सहभागी गराउन सकिने व्यवस्था भएकोमा त्यहाँ ३६ जना सहभागी हुनुभयो । त्यस राज्य अन्तर्गत कार्यरत केन्द्रीय समितिका सदस्यहरू पनि उक्त स्कुलिङमा सहभागी हुनु भयो ।

जिल्ला स्तरको अर्थात प्रारम्भिक तहको स्कुलिङको व्यवस्था नभइसकेका कारण राज्य स्तरमा सहभागी हुने कमरेडहरूको वैचारिक स्तर असमान रहने कुरा स्वभाविक भयो ।

नियमित रूपमा स्कुलिङ संचालन हुदै नआएको र छोटै अवधिमा केन्द्रीय पार्टी स्कुल विभागलाई खबर आएका कारण एकातिर प्रशिक्षकहरूले प्रशिक्षणका विषयहरू प्रति आवश्यक अपडेट गर्ने र तयारी गर्ने समय कमै रहयो । अर्को तिर सात दिनको कोर्षलाई चार दिन मै सक्नु पर्ने भएकाले सहभागीहरूलाई सरल ढंगले बुझाउने काममा अलि अप्ठ्यारो नै महसुस गरियो । सात दिनको कोर्षलाई घटाएर चार दिनका लागि ट्याक्क पारेर प्रस्तुत गर्ने कार्यमा प्रशिक्षकहरूमा कमि नै रहयो, जसले गर्दा सहभागीहरूले बुझ्ने पनि अलि गाह्रो हुने भयो नै ।

आजसम्म कार्यकर्ताहरूलाई मार्क्सवादका आधारभूत सिद्धान्त प्रति स्कुलिङ नगराइएका सिद्धान्त र पदावलीहरूमा सामान्य ज्ञान नभएको र कार्यकर्ताहरूमा मार्क्सवादका कारण एकाएक ती विषयहरूमा स्कुलिङ गर्दा सहभागीहरूले सजिलै बुझ्न नसकेको पाइयो । सहभागीहरूबाट अनुभूति प्रस्तुत गर्ने मौका दिइएको थियो एक जना सहभागीले त केही पनि बुझ्न सकिन भन्ने अनुभूति सुनाउनु भएको थियो ।

**यस प्रशिक्षणबाट हामीलाई पनि के अनुभूति र शिक्षा मिलेको छ भने :**

१) प्रशिक्षकहरूले पनि समय र परि स्थिति बमोजिम आफ्नो विषयको कोर्षलाई सहभागीहरूलाई सजिलो तरिकाले बुझाउन सक्ने गरि स्कुलिङ गर्न पूर्व तयारी प्रसस्त मात्रामा गर्नु पर्ने ।

२) पार्टीले देशव्यापी रूपमा राज्यस्तरमा र जिल्ला स्तरमा पार्टी स्कुल विभाग गठन गर्ने र नियमित रूपमा स्कुलिङ सञ्चालन गर्ने ।

३) जिल्ला स्तरमा स्कुलिङ गराइएकाहरूबाट बढि भन्दा बढि मात्रामा राज्यस्तरको स्कुलिङमा सहभागी गराउने अनिवार्य ।

४) स्कुलिङको व्यवस्था आवासीय नै गर्दा बढि व्यवहारिक हुने देखियो ।

५) पार्टी पक्तिमा मात्र होइन जवसा मोर्चा लगायत हरेक संगठनहरूले स्कुलिङ संचालन गर्नु पर्ने ।

६) हरेक तहका स्कुल विभागहरूलाई पुर्नव्यवस्थित गर्नु पर्ने ।

७) जिल्ला तथा राज्य स्तरका कार्यकर्ताहरूलाई प्रशिक्षित तुल्याउनु भन्दा पहिले केन्द्रीय समितिका सदस्यहरूलाई अनिवार्य रूपमा प्रशिक्षित तुल्याउनु पर्ने ।

८) जिल्ला स्तरका, राज्य स्तरका र केन्द्रीय समितिका सदस्य समेत सहभागी बनाएर गर्ने स्कुलिङ अवैज्ञानिक र अव्यवहारिक बन्न जाने खतराबाट स्कुलिङलाई जोगाउन अनिवार्य देखिन्छ ।

हामीले देशव्यापी रूपमा र प्रबास तथा विदेशमा समेत स्कुलिङ सञ्चालन गर्नु पर्ने भएकाले माथि उल्लेख गरिएका अनुभूति र शिक्षाहरूबाट थप पाठ सिकेर स्कुलिङका हरेक तह र स्तरलाई बढि भन्दा बढि वैज्ञानिक र व्यवहारिक गराउदै लैजानु पर्ने देखिन्छ । यस प्रशिक्षणको अनुभूति र शिक्षाबाट के निष्कर्ष निकाल्न सकिन्छ भने पहिलो, पार्टी केन्द्रीय सदस्यहरूलाई स्कूलिङ गर्ने, दोस्रो, निर्धारित पाठ्यक्रमको आधारमा राज्य समितिहरूले जिल्ला स्तरको प्रशिक्षण गर्ने, तेस्रो, केन्द्रीय पार्टी स्कूल विभागले राज्य स्तरको व्यवस्थित खालको स्कूलिङ गर्ने हो भने मात्र आम पार्टीपंक्तिभित्र मालेमावादको आधारभूत सिद्धान्तको बारेमा बुझाइमा एकरूपता हुने देखिन्छ ।

*(लेख नेकपा (क्रान्तिकारी माओवादी) का केन्द्रीय पार्टी स्कुल विभागका सचिव तथा प्रशिक्षक हुन् ।)*

# सस्तो बजारका स्वरोजगार व्यवसायीको आन्दोलनमा क्रान्तिकारी माओवादीको ऐक्यबद्धता

पोखरा । पोखराको सस्तो बजारमा २१७ वटा स्टल राखी खुद्रा व्यवसाय गर्दै आएका स्वरोजगार व्यावसायीहरूलाई हटाउन विचौलिया( गुण्डा)हरूले खडा गरेको आतंकका विरुद्ध नेकपा (क्रान्तिकारी माओवादी) खडा भएको छ । व्यावसायीहरूमाथि भएको ज्यादतीका विषयमा पार्टीको गम्भीर ध्यानाकर्षण भएको भन्दै करिब महिना दिनदेखि स्वरोजगार व्यावसायीले विचौलियका विरुद्ध जारी राखेको प्रतिरोध आन्दोलनप्रति ऐक्यबद्धता जाहेर गरेको छ र भनेको छ- "सस्तो बजारका व्यवसायीहरू र पोखरा सस्तो बजार व्यवस्थापन समितिको माग र आन्दोलनप्रति हाम्रो पार्टीको एक्यवद्धता र समर्थन रहेको छ । राज्यले सस्तो बजारको व्यवसायीहरूलाई न्याय देओस् र गुण्डा आतंक नियन्त्रण गरोस् ।" क्रान्तिकारी माओवादीका कास्कीका सेक्रेटरी भीमबहादुर श्रीस मगरले शुक्रबार एक विज्ञप्ती जारी गर्दै व्यावसायीहरूको प्रतिरोध आन्दोलनप्रति ऐक्यवद्धता जाहेर गरेका हुन् ।

क्रान्तिकारी माओवादीका जिल्ला सेक्रेटरी श्रीस मगरले जारी गरेको विज्ञप्तीमा भनिएको छ, "२०६९ सालमा सुन्दर पोखरा र फुटपाथ व्यापार निषेध पोखरा बनाउन सडक पेटिमा आक्तनो सानो व्यवसाय गर्दै आएका व्यापारीहरूलाई जिल्लामा क्रियाशिल सबै राजनैतिकदल, जिल्ला प्रशासन कार्यलय, पोखरा उद्योग वाणिज्य संघ, पोखरा उप-महानगरपालिका, पोखरा उपत्यका नगर विकास समितिको सहयोगमा पोखरा-९, नयाँ बजारमा रहेको नेपाल वायुसेवा निगमको जग्गामा मासिक भाडा तिर्ने गरी बस्ने निर्णय भए अनुसार २१७ वटा स्टल राखेर एउटै छानामुनि स्वरोजगार व्यवसायीहरूले आफ्नो व्यवसाय सञ्चालन गर्दै आएका छन् । नेपाल वायूसेवा निगमले शुरुका दिनमा कृष्णप्रसाद श्रेष्ठ मार्फत् मासिक रु.३०,०००।- भाडा बुझ्दै आएको र पछिल्लो दिनमा सामान्य रूपमा मात्र भाडा बढेको देखिएको थियो तर नेपाल वायूसेवा निगमले २०७२ चैत्र मसान्तमा कृष्ण प्रसाद श्रेष्ठसँग गरिएको सम्झौताको समय सकिएर नयाँ सम्झौताको लागी काम थाल्ने वित्तिकैबाट सस्तो बजारमा अशान्ति मच्चिएको अवस्था छ । हामीलाई जानकारी भए अनुसार सस्तो बजारमा "पोखरा सस्तो बजार व्यवस्थापन समिति" पनि निर्माण भएको छ । बजार स्थापना भएदेखि नै यस व्यवस्थापन समितिले व्यवसायीहरूको हक, हित, सुरक्षा र सुविधाको क्षेत्रमा अत्यन्तै उच्च भूमिका निर्वाह गर्दै आइरहेको छ । व्यवसायी, नेपाल वायुसेवा निगम, ठेकेदारहरू बीच वेलाखबत उत्पन्न हुने अन्तरविरोधहरू ठिक-ठिक ढंगले व्यवस्थापन गर्ने कुरामा व्यवस्थापन समिति कूशल नै देखिएको थियो । बजारभित्र पानी, बत्ति, पार्किङ्ग आदि सवालमा व्यवस्थापन समितिको नेतृत्व निकै प्रभावकारी रहेको प्रमाणित भएकै छ । यसै वर्षको कार्तिक ८ गते पहिलो पटक र मंसिर १ गते दोस्रो पटक "स्टल बुकिङ्ग सम्बन्धमा" भन्ने व्यहोराको व्यवासायीहरूलाई आतांकित पार्ने गरी "सुर्यदिल ग्रुप इन्भेष्टमेन्ट कम्पनी प्रा.लि. काठमाण्डौंको तर्फबाट पूर्ण बहुदर पाठक र टंक प्रशाद खतिवडाको नाममा पत्र पठाइएको अवस्था पनि सस्तो बजारमा श्रृजना हुन पुग्यो । एकै पटक तीन गुणा भाडा बढाएर बुझाउन आउनुपर्ने त्यति मात्रै नभएर नयाँ सम्झौता गर्दा स्टल बुकिङ्ग मार्फत् ५०,०००।- अग्रिम भुक्तानी दिनुपर्ने धम्कि पत्र प्रत्येक व्यवसायीलाई चुल्ठे, मुन्द्रे प्रयोग गरी जबरजस्ती थमाइयो । यसपछिका दिनबाट नै व्यवसायीहरूमा आतंक र आक्रोश पैदा भएको अवस्था हो । वायुसेवा निगम पोखराका क्षेत्रीय प्रमुख विजय बस्नेत, युवराज खतिवडा र टंक खतिवडाले फाल्गुण महिनाको शुरुवातिबाट सस्तो बजार क्षैंत्रमा गुण्डाहरू परिचालन गर्दै "यो बजार हाम्रो हो कि हामीले तोकेको भाडा र धरौटी रकम बुझाउ नत्र बजार छोड" भन्दै दिनदिनै हुलदङ्गा मच्चाउँदै आइरहेको अवस्था छ । यस विचमा "पोखरा सस्तो बजार व्यवस्थापन समिति"ले व्यवसायीहरूले शान्तिपूर्ण र स्वतन्त्रपूर्वक व्यवसाय सञ्चालन गर्न पाउँ भनि मिति २०७३/११/०८ र २०७३/११/१५ दुई पटक सहयोगको अपिल गर्दै प्रेश विज्ञप्ति जारी गरिसकेको छ । "पोखरा सस्तो बजार"का व्यवसायी साँच्चिकै मर्कामा परेको अवस्था हो भन्ने हाम्रो पार्टीको ठहर छ ।"

## कविता

### गणतन्त्र



✍ इन्दिरा अधिकारी

गणतन्त्र आयो भन्छन्
खै कता कता आयो,
यसलाई बझ्नेहरूले
कता कता देखेँ

मैले १० वर्षे जनयुद्धमा,
गणतन्त्रको ज्वाला देखेँ कि थिएँ,
त्यो गणतन्त्र अवसरवादीको हातमा,
लम्पसारवादीका बोली र गोजीमा देखेँ ।

समयको दौडान सँगै गणतन्त्र,
सडकका पेटी र जुलुसहरूमा
राष्ट्रवादको नारा लगाउदै,
राष्ट्र लुटेराहरूको ऐनामा देखेँ ।

पहिलो र दोस्रो नीतिनिर्माण गर्न
आएकाचुनावीलहरहरूमा,
साम्राज्यवाद र विस्तारवादले,
विछ्याएका जालभित्र देखेँ ।

हल्लै हल्लामा गणतन्त्र उदाएको देखेँ
खोज्दै जादा गणतन्त्र,
संसदवादीहरूको भेलमा देखेँ,
नियालेर हेरे हसियाहथौडा नै रुमलिएको देखेँ ।

गणतन्त्रको मुहारै फेरिएछ
यसकाबोली र भाषा फेरिएछन्,
जनवादका उपजहरूलाई लत्याउदै,
दलालपुँजीवादमा वेरिएको पो देखेँ ।

तलदेखि माथिसम्म
मेचीदेखि महाकालीसम्म,
कमिसनखोरको बाढी नै आएछ,
गणतन्त्र त विस्तारवादको इशारामा रमाएछ ।

मजदुर, किसान, उत्पीडित वर्गका,
हकअधिकार सुनिश्चिता गरि
राष्ट्रको विकासमा फुल्ने गणतन्त्र
राष्ट्रघाती सम्झौतामा फुलेको पो देखेँ ।


सर्वहारा वर्गको नाम बेचेर
सहिदको रगतमा होली खेलेर,
समाजवादको झुटो आश्वासन बाँढ्दै,
प्रतिक्रान्तिको झण्डामा फहराएको पो देखेँ ।

हो गणतन्त्र मैले जता तते देखेँ ।
सिमनादेखि दशगजासम्म
नयाँशक्तिदेखि उग्र क्रान्तिसम्म
सूर्य, रुख, हलो हुँदै धर्मको प्रचार प्रसारमा पो देखेँ ।

निराशालाई आशामा बदल्दै
आत्मागत अवस्था सु-संगठित पार्दै,
उत्पीडितवर्ग झै निसासिएको राष्ट्लाई,
निकास दिन फेरि घाम झुल्कने पो देखेँ ।

*समाप्त ।*

### चढ्नुपर्छ !



✍ नाकारा खोटाङ

ए साहिंला !
यो देश " हाम्रो" बनाउन
कति करायौं हगि !?
तर अहिले यो दुनियांमा
खै कता लगे हाम्रो आवाज !?
कति उचाल्यौ खुकुरी,
भाला र तरबारहरू !
हाम्रो आफ्नै छोराछोरिहरूलाइ
कति बोकायौं गोलि र बारुदहरू !
तर यो दुनियांमा
खै कता गायब गरे
हाम्रा पाखुरा र गोडाहरू !
कता लगेर पोले
हाम्रा केटाकेटिका अनुहारहरू ! ?

ए साहिंला !
हामिले नै हैन ?
अँध्यारो चिर्न
लाल्टिन बालेको ?!
अहिले कुन हुरि आयर उडाइ लग्यो ?!
हामिले नै हैन ?
बत्तिमा पटकपटक मट्टितेल थपेको ?!
अहिले को किर्णा पसेर सलेदो चुस्यो !?

ए सहिंला !
तिमि र म नै हो नि !
सन्सार सुन्दर पार्ने झोलामा
सामल भरिदियको ?!
रुखो असिना झरिमा
हाम्रो बस्ती जोगाउन
ओत बनिदियको ! ?
दुस्मनको भिरमा चिप्लिन खोज्दा ( एउटा यात्रा
हामी नै हैन टेका बनिदियको !??

तर, अहिले यो दुनियांमा
के नाटक भैरहेकोछ ?
तिमिले बुज्दैछौ साहिंला ???

अब यहाँ कुनै भावनात्मक सन्बधको काम छैन
अर्को याम नपर्खौं (
मैन बत्ती भयर बल्न

पर्ख , हेर र गर
भन्दाभन्दै
हाम्रो मुटु फेरि निचोर्न आटिसके
हाम्रो स्वास फेरि निल्न आटिसके
सिरानतलामा बस्नेहरूसङ्ग
स्पस्ट हिसाबकिताब गर्न
सडकमा उफ्रेर के काम !?
ए सहिंला !
अब हामी पनि सिरान तलामै चढ्नुपर्छ ।!

## वर्तमान...

समस्या समाधान अहिले सम्म भएको छैन । मजदुर, किसान एवं राष्ट्रिय पूँजीपति वर्गलगायत उत्पीडित जाति, लिङ्ग तथा क्षेत्रका जनता आन्तरिक रूपमा घरेलु प्रतिक्रियावाद र वाह्य रूपमा साम्राज्यवाद र त्यसमा पनि भारतीय विस्तारवादको दोहोरो उत्पीडनमा परेका छन् । यो उत्पीडन घटेको छैन बरु बढेको छ । दलाल तथा नोकरशाही पूँजीपति र सामन्तवर्गबाट बनेको घरेलु प्रतिक्रियावादी सत्ताले उत्पीडित जनताको जनतान्त्रिक अधिकार माथि र साम्राज्यवाद तथा भारतीय विस्तारवादले नेपाल र नेपाली जनताको राष्ट्रिय स्वाधिनता माथि हस्तक्षेप गर्दै आएका छन् । यी दुई प्रकारका उत्पीडनका कारण नेपाल एउटा अर्ध-सामन्ती तथा अर्ध/नव-औपनिवेशिक अवस्थामा रहेको छ । यो नै नेपाल र नेपाली जनताले भोग्दै आएका यावत राजनीतिक समस्याहरूको कारण हो । विद्यमान समस्याहरू यही अर्थ-सामाजिक अवस्थाका प्रतिविम्ब हुन् ।

कुनै पनि वस्तुको रूप त्यसको सारद्वारा निर्धारित हुन्छ । वस्तुको सारमा रहेको समस्यालाई सबोधन गरेर मात्र त्यो वस्तुको रूपमा देखापरेका समस्यालाई समाधान गर्न सकिन्छ । वस्तुको वाह्य रूपमाथि गरिने हस्तक्षेपले त्यसको आन्तरिक सारमा परिवर्तन ल्याउन सक्दैन । अर्थात, बस्तुको रूप परिवर्तन हुंदैमा त्यसको सार पनि बदलिंनै पर्छ भन्ने छैन । तर, सार परिवर्तन भएपछि भने त्यो वस्तु पुरानै रूपमा कायम रहन सक्दैन । यतिबेला, नेपालको राजनीतिक समस्या समाधानका नाममा एमाले धारले स्थानीय निर्वाचनको बहानाबाट र मधेशवादी धारले संघीयताको नामबाट त्यसको वर्तमान रूपमाथि हस्तक्षेप गर्न खोजेका छन् । हस्तक्षेपका यी दुबै विधीमा राष्ट्रिय स्वार्थ होईन एमाले तथा मधेशवादी दलका आ-आफ्ना संकीर्ण स्वार्थहरू लुकेका छन् । तर के कुरा स्पष्ट छ भने यी मध्ये कुनैले पनि देशको आधारभूत समस्यालाई संबोधन गर्न सक्दैनन् । अर्थात, स्थानीय निर्वाचन वा संविधान संशोधन कुनैबाट पनि नेपालको वर्तमान संकटको समाधान संभव छैन । यो त टाउको दुखेको औषधी नाईटोमा लगाउने भने जस्तो मात्र हो ।

नेपाली राजनीतिको यो आन्तरिक अर्थात सार पक्षका कारण नेपाली जनता भित्री र वाहिरी गरी दुई प्रकारका उत्पीडनको मारमा पर्दै आएका छन् । भित्री उत्पीडन नेपाली जनताको जनतन्त्र र जनजीविकाको समस्यासंग संबन्धित छ भने वाह्य उत्पीडन नेपालको राष्ट्रिय स्वाधिनता संग । सुगौली सन्धी देखि आजसम्म यी दुबै समस्या यथावत छन् । कहिले जनतन्त्र त कहिले राष्ट्रिय स्वाधिनताको समस्या प्रधान बने पनि यिनीहरू एक अर्कोसंग अन्तरसंबन्धित छन् र ईनलाई अलग गर्न सकिदैन । या त नेपाली जनताले जनतन्त्र र राष्ट्रिय स्वाधिनता दुबै एकैचोटी प्राप्त गर्छन् या कुनै पनि प्राप्त गर्देनन् । साम्राज्यवादी तथा घरेलु प्रतिक्रियावादीहरूको आपसी अन्तरघुलनका कारण यो स्थिति पैदा भएको हो । नेपालमा प्रतिक्रियावादी तथा संशोधनवादी पार्टीहरूले आजसम्म जनतन्त्र र राष्ट्रिय स्वाधिनतालाई अलग-थलग गरेर जनतालाई विभाजित गर्ने र आफ्नो सत्ता लम्व्याउने काम गर्दै आएका छन् । यसमा स्पष्ट हुन जरुरी छ ।

नेपालको राजनीतिमा दलाल तथा नोकरशाही पूंजीपति वर्ग र सामन्तवादबाट निर्मित प्रतिक्रियावादी सत्ताको एउटा हिस्साले राष्ट्रिय स्वाधिनताको नामबाट त अर्को हिस्साले जनतन्त्रको नामबाट जनतामा भ्रम छर्दै आएको छ । हिजो राजतन्त्रले राष्ट्रियताको नाममा एकात्मक निरँकुश शासन थोपरेर जनतामाथि ब्रह्मलुट मच्चायो । काँग्रेस तथा एमालेले त्यसको विरोधमा जनतन्त्रको नारालाई उराले । तर पछि उनीहरूले गरेको काम सारमा राजतन्त्रको भन्दा कुनै कारणले पनि भिन्न रहेन । काम सबैको एउटै रह्यो तर नाराहरू फरक रहे । हिजो जनतन्त्र र राष्ट्रिय स्वाधिनताको समस्यालाई नयाँ जनवादी क्रान्तिको विधीले एकै साथ समाधान गर्नु पर्छ भन्ने नेकपा (माओवादी) का नेता प्रचण्ड अहिले १८०० को फन्का मारेर साम्राज्यवादी संसदीय आहालमा चुर्लुम्म डुबेका छन् । उनी पनि अन्य वुर्जुवाहरू जस्तै नेपालमा जनतन्त्र आयो, अव देश आर्थिक क्रान्तिको दिशामा अगाडी जानु पर्छ र आर्थिक रूपमा सम्पन्न भए पछि देश स्वाधिन बन्छ भन्ने कुतर्क गर्न थालेका छन् ।

यतिबेला फेरि नेपालमा जनतन्त्र र राष्ट्रिय स्वाधिनताका बीचको बहस सतहमा आएको छ । नयाँ शक्ति लगायत मधेशवादी दलहरू संघीयताको असली मसिहा बनेर उत्पीडित जाती तथा जनजातिहरू र मधेशी जनताको जनतन्त्रको पक्षमा उभिएको नाटक गरिरहेका छन् । सँघीयताको नाममा मधेशवादी नेताले चलाएको संविधान संशोधनको वर्तमान अभियान सारतः आफ्ना दलालहरूलाई मधेशको बागडोर सुम्पने र नेपाललाई सिक्किमीकरणको दिशामा लैजाने भारतीय विस्तारवादी योजनाको अँश हो । यो मधेशका भूमीहीन तथा गरीव किसान लगायत कुनै पनि उत्पीडित जाती तथा जनजातीहरूको पक्षमा छैन । यहाँ नेर गहिरो गरी बुझ्नु पर्ने कुरा के हो भने, मधेश होस वा पहाड अथवा हिमाल, सामन्ती चिन्तन भएका र साम्राज्यवाद तथा भारतीय विस्तारवादको आशिर्वादमा हुर्किएका संसदवादी दलाल नेताहरूको नेतृत्वमा बन्ने सँघीय संरचनाबाट कुनै पनि उत्पीडित वर्ग, जाति तथा भाषिक समुदायको मुक्ति संभव छैन । भारतीय विस्तारवादका दलाल र सामन्तहरू उत्पीडित मधेशी जनताका मूक्तिदाता हुन सक्दैनन् । यसलाई गहिरो गरी आत्मसात गर्नु पर्दछ ।

अर्कोतिर, एमालेका नेता ओलीले सँघीयताको नाराबाट भारतीय विस्तारवाद मधेश हुदै नेपालभित्र प्रवेश गरेको र त्यसलाई हतियार बनाएर नेपालको राष्ट्रिय स्वाधिनता खतरामा परेको छ भन्दै आएका छन् । यो भनाईले ईमान्दार देशभक्तहरूमा केही भ्रम समेत छरेको छ । तर यो रूप मात्र हो, यसको सार नितान्त भिन्न छ । पहिलो कुरा, एमालेको नेतृत्व पंक्ति र त्यसमा पनि ओली भारतीय विस्तारवादका भरपर्दा दलाल हुन् । महाकाली सन्धीको बेला ओलीको राष्ट्रघाती भूमिका सबैका सामु छर्लङ्ग छ । स्पष्ट छ, उनको नेतृत्वमा पार्टी र सरकार बने पछि पनि उनले भारतीय हस्तक्षेका विरुद्ध औपचारिक रूपमा आफ्नो मत कहिं कतै दर्ज गरेका छैनन् । उनी साँच्चिकै देशभक्त थिए भने सरकार र पार्टीको नेतृत्व गरेका बेला उनले नेपालमाथि भारतले थोपरेका असमान सन्धी संझौतालाई खारेज गरी नयाँ संझौताहरू गर्न थोरै भए पनि पहल गरेका हुन्थे । दोस्रो कुरा, उनले भारतीय विस्तारवादको होईन सँघीयताको विरोध गरेका छन्, उनी एकात्मक शासन प्रणालीको पक्षमा छन् र त्यो सामन्ती अन्धराष्ट्रवादको जगमा उभिएको छ । यो उनको असली सार हो । माओवादीलाई शान्ति प्रक्रियामा ल्याउनका लागि मात्र सँघीयता स्वीकारिएको थियो भन्ने एमाले नेतृत्वको भनाईले पनि उनी संघीयताका विरोधी हुन् भन्ने थप पुष्टि भएको छ ।

यसरी यो स्पष्ट हुन्छ कि नत कथित मधेशवादीहरूले उठाएको संघीयताको नाराबाट उत्पीडित वर्ग, जाती तथा भाषिक समुदायले वास्तविक जनतान्त्रिक अधिकार प्राप्त गर्न सक्छन् नत एमालेको नेतृत्वपंक्तिको अन्धराष्ट्रवादी दृष्टिकोणबाट नेपालको राष्ट्रिय स्वाधिनताको जग नै बलियो बन्न सक्छ । यी त हात्तीको देखाउने दाँत जस्ता मात्र हुन् । संबिधान संशोधन नेपाल माथि भारतीय हस्तक्षेपलाई सहज तुल्याउने र एमालेको राष्ट्रियताको नारा संघीयतालाई ध्वस्त पारेर अन्ततः नेपालमा एकात्मक निरंकुश संरचना निर्माणको आधार तयार पार्ने राजनीतिक भच्याङ्ग बाहेक अरु केही होईनन् । यसलाई अन्यथा बुझ्नु भनेको आफैलाई र राष्ट्रलाई धोका दिनु सरह हो ।

देशको परिस्थिति कता जाने हो अझै स्पष्ट भैसकेको छैन । एकातिर, संविधान संशोधन नगरी गरिने निर्वाचन भनेको युद्धको घोषणा हो भनेर मधेशवादी दलका नेताहरूले धम्की दिई राखेका छन् भने अर्कोतिर, उनीहरूले प्रचण्डको सरकारलाई दिएको समर्थन फिर्ता पनि लिएका छैनन् । तत्काल मधेशवादी दलका नेताहरूका बीचमा आपसी एकता कमजोर बन्दै गएको र मधेशी आन्दोलनमा जनताको समर्थन र सहभागिता पनि घटदै गएको स्थितिमा यो धम्कीको त्यति धेरै अर्थ रहने देखिदैन । तर, भारतीय शासकवर्गलाई मधेशी उत्पीडित जनता भडकाएर नेपाल माथिको विस्तारवादी स्वार्थ पुरागर्न सहज हुने हुनाले मधेशको रणनीतिक संबेदनशीलतालाई भने एउटा देशभक्त नेपालीले कहिल्यै पनि अवमूल्यन गर्न सक्दैन र हुंदैन । मधेशको आन्तरिक राष्ट्रियतालाई मजबुत बनाएर मात्र मधेशी जनता भारतीय विस्तारवादी हस्तक्षेपका विरुद्ध एउटा बलियो किल्ला बन्न सक्छन् । यो नेपाली राष्ट्रिय स्वाधिनताका लागि महत्वपूर्ण कुँजी हो ।

यतिबेला नेपालमा प्रतिक्रियावादीहरूका बीचको अन्तरविरोध निकै चर्केर गएको देखिन्छ । तर, ईतिहास सिद्ध तथ्य के हो भने नेपालका संसदीय पार्टीका प्रायः सबै नेताहरू भारतीय विस्तारवादी शासकका कठपुतली हुन् । यसलाई थुप्रै तथ्यहरूले पुष्टि गरेको छ । उनीहरू मध्ये कोही पनि अन्ततः भारतीय विस्तारवादका विरुद्ध खडाहुन संभव छैन । भोली कुनै दिन दिल्लीले डमरु बजाई दियो भने ती सबैको बाँदरे नाच काठमाण्डुको रङ्गशालामा प्रत्यक्ष देख्न सकिने स्थिति नआउला भन्न सकिन्न । अहिले गाँड कोराकोर गरेर झगडा गर्ने मधेशवादी लगायत सँसदीय पार्टीका नेताहरू भोली भारतीय विस्तारबादको मध्यस्थतामा एउटै थलोमा उभिन सक्छन् । सहमतिको नाटक गरेर नयाँ सम्झौता पनि हुन सक्छ । तर सत्य कुरा के हो भने, जतिसुकै राम्रा फूलबुट्टा भरे पनि भारतीय विस्तारवादको डिजाईनमा हुने नेपालका संसदीय पार्टीहरूका बीचको आपसी संझौता नेपाल र नेपाली जनताको हितमा हुने छैन ।

यतिबेला मूख्यतः मधेशवादी र एमालेका नेताहरूका बीचमा चलेको जुहारीको एउटा अत्यन्त नकारात्मक पक्ष के हो भने यसले मधेश र पहाडमा बस्ने उत्पीडित वर्ग, जाति तथा लिङ्गका जनताका बीचमा अत्यन्त गहिरो अविश्वास पैदा गराउने काम गरेको छ । पहाडिया जनताले मधेशका जनतालाई समेत भारतीय विस्तारवादका दलाल देख्ने र मधेशी जनताले पहाडका जनतालाई समेत औपनिवेशिक शासक ठान्ने जुन स्थिति नेपालमा बन्न थालेको छ यो निकै डरलाग्दो कुरा हो । यसले प्रत्यक्षतः भारतीय विस्तारवादको नेपाललाई सिक्किम बनाउने योजनालाई सहयोग गर्दछ । एमालेको सामन्ती अन्धराष्ट्रवादी डक्ट्रिन र मधेशवादीहरूको संघीयतावादी डक्ट्रिनले देशलाई त्यही दिशातिर डोऱ्याएको छ । यसको अन्तिम परिणाम राष्ट्रिय विखण्डन नै हो । यसमा सबै गंभीर हुनु जरुरी छ ।

माथि नै भनि सकिएको छ कि जनतन्त्र र राष्ट्रिय स्वाधिनता परस्पर अन्तर-संबन्धित छन् । ती मध्ये एउटालाई अर्कोबाट अलग गर्न सकिन्न । साम्राज्यवाद, भारतीय विस्तारवाद तथा प्रतिक्रियावादी एकात्मक सत्ता र स्थानीय सामन्त तथा दलालहरूबाट जसरी पहाडिया जनता उत्पीडित छन् मधेशी जनता माथिको उत्पीडनको स्रोत र प्रकृति पनि त्यही हो । यसरी मधेशी तथा पहाडिया जनता एकातिर र साम्राज्यवाद, विस्तारवाद तथा घरेलु प्रतिक्रियावादी सत्ता अर्को तिर रहेर नेपाली समाजको आधारभूत अन्तरविरोध बनेको छ । यसको समाधान मार्क्सवाद-लेनिनवाद-माओवादको वैचारिक निर्देशन, सर्बहारा वर्गको अग्रदस्ता कम्युनिस्ट पार्टीको नेतृत्व र उत्पीडित वर्ग, लिङ्ग, जाति तथा क्षेत्रका जनताको संयुक्त जनवादी अधिनायकत्वमा निर्माण हुने नयाँ जनवादी सत्ताबाट मात्र संभव छ ।

नेपाली समाजको यो एउटा तीतो यथार्थ हो कि पहाडिया शासकवर्गको उच्च जातीय अहँकारवादको प्रभाव स्वरूप पहाडका जनताले मधेशी जनतामाथि हेयको दृष्टिले हेर्ने एउटा सांस्कृतिक परंपरा नै बनेको छ र यसले पहाडिया र मधेशी जनताका बीचमा अन्तरविरोध पैदा गरेको छ । यसलाई जनताका दुश्मनले दुश्मनीपूर्ण अन्तरविरोध बनाउने र पहाडिया र मधेशी जनताका बीचमा द्वन्द्व निम्त्याउने प्रयत्न गरिराखेका छन् । यो मैत्रीपूर्ण अन्तरविरोध हो र क्रान्तिकारीहरूले यसलाई मैत्रीपूर्ण तरीकाले वैचारिक तथा सास्कृतिक रूपान्तरणको विधीबाट समाधान गर्नु पर्दछ ।

अन्तमा, देश यतिबेला खतरनाक मोडमा उभिएको छ । संसदवादी पार्टीहरूसंग यो संकटको सही समाधान छैन । मालेमावादले मात्र यसको समाधान दिन सक्दछ । माथि व्यक्त गरिएका दुई अतिवादी डक्ट्रिनहरूको भण्डाफोर गरेर र पहाड तथा मधेशका जनताका बीचमा एकता कायम गरेर मात्र नेपाली सार्बभौमिकताको रक्षा गर्न नयाँ जनवादी क्रान्तिको प्रक्रियालाई अगाडि बढाउन सकिन्छ । यति बेला, यही नै नेपाली क्रान्तिकारीहरको एक मात्र बाटो हो । फागुन २०, २०१७

## रिमप्रतिको...

थिएन, युरोपमा जे भइरहेको थियो, त्यो उनीहरूका लागि मेलखाने खालको थिएन । हुन त, अन्तर्राष्ट्रियका प्रमुख नेताहरूले यो भिन्नताप्रति ध्यान दिने गर्ने प्रयास गरेका हुन् । तर यथार्थमा जुन अवधारणा युरोपका लागि उपयुक्त थियो, त्यो चीन र भारतका लागि पनि सही नै हुनु जरुरी थिएन ।

उदाहरणका लागि सन् १९६३ मा रूससित सम्बन्ध विच्छेद गरेपछि चिनियाँ कम्युनिस्ट पार्टीले नयाँ अन्तर र्ष्ट्रिय स्थापनाका लागि पहल नगरेको उदाहरणलाई लिन सकिन्छ । अझै पनि 'क्रान्तिकारी मोडेल' र दुईपक्षीय सम्बन्ध मात्र अन्तर्राष्ट्रिय स्तरमा क्रान्तिकारीहरूलाई एकताबद्ध पार्न पुग्दो छैन ।

नयाँ अन्तर्राष्ट्रियका लागि समूहबद्ध पार्न सबैलाई मिल्ने केकस्तो सङ्गठनात्मक स्वरूप हुनसक्छ भन्ने कुरामा रिमले कहिल्यै पनि प्रस्ट खाका अगाडि सारेन । १९८४को घोषणामा यसले प्रश्न त उठायो :' विश्व पार्टीको धारणा र कोमिन्टर्नको अति-केन्द्रीकरणले ल्याएको परिणामको समीक्षा गरिनुपर्छ जसबाट उचित शिक्षा ग्रहण गर्न सकियोस् र साथसाथै पहिलो, दोस्रो र तेस्रो अन्तर र्ष्ट्रियका सकारात्मक उपलब्धिको पनि समीक्षा गर्न जरुरी छ । चिनियाँ कम्युनिस्ट पार्टीको कोमिन्टर्नप्रतिको नकारात्मकताप्रति आक्रोसपूर्ण प्रतिक्रियाको पनि आवश्यक समीक्षा गर्नु जरूरी छ, जसले अन्तर्राष्ट्रिय स्तरमा मार्क्सवादी-लेनिनवादीहरूको सङ्गठनात्मक एकता निर्माणका लागि आवश्यक भूमिका खेल्न अस्वीकार गऱ्यो ।'

एकताको सङ्गठनात्मक आधार वैचारिक तथा राजनीतिक पक्षमा भर पर्छ । त्यो आधार सिद्धान्त र व्यवहार दुवैमा सार्वभौमिकतामा आधारित हुनुपर्छ । रिमभित्र मार्क्सवाद-लेनिनवाद-माओवादलाई क्रान्तिको विज्ञान मान्ने कुरा स्थापित भइसकेको कुरा हो । समाजवादी चीनको अनुभवको सार खिच्ता माक्सवादी-लेनिनवादी आन्दोलनले सर्वहारा अधिनायकत्वअन्तर्गतको वर्गसङ्गर्सले निरन्तर आवश्यक रूपमा अनगिन्ती सांस्कृति क्रान्ति भएर गुज्रनुपर्दो रहेछ भन्ने शिक्षा दिन्छ ।

पेरू कम्युनिस्ट पार्टीले ठीकै भनेको छ : 'माओवादको आधारभूत पक्ष भनेको के हो ? माओवादमा सत्ता नै आधारभूत पक्ष हो । कम्युनिस्ट पार्टीले नेतृत्व गरेको सशस्त्र सेनामा आधारित सर्वहाराका लागि सत्ता, सर्वहाराको अधिनायकत्वका लागि सत्ता । अझ प्रस्टताका साथ भन्नुपर्दा, १) जनवादी क्रान्तिमा सर्वहाराको नेतृत्वअन्तर्गत सत्ता, २) समाजवादी तथा सांस्कृतिक क्रान्तिहरूमा सर्वहाराको अधिनायकतवका लागि सत्ता, ३) कम्युनिस्ट पार्टीद्वारा नेतृत्व गरिएको सशस्त्र सेनाद्वारा विजय प्राप्त गरेको तथा रक्षा गरिएको सत्ता ।' (मार्क्सवाद-लेनिनवाद-माओवादका सम्बन्धमा , पेरू कम्युनिस्ट पार्टीको पहिलो महाधिवेशन) ।

त्यसैबेला रिमको १९९३ को ' मार्क्सवाद-लेनिनवाद-माओवाद : जिन्दावाद !' ले भन्यो : 'लेनिनले भन्नुभयो, 'त्यो नै मार्क्सवादी हो, जो वर्गसङ्घर्षलाई सर्वहारा वर्गको अधिनायकत्वका रूपमा स्थापित गर्छ ।' माओ त्सेतुङले नेतृत्व गर्नुभएको चिनियाँ महान् सर्वहारा सांस्कृतिक क्रान्तिले अगाडि सारेको बहुमूल्य शिक्षाको प्रकाशले यो विभाजनलाई थप तीव्र पारेको छ । अब के कुरा प्रस्ट पार्न सकिन्छ भने त्यो नै मार्क्सवादी हो, जसले वर्गसङ्घर्षलाई सर्वहारा वर्गको अधिनायकत्वकसम्म लैजान्छ र जसले पार्टीभित्र बुर्जुवा वर्ग र विचारको उपस्थितिको वस्तुगत अवस्थालाई स्वीकार्छ र पार्टीमा सर्वहारा वर्गको अधिनायकत्वमा समाजवाद हुँदै साम्यवाद स्थापना नहोउन्जेलसम्म समग्र अवधिभरि निरन्तर वर्ग सङ्घर्ष चलिरहन्छ भँन्ने कुरा स्वीकार गर्छ । जस्तो माओले जोडदार रूपमा भन्नुभएको छ, 'यस प्रश्नप्रतिको प्रस्टताको अभावले संशोधनवादतर्फ प्रवृत्त गराउँछ ।''

क्रान्तिको विज्ञान हुनुको नाताले मार्क्सवाद-लेनिनवाद-माओवाद सार्वभौम छ भन्ने कुरामा हामी प्रस्ट छौँ । जनयुद्ध माओका अमर योगदानहरूकै एउटा महत्वपूर्ण अङ्ग भएको कारण यसको पनि सार्वभौम चरित्र छ । यसलाई गायब गरि नुअघि रिमले यसलाई आधिकारिक रूपमै स्वीकार गऱ्यो । आरसिपी, अमेरिकासमेतले पनि यसलाई स्वीकाऱ्यो–परन्तु कागजमा मात्र । यद्यपि, यसको व्यावहारिक प्रयोगका सम्बन्ँधमा निकै मतमतान्तरहरू थिए । कसैका भनाइमा कुनै पनि साम्राज्यवादी देशमा यसरी क्रान्ति हुन निकै गारो छ । यो माओको विचारको यान्त्रिक प्रयोग हो

हाम्रो विचारमा जनयुद्ध दीर्घकालीन मात्र हुन्छ । र अवश्य पनि यो खासदेशको विशिष्ट स्थितिमा लागू गर्ने गरिन्छ । आफ्नो देशको विशिष्ट स्थितिमा, आफ्नो भूमिमा जनयुद्धको तयारीको पहल गर्नु हरेक माओवादी पार्टीको जिम्मेवारी हो । जनयुद्धको तयारीको पहलमा क्रियाशील हुनु भनेको सबै पार्टीहरू सशस्त्र सङ्घर्ष आरम्भ गरिरहेका छन् भन्ने कुराको सुनिश्चित गर्नु हो । थाहा भएकै कुरा हो, संशोधनवादीहरू तथा ट्रट्स्कीवादीहरू, जो कानुनी दायरामा मात्र आफूलाई सीमित राख्छन्, उनीहरू पत्रिका बिक्री गर्ने अथवा ट्रेड युनियनका वैधानिक गतिविधिमा मात्र सीमित हुन्छन् र सुधारवादी पार्टीहरू कहिले पनि क्रान्तिका लागि शक्तिहरूलाई एकीकृत गरेर परिचालन गर्दैनन् । यदि कुनै पार्टी जुझारु जनकारबाहीमा सहभागी हुन्छ भने, यदि यसले आफूलाई नयाँ किसिमको क्रान्तिकारी गतिविधिमा आफूलाई होम्छ भने, यसले समकालीन सन्दर्भप्रतिको आलोचनामा मात्र आफूलाई सीमित नगरी खासरूपमै क्रान्तिप्रति आफूलाई समर्पित गराउँछ भने त्यसले अवश्य पनि शक्ति आर्जित गर्दछ ।

साझा रणनीतिक दृष्टिकोण जनयुद्ध प्रति प्रस्ट भएपछि नै नयाँ अन्तर्राष्ट्रिय सङ्गठन निर्माणका लागि एकताको अभिवृद्धि हुनसक्छ । हरेक देशमा जनयुद्ध कसरी अघि बढाउने भन्ने कुरामा मतभिन्नता हुनसक्छ । तर यस विषयमा एउटा न्यूनतम समझदारी बनाएर हामी सशस्त्र सङ्घर्षको तयारीमा लाग्नसक्छौँ, बुर्जुवा सत्ताको ध्वंश र नयाँ सत्ताको स्थापनासित जोडिएको यस किसिमको सङ्घर्ष अन्तर्राष्ट्रिय गोलबद्धताको आधार निर्माणका लागि जरुरी छ । कुरा के हो भने जनयुद्धलाई अघि बढाउन सबै पार्टीहरूको प्रतिबद्धताले उनीहरूबीच छलफलका लागि महत्वपूर्ण आधार सिर्जना गर्छ ।

सारमा, नयाँ अन्तर्राष्ट्रिय गोलबद्धतका लागि हाम्रो पार्टी तल उल्लेखित बुँदालाई एकताको आधार स्वीकार गर्नुपर्छ भन्ने ठान्दछ : १) क्रान्तिको विज्ञानका रूपमा मालेमा, २) समाजवादअन्तर्गत पनि वर्गसङ्घर्षको निरन्तरता, जसमा सांस्कूतिक क्रान्ति चलाउनुपर्ने आवश्यकता, र कुरामा मात्र होइन, व्यवहारमै दीर्घकालीन जनयुद्धको सार्वभौमिकताप्रति प्रतिबद्धता । कम्तीमा पनि सबै पार्टी तथा सङ्गठनहरू तेस्रो बुँदालाई खारेज नगरी खुला बहसमा आउनु आवश्यक छ ।

यसका साथै मालेमालाई अँगाल्ने तथा रक्षा गर्ने सन्दर्भमा मात्र नभएर यसलाई व्यवहारमा लागू गर्नका लागि पनि माओवादी पार्टी तथा सङ्गठनहरूलाई अन्तर्राष्ट्रिय केन्द्रको आवश्यकता छ । अभाकियनवादीहरूले मार्क्सवाद-लेनिनवाद-माओवादलाई ' नजरअन्दाज' गर्ने बहाना खोजेभन्दा भिन्न हामी मार्क्सवाद-लेनिनवाद-माओवादलाइ सिद्धान्तको विकासका क्रममा आएको छलाङका रूपमा लिएर वर्तमान सन्दर्भमा यसको सही व्याख्या र बुझाइका साथ विश्वक्रान्तिमा यसको महत्वलाई अलिकति पनि कम नगरेर प्रचारप्रसार गरिरहेका छौँ । हामीले अहिलेको साम्राज्यवादी विश्वव्यवस्थाको राजनीतिक अर्थशास्त्र, अन्तर्राष्ट्रिय तहमा यसको वर्तमान अन्तर्विरोध, आन्तरिक अन्तर्विरोध र खास मुलुक अथवा क्षेत्र र अन्तर्राष्ट्रिय तहको अन्तर्विरोधबीचको सम्बन्ध, ' उँदाउँदो अर्थतन्त्र' का नाममा बढ्दो रूपमा पुजीवादको विकास भएका मुलुकहरू उदाहरणका रूपमा भारत र ब्राजिल र यसको विश्वक्रान्तिमा परेको प्रभाव, विज्ञान र प्रविधिको विकासले उत्पन्न गरेका चुनौतीहरू र विश्वका विभिन्न मुलुकहरूमाथि भइरहेका साम्राज्यवादी आक्रमणका अनुभवहरू आदिको पनि हामी क्रान्तिकारीहरूले गहन विश्लेषण गर्दै साझा समझदारी बनाउनु आवश्यक छ । यी सैद्धान्तिक विकाससित सम्बद्ध पक्षहरू हुन्, जसले हाम्रो आन्दोलनलाई फड्को मार्न सहयोग पुऱ्याउँछन् ।

सँगसँगै अहिले चलिरहेको जनयुद्धलाई समर्थन गर्ने भन्ने कुरा कुनै क्रान्तिकारी पार्टी तथा क्षेत्रीय तथा अन्तर र्ष्ट्रिय गोलबद्धताका लागि महत्वपूर्ण छ । गोन्जालोको जीनवरक्षा तथा नेपालमा चलिरहेको जनयुद्धको निर्माण र विकासमा प्रचारअभियानको अहम् महत्वरहेको कुरा हामीले माथि नै उल्लेख गरिसकेका छौँ । फ्रान्समा मे १९६८ भएको जनआन्दोलनले भियतनामी जनताको पक्षमा महत्वपूर्ण भूमिका खेलेको थियो, जुन थोरै समयका लागि भए पनि फ्रान्समा व्यापक मात्रामा विस्तारित भएको थियो ।

सही अर्थको अन्तर्राष्ट्रिय एकताबद्धता निर्माण गर्ने कुनै पनि प्रयासका लागि जनयुद्ध चलाइरहेका तथा साँच्चै नै चलाउनका लागि तत्परता देखाइरहेकाहरूका लागि केही विशेष भूमिका छुट्याउनै पर्ने हुन्छ । अन्तर्राष्ट्रिय केन्द्र निर्माणका क्रममा कागजमा मात्रै आफूलाई सीमित पार्नेहरूभन्दा फिलिपिन्स कम्युनिस्ट पार्टी र भारतीय कम्युनिस्ट पार्टी (माओवादी) का कामकारबाहीहरू अन्तर्राष्ट्रिय केन्द्र निर्माणमा निकै महत्वका छन् । जहाँसम्म हाम्रो कुरा छ, विश्वक्रान्तिको एउटा हिस्साका रूपमा क्यानडामा क्रान्तिकारी आन्दोलन अघि बढाउन हामी दृढतापूर्वक प्रतिबद्ध छौँ र विश्वका माओवादी शक्तिहरूलाई गोलबद्ध पार्ने काममा हाम्रो भूमिकाप्रति हामी सचेत छौं ।

●अनु. डा.ऋषिराज बराल

## स्थानीय...

गरेको स्थानीय तह पुर्नसंरचना आयोगले बढीमा ७ सय ४४ स्थानीय तह बनाउन सकिनेगरी प्रतिवेदन बुझाएको थियो । पाण्डे नेतृत्वको कार्यदलले सोही अनुसार स्थानीय तहको संख्या बढाउने गृहकार्य गरिरहेको हो ।

पौडेल आयोगले ७ सय १९ स्थानीय तह सिफारिस गरेको थियो । आयोगले बुझाएको प्रतिवेदनका विषयलाई लिएर मधेसकेन्द्रित दलहरूले असन्तुष्टि जनाएपछि त्यसको अध्ययन गर्न भन्दै सरकारले पाण्डे नेतृत्वको कार्यदल बनाएको थियो ।

कार्यदलले प्रदेश नम्बर २ मा केही संख्या बढाउन सुझाव दिएपछि त्यसको गृहकार्य गर्ने जिम्मा पनि मन्त्रीहरूकै कार्यदलले पाएको थियो । दुई नम्बर प्रदेशमा स्थानीय तहको संख्या निर्धारणबारे कुनै छलफल समेत हुन सकेको थिएन । शुक्रबारकै प्रतिवेदन अनुसार १७ स्थानीय तह थप भएमा तराईका ८ जिल्लामा मात्रै १२३ स्थानीय तह पुग्ने छन् । अब थप गरिएका ४ स्थानीय तह कुन कुन जिल्लामा थप हुने हुन् भन्ने स्पष्ट भइसकेको छैन ।

पहाडका जिल्लामा भने यसअघि मनाङ र बझाङमा स्थानीय तहको संख्या थप गरिएको छ । योसँगै मना गरिएको छ । योसँगै मनाङमा ४ र बझाङमा स्थानीय तहको संख्या ९ पुगेको छ । सरकारले एकतर्फी रूपमा बढाएको स्थानीय तहको संख्याबारे संसदवादी दलभन्दा बाहिर रहेका नेकपा (क्रान्तिकारी माओवादी) लगायतका दलले भने स्वीकार गरेका छैनन् ।

## देशैभर...

छ । जिल्लाको उडरापुर गाबिस अन्तर्गत सिमलघारीमा सम्पन्न कार्यक्रममा प्रमुख अतिथ्यता पार्टी सचिवालय सदस्य तथा थारुवान इन्चार्ज हर्कबहादुर शाहीले गरेका थिए भने अध्यक्षता जिल्ला इन्चार्ज भूपेन्द्र न्यौपानेले गरेका थिए ।

त्यसैगरी अन्य राज्य र जिल्लाहरूमा पनि विभिन्न कार्यक्रम गरी सहिद सप्ताह मनाएको समाचार छ ।

## तमु...

नयाँ कार्यसमितिको बैठकले संगठन निर्माणलाई तीव्रता दिने, देशैभरि सभा, कोणसभा, भित्तेलेखन, अन्तरक्रियाहरू गर्ने, प्रतिगामी संविधान र त्यसमा गरिने संशोधनबाट उत्पीडित तमुहरूको मुक्ति नहुने भन्दै जनगणतन्त्रमा आधारित जनसंविधानले मात्र तमुहरूको अधिकारको ग्यारेण्टी गर्ने हुँदा तमु जातीय आन्दोलनलाई वर्गीय मुक्ति आन्दोलनसँग जोडेर लैजाने लगायत मोर्चाले निर्णय गरेको मोर्चाका अध्यक्ष गुरुङले बताए ।


आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

मितेरी यातायात एण्ड अटो प्रा.लि.

प्रधान कार्यालय : कलंकी, काठमाडौं
फोन नं. : ०१-४२७०७०४, ४२७६३८१
तेह्रथुम सम्पर्क : डिल्लराम रेग्मी (९८५२०६०२५४)
फोन नं. : ०२६-४६०२५४
कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

नारायणी यातायात व्यवसायी संघद्वारा संचालित

टाटा सुमो सेवा

काठमाडौंबाट- हेटौडा, वीरगंज, चपुर, निजगढ, रतनपुर
फोन नं. : ०१-५१८७२५६
बल्खु, काठमाडौं ।

स्वर्गद्वारी सार्वजनिक यातायात व्यवसायी समितिद्वारा सञ्चालित A/C हाइस सेवा

| | |
|---|---|
| काठमाडौं-खलंगा | बिहान ६:०० बजे |
| काठमाडौं- भिंगु किमीचौर | बिहान ६:३० बजे |
| भिंगु किमीचौर-काठमाडौं | बिहान ६:३० बजे |
| खलंगा-काठमाडौं | बिहान ५:०० बजे |
| खलंगा-नेपालगञ्ज | बिहान ८:३० बजे |
| नेपालगञ्ज-खलंगा | बिहान ९:०० बजे |

सम्पर्क नम्बर
काठमाडौं - ९८६६८३३३९९
खलंगा - ९८५१२४९९४८
किमीचौर - ९८५१२४९९४८

आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

धौलागिरी अञ्चल बस व्यवसायी सञ्चालक समिति

सम्पर्क
कृष्ण सुवेदी - ९८५१०१८९१२
राम के.सी. - ९८५१०५४२६४
होम छन्त्याल - ९८४१९०६५७२
गोपाल थापा : ९८४१८११२२४

माइक्रो काउन्टर

| काठमाडौं फोन | बाग्लुङ |
|---|---|
| ०१४३८८३९३ | ०६८५२२२२० |

काठमाडौंबाट : पोखरा, बाग्लुङ, बेनी, बुर्तिबाङ, दरबाङ, मुक्तिनाथ
बाग्लुङबाट : पोखरा, काठमाडौं बुर्तिवाङ, दरबाङ, बेनी, मुक्तिनाथ

A/C, Tourist Bus, Delux Bus, A/C Micro SCORPIO, Zeep, TATA SUMO सेवा

# आलोपालो

## महिनामा २ कप चिया कम पिऔं, ४ अंक पत्रिका किनेर पढौं !

◆ रामसिंह श्रीस



क्रान्तिको लागि पार्टीलाई अखबारको महत्व कति छ भन्ने कुरा लेनिनले 'केबाट शुरु गर्ने' भन्ने आफ्नो प्रसिद्ध रचनामा प्रष्ट पार्नु भएको छ। यो रचना लेनिनले सन् १९०१ मा लेख्नुभएको थियो र 'इस्क्रा' अंक ४ मा प्रकाशित भएको थियो। यो रचनामा लेनिनले एउटा राजनीतिक पार्टीको लागि पत्रिका किन आवश्यक छ र पत्रिकाद्वारा के कस्ता कामहरू गर्न सकिन्छ भन्ने कुरा प्रष्ट पार्नुको साथै यससँग सम्बन्धित कयौं सैद्धान्तिक प्रश्नको उत्तर दिनु भएको छ। लेनिन भन्नुहुन्छ, "हाम्रो विचारमा कार्यको सुरुवात, वाञ्छित संगठनको सृजनातिर पहिलो व्यवहारिक पाइला, अन्त्यमा मूल धागो जसलाई समातेर हामी यस संगठनको उत्तरोत्तर वृद्धि गर्न, गहिर्‍याउन र फैलाउन सक्छौं- अखिल रुसी राजनीतिक अखबार नै हुनु पर्दछ। हामीलाई सबभन्दा पहिले अखबार चाहिएको छ। अखबारविना सैद्धान्तिक रूपले अनुकूल र चौतर्फी प्रचार प्रसारको त्यो क्रमबद्ध काम चल्न असम्भव छ।" (भ्ला. इ लेनिन संकलित रचना भाग- १, अनुवादक, राजेन्द्र मास्के पृ. ४७)

लेनिनले यहाँ क्रान्तिको लागि अखबार निकाल्ने कामलाई कामको सुरुवात हो, 'पहिलो व्यवहारिक पाइला' भन्नु भएको छ। पहिलो पाइला मात्र होइन 'अन्त्यमा मूलधागो' पनि भन्नुभएको छ, जसलाई समातेर संगठनको उत्तरोत्तर बृद्धि गर्न, गहिर्‍याउन र फैलाउन सक्छौ' भन्नुभएको छ। उहाँले अखबारविना सैद्धान्तिक रूपले अनुकुल र चौतर्फि प्रचारप्रसारको त्यो क्रमवद्ध कामहरूलाई असम्भव बताउनुभएको छ। लेनिनले क्रान्तिकारी पार्टी निर्माण र क्रान्तिकारी कार्यलाई अगाडि बढाउने कुरामा कमिकमाजोरीहरू उल्लेख गर्दै कमीकमजारीलाई हटाउन पनि अखबारको आवश्यकता छ भन्ने कुरामा जोड दिंदै भन्नुभएको छ, "यस कमीलाई हटाउन, केही स्थानीय गतिविधिहरूलाई एउटै अखिल रुसी अभियानमा बदल्न अखिल रुसी अखबारको सिर्जना हुनु नै हाम्रो पहिलो कदम हुनु पर्दछ। अन्त्यमा, हामीलाई राजनीतिक अखबार आवश्यक छ। राजनैतिक मुखपत्रविना आधुनिक युरोपमा कुनै पनि आन्दोलनलाई राजनैतिक भन्नु निरर्थक छ।"- (उहि पृष्ठ ४८) अखबारको महत्वबारे प्रकाश पार्दै लेनिन अझ अगाडि भन्नुहुन्छ, "अखबार सामुहिक प्रचारक र सामुहिक वक्ता मात्र होइन, साथसाथै सामुहिक संगठनकर्ता पनि हो।"- उही पृष्ठ ४९

माथि उल्लेखित लेनिनका लामा उदारणहरूबाट राजनीतिक अखबारको कति महत्व छ भन्ने कुरा स्वतः स्पष्ट छ। आज फूट, विभाजन र विभिन्न खाले अबसरवादी प्रबृत्तिले गर्दा नेपालको कम्युनिष्ट आन्दोलन छिन्नभिन्न र कमजोर भएको अवस्था छ। नेपालको कम्युनिष्ट आन्दोलनलाई पुनः क्रान्तिकारी दिशाबाट पुनगर्ठित गर्नुपर्ने आवश्यकता छ। यो अवस्थाको विश्लेषण गर्दै नेकपा (क्रान्तिकारी माओवादी)को राष्ट्रिय भेलाद्वारा पारित प्रतिवेदनमा भनिएको छ, "यो बेला हामी मार्क्सवाद-लेनिनवाद-माओवादको पथप्रदर्शनमा नेपालमा नयाँ जनवादी क्रान्ति सम्पन्न गरी समाजवाद र साम्यवादको दिशामा अगाडि बढ्न र सबैखाले प्रतिक्रियावादी तथा दक्षिणपन्थी संशोधनवादी हावाहुरी एवम् षड्यन्त्रको समना गर्दै इतिहासले सुम्पेको क्रान्तिकारी मिसनलाई पुरा गर्नको लागि अत्यन्तै कडा र दृढ बनेर प्रस्तुत हुन जरुरी छ।" (राजनीतिक प्रतिवेदन तथा विधान पृ. १०)

यो विषयलाई अझ प्रष्ट पार्दै राजनीतिक प्रतिवेदनको पार्टी र क्रान्तिको कामको रूपरेखामा भनिएको छ, "(क) मार्क्सवाद-लेनिनवाद-माओवादको प्रचारप्रसार र नयाँ जनवादी क्रान्तिको तयारीमा लाग्नु पर्दछ, (ख) साम्राज्यवाद तथा विस्तारवाद, दलाल तथा नोकरशाही पूँजीपति एवं सामन्तवर्गीय वर्तमान प्रतिक्रियावादी राज्यसत्तामा संसदीय व्यवस्थाको विरोध एवम् भण्डाफोर गर्नुपर्दछ, (ग) सबैखाले संशोधनवाद र दक्षिणपन्थी नवसंशोधनवादको विरोध तथा भण्डाफोर गर्नुपर्दछ।" (उही पृ. ३१)

राष्ट्रिय भेलाले पारित गरेको उपरोक्त कार्यहरूलाई सम्पन्न गर्नको लागि लेनिनले भनेझैं पहिलो र व्यवहारिक कार्य भनेको राजनीति पत्रिका प्रकाशन गर्नु नै हो। त्यहि आवश्यकतालाई महशुस गरि पार्टीले अहिले आन्तरिक र बाह्य प्रकाशनलाई विषेश जोड दिएको छ। पार्टी केन्द्रले यसकोर आवश्यकता महत्व बुझेर यसलाई प्राथामिकतामा राखे पनि आम पार्टी पंक्तिमा यसको महत्वबारे प्रष्ट हुन सकेको छैन। त्यसको परिणामतः पत्रिकाको (आन्तरिक र बाह्य) बिक्रि वितरणमा समस्याहरू देखापरिरहेका छन्। ती समस्याहरू यसप्रकार छन् :

१. पत्रिकाको अध्ययन गर्न रुची नराख्ने, ग्राहक नबन्ने र नबनाउने।
२. पत्रिकाको विक्रिवितरणमा विशेष ध्यान नदिने।
३. पत्रिकाको लागि विज्ञापन/आर्थिक संकलनमा ध्यान नदिने आदि।

पुँजीवादी पार्टीहरूको लागि स्वयम् पार्टीपंक्तिबाट नै पत्रिका संचालन गर्न त्यति जरुरी छैन। किनभने उनीहरूको वैचारिक राजनीतिक आधार तयार पार्न र उनीहरूको कामको प्रचार प्रसार गर्न पुँजीपतिहरूको पत्रिकाले काम गर्दछ। करोडौं रुपियाँ लगानी गरेर पुँजीपतिहरूले उद्योगकै रूपमा त्यसलाई संचालन गरिरहेका हुन्छन्। तर सर्वहारा वर्गको पार्टी जसले पूँजीपति र सामन्तवर्गको राज्यसत्ता ध्वस्त गरेर जनवादी राज्य सत्ता कायम गर्ने उद्देश्य लिएको छ, त्यसले संचालन गरेको पत्रिकालाई सबै शोषक वर्गले निमिट्यान्न पार्न प्रयत्न गर्दछन्। त्यसकारण एउटा क्रान्तिकारी मिसन बोकेको पत्रिकालाई क्रान्तिकारीहरू र आमशोषित पीडित जनताको सहयोगले मात्र बचाउन सकिन्छ। त्यसकारण, क्रान्तिकारी मिसन बोकेको पत्रिकालाई बचाउन र विस्तार गर्न क्रान्तिकारी पार्टीको सिंगो पार्टीपंक्ति लाग्नु पर्दछ। पार्टी पत्रिकालाई कसरी संचालन गर्ने भन्ने सन्दर्भमा लेनिनले प्रष्ट रूपारेखा दिनुभएको छ। उहाँले भन्नुभएको छ, "कम्युनिष्ट पार्टीमा सदस्य हुन स्वभाविक रूपले कम्युनिष्ट विचार र विश्वासमाथि दृढताका साथै पहिलो उम्मेदवारको रूपमा र पछि सदस्यहरूका रूपमा औपचारिक सदस्य बन्नु, स्थापित शुल्क नियमित रूपमा तिर्नु, पार्टी पत्रिकाको ग्राहक बन्नु, आदि आवश्यक हुन्छन्।"-मार्क्सवादी-लेनिनवादी-माओवादी संगठनामात्मक सैद्धान्तिक रचाना प्रकाशन- पृ. २१

लेनिनको यो भनाईले पार्टी पत्रिकाको ग्राहक बन्नुपर्ने कुरा पार्टी सदस्य बन्नको लागि शर्त बन्न पुग्दछ। यसको अर्थ यो हुन्छ कि पार्टी सदस्यहरू पार्टी पत्रिकाको ग्राहक अनिवार्य बन्नु पर्दछ। लेनिन अझ अगाडी भन्नुहुन्छ, "एकजना कम्युनिष्ट आफ्नो अखबारसंग घनिष्टभन्दा घनिष्ट सम्बन्ध राख्नु पर्दछ, किनभने उसले यसको निम्ति काम र त्याग गर्नु पर्दछ। अखबार उसको त्यस्तो दैनिक हतियार हो, जसलाई उपभोगको निम्ति तम्तयार राख्न दिनै पिच्छे दरिलो र धारिलो बनाइरहनु पर्दछ। कम्युनिष्ट अखबारको अस्तित्वको लागि अतिविशाल भौतिक र आर्थिक वलिदानको आवश्यक्ता निरन्तर रहिरहने छ। जबसम्म कम्युनिष्ट आन्दोलनको स्वयम् बलियो आधार बन्ने गरि यो पुग्ने छैन, त्यतिखेरसम्म यसको बाह्य र आन्तरिक सुधारका साधनहरू आम पार्टी सदस्यहरूबाट नै निरन्तर आपुर्ति हुनु पर्दछ।" (उही पृ. ३९)

लेनिनका यी भनाईहरूले के कुरामा जोड दिन्छ भने जबसम्म पार्टी अखबारको आफ्नै बलियो आधार बन्दैन, तबसम्म आम पार्टी सदस्यहरूबाट नै त्यसलाई जोगाउनु पर्दछ।

अहिले हाम्रो पार्टीले पनि प्रारम्भिक अवस्थाबाट पार्टीको पत्रिकाहरू प्रकाशन गरिरहेको छ। यसलाई बचाउन र विकास गराउन आम पार्टीपंक्ति लाग्नु पर्दछ। अहिले बजारमा एक कप चियाको मुल्य रु १५ देखि ४०/५० सम्म पर्दछ। सरदरमा १ कप चियाको मूल्य २० रूपैयाँ पर्दछ। एक महिनामा दुई कप चिया कटौती गर्दा रु ४०।- बचत हुन्छ र ४० मा एक महिनाको साप्ताहिक पत्रिका पढ्न सकिन्छ। किनभने साप्ताहिक पत्रिकाको मूल्य रु. १० रूपैयाँ छ। एक महिनामा ४ अंक प्रकाशित हुन्छ। त्यसकारण पत्रिकालाई बचाउन एक महिनामा दुई कप चिया कम पिऔं र ४ अंक पत्रिका किनेर पढौ !

## जनयुद्धकालीन...

अघि बढाइने बताएका हुन्।

सोही क्रममा नेकपा (क्रान्तिकारी माओवादी) का अध्यक्ष मोहन वैद्य 'किरण' ले जनयुद्धकालीन मुद्दाहरूलाई विनासर्त फिर्ता लिनुपर्ने बताए। उनले जनयुद्धकालीन मुद्दामा पुरानै कानुनअनुसार फैसला गर्नु अन्याय भएको भन्दै त्यसका विरुद्ध कडा संघर्षमा समेत जानसक्ने चेतावनी दिए।

उनले आफूहरू जनयुद्धमा पराजित भएर नभई सहमतिका आधारमा शान्ति प्रक्रियामा आएको उल्लेख गर्दै जनयुद्धकालीन मुद्दालाई उल्टाउने कोशिस भए आफूहरूले पनि जनअदालतका मुद्दाहरूलाई ब्युँताएर कारबाही गर्ने उल्लेख गरे।

यस्तै नयाँ शक्ति पार्टीका संयोजक डा.बाबुराम भट्टराईले द्वन्द्वकालीन मुद्दाको जिम्मा आफूले पनि लिने उल्लेख गरे। उनले एकलौटी रूपमा माओवादी पार्टीका कार्यकर्ताहरूलाई चलाएको मुद्दाको विरोध गरे।

अदालत पीडित संघले जनयुद्धका मुख्य पहलकर्ता नेताहरूलाई बेग्लाबेग्लै समेत भेटेर ध्यानाकर्षणपत्र बुझाउँदै जनयुद्धको नेतृत्व गर्ने नेता सरकारको प्रमुखको कुर्सीमा रहेको तर देशमा गणतन्त्र, संघीयता, धर्म निरपेक्षता, समानुपतिक, समावेशितासहितका मुद्दालाई स्थापित गराउने कार्यकर्ता जनयुद्धकालीन झुठ्ठा मुद्दामा जेल जानुपर्ने अवस्था आउनु दुःखद भएको भन्दै ध्यानाकर्षण गराएका हुन्। ओखलढुंगाका बालकृष्ण ढुंगेल, पुस्कर गौतमलगायतलाई मुद्दा चलाएर त्यसको सुरुआत गरिएको तथा पछिल्लो समयमा २४ जना नेता कार्यकर्तालाई षड्यन्त्रपूर्ण रूपमा फसाउन खोजेको ध्यानाकर्षण पत्रमा उल्लेख छ। 'पछिलो अध्ययनअनुसार प्रतिक्रियावादी अदालतमा करिव ४० हजार माओवादीलाई मुद्दा लगाईएको छ। ती सबैलाई जेलमा कोच्ने र प्रतिक्रियावादी करणको यात्रालाई सुनिश्चित हुन आएको छ। यस खाले मुद्दाहरूको श्रृंखलाले माओवादीलाई तह लगााउने प्रयत्न भएकै छ,' ध्यानाकर्षण पत्रमा भनिएको छ।

चारवटै पार्टीका नेताहरूलाई बुझाइएको एउटै व्यहोराको ध्यानाकर्षण पत्रमा भनिएको छ, 'उनीहरू २०६३ मंसिर ५ गते नेपाल सरकारका तात्कालीन प्रधानमन्त्री स्वर्गीय गिरिजा प्रसाद कोइराला र तत्कालीन नेकपा (माओवादी) का अध्यक्ष प्रचण्डबीच सम्पन्न विस्तृत शान्ति संझौतालाई रद्दीको टोकारीमा मिल्काउन खोजिदै छ।'

संघले देशभर झुठा मुद्दा लागेका करिब ४० हजार माओवादी कार्यकर्तालाई जेल हाल्ने र विगतमा जनयुद्ध दबाउन शक्तिको दुरूपयोग गर्ने पक्षलाई शान्तपूर्वक सत्ताको उपयोग गर्ने अवसर दिन किमार्थ तयार नभएको उल्लेख गरेको छ।

आफूहरू शान्तिपूर्ण रूपमा निकास खोज्नका लागि तयार रहेको उल्लेख गर्दै संघका अध्यक्ष बाबुराम गौमतले शान्तिपूर्ण रूपमा समस्याको समाधान नभए कडा संघर्षका कार्यक्रम ल्याउन बाध्य हुने उनले चेतावनी दिएका छन्। उनले मुद्दा फिर्ताका लागि आफूहरूले सरकारलाई दबाब दिने र त्यसबाट निकास ननिस्किए माओवादी पार्टीकै नेताहरूविरुद्ध पनि संघर्ष गर्ने बताए।

'०५२ फागुन १ देखि ०६३ मंसिर ५ सम्मका द्वन्द्वकालीन राजनीतिक मुद्दाहरूलाई एउटै निर्णयमार्फत् फिर्ता लिइयोस्, ध्यानाकर्षणपत्रमा भनिएको छ, 'द्वन्द्वकालीन मुद्दामा पीडित बनाइएका दुवै पक्ष (सत्ता र विद्रोही) लाई राहातको व्यवस्था गरियोस् र समाजमा शान्तिको वातावरण कायम गरियोस्। द्वन्द्वका सबै राजनीतिक घटनालाई व्यक्ति हत्याको रूपमा होइन, दुईटा सत्ताबीचको लडाईंको रूपमा लिई तदनुसार समाधन दिइयोस्। अन्यथा 'मरता तो क्या नही करता'को हिन्दी उखान चरितार्थ हुने नै छ।'

सरकारले २७ माघ २०७१ मा सत्य निरूपण आयोग गठन गरिएपनि अहिलेसम्म त्यसले मुद्दा संकलन गर्नुबाहेक अन्य काम गर्न सकेको छैन। सशस्त्र जनयुद्धका बेलाका गैरन्यायिक हत्या, अपहरण, वेपत्ता तथा यातना लगायतका घटनाको सत्यतथ्य छानविन गरी पीडित व्यक्तिलाई परिचयपत्रसहितको व्यवस्था गर्नका लागि आयोग गठन भएको थियो। १० वर्षे युद्धका बेला भएका अपराधको छानविन गरी पीडकलाई कानुनी दायरामा ल्याउने उद्देश्यले 'बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१' २८ बैशाख २०७१ मा जारी भएको थियो। आयोगको दुई वर्षको कार्यावधिमा ५८ हजार उजुरी संकलन गर्नुबाहेक कुनै ठोस उपलब्धि हासिल गर्न सकेको छैन।

# आरआर क्याम्पसमा ५ वटा संगठनको संयुक्त प्यानल

काठमाडौं। फाल्गुन २३ मा गर्ने भनिएको स्ववियू निर्वाचनका लागि रत्न राज्यलक्ष्मी (आरआर) क्याम्पसमा ५ वटा संगठनले संयुक्त प्यानल दर्ता गराएका छन्। अखिल (क्रान्तिकारी) मोहन वैद्य, अखिल (क्रान्तिकारी) विप्लव, नयाँ शक्ति, संघीय समाजवादी फोरम नेपाल, अखिल छैठौंको संयुक्त विध्यार्थी प्यानलको नाममा उमेदवारी दर्ता गरिएको छ।

संयुक्त प्यानलमा अरविन्द्र भट्टराई (नयाँ शक्ति)का अध्यक्षको उमेदवार छन् भने विपिन अधिकारी (अखिल (क्रान्तिकारी) मोहन वैद्यले सचिव पदमा उम्मेदवारी दिएका छन्। संजीव लिम्बू(संघीय समाजवादी फोरम नेपाल) कोषाध्यक्षको उम्मेदवार बनेका छन् भने अरु संगठनहरूले सदस्यको पदमा उम्मेदवारी दिएका छन्।

आरआर क्याम्पसमा अन्य विध्यार्थी संगठनहरू अनेरास्ववियू र अखिल (क्रान्तिकारी) प्रचण्डले छुट्टाछुट्टै प्यानल बनाएर चुनाव लड्ने तयारी गरेका छन्। क्याम्पसमा अध्ययनरत विध्यार्थीहरूका अनुसार पाँच संगठनको संयुक्त प्यानलमा रहेका उम्मेदवारहरू योग्य, अनुभवी र क्रियाशिल रहेकोले पनि विध्यार्थीहरूको रोजाइमा संयुक्त प्यानल रहेको छ।


## घर टहरा तथा अन्य संरचना हटाउने बारेमा सार्वजनिक सूचना

यस आयोजनाअन्तर्गत कि.मि. ००० बुद्धचोक, हेटौंडा-चुच्चे खोला-गौरीगाउँ, नुनडाँडा, शिखरकटेरी-जितपुर-सिमात-ठिगतबजार-बगुवा-कालचेभिर-छपेली-नयाँवस्ती-तीनपाते हुँदै कि.मि. ७९००० टीकाभैरवसम्मको सडक खण्डमा सडक विस्तार तथा सुधारको लागि ठेक्कापटाच भई सडक चौडा तथा सुधार गर्ने कार्यहरू भैरहेकोले उक्त सडकको सडक सीमा सडक केन्द्र रेखाबाट दायाँ-बायाँ दुवैतर्फ १५, १५ मिटर रहेकोले सो सीमाभित्र परेका घर र टहरा तथा अन्य संरचना अविलम्ब हटाई सडक निर्माण कार्यमा सहयोग पुर्‍याई दिनु हुन तथा उक्त स्थानमा कुनै किसिमका नयाँ निर्माण नगर्न नगराउन हुन सबै सर्वसाधारणमा कान्ति लोकपथ सडक आयोजना हार्दिक अपिल गर्दछ। उक्त संरचनाहरूसँग सम्बन्धित सरोकार वालाहरूबाट संरचना समयमै हटाउन अटेर वा बेवास्ता गरिएमा सार्वजनिक सडक ऐन २०३१ अनुसार यस योजनाबाटै हटाइने र उक्त कार्य गर्दा हुन सक्ने सम्पूर्ण असरहरूको जिम्मेवारी सरोकारवालाहरू स्वयंले लिनुपर्ने तथा उक्त कार्य गर्दा लागेको खर्चसमेत सम्बन्धित सरोकारवालाहरूबाट नै असुल उपर गर्न सकिने समेतको व्यहोरा यसै सूचनाबाट जानकारी गराई।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग, मध्यमाञ्चल क्षेत्रीय सडक निर्देशनालय
कान्ति लोकपथ सडक आयोजना
कुपण्डोल, ललितपुर



नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
पालुङटार नगरपालिका, गोरखा

## जन्म मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौं

**व्यक्तिगत घटना दर्ता कहाँ गर्ने ?**

जन्म मृत्यु, विवाह, वसाई सराई र सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटनाहरू घटेको ३५ दिनभित्र आफू बस्ने गाउँ विकास समितिका स्थानीय पञ्जिकाधिकारी (सचिव) वा नगरपालिकाको स्थानीय पञ्जिकाधिकारी कहाँ गई दर्ता गराउनु पर्दछ।

**व्यक्तिगत घटना दर्ता कसले गर्ने ?**

- जन्म तथा मृत्युको घटना परिवारको मुख्य व्यक्तिले।
- विवाहको घटना पति पत्नी दुवैले।
- बसाइँ सराईको घटना परिवार भए परिवारको मुख्य व्यक्तिले र व्यक्ति भए बसाइँसराई गरी जाने व्यक्तिले।

**कसरी गर्ने ?**

गाउँ विकास समिति वा नगरपालिकामा निशुल्क पाइने फारम भरी घटना भएको मितिले ३५ दिन भित्र घटना दर्ता गर्नु पर्दछ।



नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
नारायणी नगरपालिका कार्यालयको

## सूचना ! सूचना ! ! सूचना ! ! !


नारायण नगरवासीहरूमा नारायणी नगरपालिकाको हार्दिक अनुरोध ! यस नगरपालिका क्षेत्रभित्र हुने कार्यक्रम तथा योजनाहरूमा न्युनतम पनि तपसिलअनुसारको परिधिभित्र रही वातावरणमैत्री कार्यक्रम गरिदिनु हुन अनुरोध छ।


**तपसिल**

१) कार्यक्रमहरूमा सम्मान या बधाई दिने क्रममा खादाको प्रयोग नगरी वातावरणमैत्री पुष्पगुच्छा वा मालाको प्रयोग गर्ने,
२) चिया खाने गिलास प्लास्टिकको प्रयोग नगर्ने, त्यसको विकल्पमा स्टिल, सिसा वा कागजको गिलास प्रयोग गर्ने,
३) कार्यक्रम स्थलमा फोहोरको वर्गीकरण हुने गरी कुहिन र नकुहिने फोहोरको लागि प्रष्ट देखिने गरी डस्टबिनको व्यवस्था गर्ने,
४) कार्यालय परिसरमा प्लास्टिकको झोला निषेध गर्ने,
५) फ्लेक्स प्रिन्ट गरिएको ब्यानरलाई निरुत्साहित गर्ने,
६) प्लास्टिक मिसिएको ब्याचको विकल्पमा वातावरणमैत्री कागज वा हरियो पातबाट बनाइएको ब्याच प्रयोग गर्ने।



यहाँ स्कुल, कलेज, पार्टी सुज, क्यजुयल सुज, क्लोज सुज तथा सेना, प्रहरी तथा सेक्युरिटी गार्डको जुत्ताहरू होलसेल तथा खुद्रा मूल्यमा बिक्री गरिन्छ।





प्रबन्ध निर्देशक : केशर बहादुर प्रधान
मो.नं. ९८५११७७५५, ९८६०८५७३२१
मोडर्न सुज प्रा.लि.
टोखारोड, ग्राण्डी हस्पिटल नजिकै





**प्रकाशक** : रामसिंह बुढाथोकी, **प्रबन्ध निर्देशक** : बद्री बजगाईं, **सम्पादक** : इन्द्रबहादुर राउत, **सहसम्पादक** : केशरमणि कटुवाल, फोटोः जय दाहाल, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ०१-४७८५७६३/९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं।